परिच्छेद – १

# शोध परिचय

## १.१ परिचय :

संग्रहालय सामान्य मनोरञ्जनको मात्र केन्द्रस्थल नभई देशको ईतिहास, संस्कृति, कला, विविध समुदाय, राष्ट्रिय शिक्षाको प्रचार प्रसार, अध्ययन तथा अनुसन्धानको एउटा महान केन्द्र हो । राष्ट्रिय ईतिहासको गौरवमय वैज्ञानिकरण तथा विश्लेषणात्मक निर्माणमा संग्रहालयको प्रमुख भूमिका हुन्छ । यसले विभिन्न कालको राजनैतिक, सामाजिक, धार्मिक, कलात्मक एंव आर्थिक क्षेत्रमा महत्वपूर्ण योगदान गर्दछ । राष्ट्रिय गौरवका विभिन्न कुराहरुको संरक्षण, संवर्द्धन र स्थायी प्रचार प्रसारको लागि नै संग्रहालयको स्थापना गरिएको हुन्छ । (द्विवेदी, २०३२,पृ २८)

संग्रहालय जनशिक्षाको ठूलो साधन हो । यो ज्ञानको ठूलो श्रोत हो । यो अन्य शिक्षण संस्था जस्तै महान शिक्षण संस्था हो । संग्रहालय सभ्यता तथा संस्कृतिको केन्द्रविन्दु हुनाको साथ साथै हाम्रो राष्ट्रिय भावनाहरुको रोचक झलक प्रस्तुत गर्ने एक मात्र स्थायी साधन हो । अध्ययन र अन्वेषण यसको जीवन रक्त हो । (दाहाल र खतिवडा, २०६५,पृ ३३०)

संग्रहालयहरु कलात्मक, दुर्लभ र शिक्षाप्रद वस्तुहरु संग्रह गरिने स्थल हुन् । संग्रहालयहरुमा अनेक प्रकारका वस्तुहरु संग्रह गरिएका हुन्छन् । पुराना, दुर्लभ र कलात्मक देखि लिएर नयाँ नयाँ आविष्कारबाट निर्मित वस्तु पनि संग्रहालयमा नै राखिन्छ । कुन वस्तु संग्रहालयमा संग्रह गर्ने भन्ने विषय त्यस्तो विषयवस्तुको महत्वको आधारमा निर्क्यौल गरिन्छ ।

साधारण भाषामा भन्ने हो भने संग्रहालय कुनै पनि राष्ट्रको ऐतिहासिक सम्पन्नताको प्रतिक हो र संस्कृतिको आत्मा हो । व्यक्तिगत अभिरुचि अथवा संस्थागत उद्देश्यको आधारमा दुर्लभ, मूल्यवान र ऐतिहासिक, पुरातात्विक एवम् सांस्कृतिक दृष्टिकोणले महत्व राख्ने, विगत मानव समुदायद्धारा निर्मित कला, वास्तुकला उपकरण तथा प्रविधिहरुको संकलन, संग्रह र संरक्षण गरी पूर्णतया वैज्ञानिक र व्यवस्थित ढंगले प्रदर्शन गरिने भवन नै संग्रहालय हो । (न्यौपाने, २०७०, पृ १)

संग्रहालयको सुरुवात पुराना कलात्मक वस्तुहरु संग्रह गर्ने सौखका कारणले भएको हो । इसापूर्व कालदेखि नै मानिसले त्यस्ता वस्तुहरु सौखका रुपमा संग्रह गर्ने गर्दथ्यो । तर त्यसरी संग्रह गरिएका स्थल व्यवस्थित संग्रहालय थिएनन् । सर्वप्रथम इस्वीको सत्रौ शताब्दीदेखि मात्र बेलायतमा व्यवस्थित संग्रहालय स्थापना गर्ने कामको थालनी भएको थियो । त्यस पछि विश्वका अन्य मुलुकहरुले पनि यस तर्फ ध्यान दिंदै गए र विभिन्न मुलुकहरुमा संग्रहालयहरु स्थापना गरिन लागे । तर नेपालमा धेरै पछि मात्र यस कामको थालनी भएको हो । यहाँको कलात्मक पुराना वस्तुहरु संग्रह गर्न लागिएको प्रारम्भिक समयको बारेमा हाल सम्म राम्रोसँग अनुसन्धान हुन सकेको छैन । कलात्मक वस्तुहरु धेरै पहिले देखि नै मन्दिर भित्र र मन्दिरको वरिपरि सजाएर राख्ने चलन भएकाले यहाँका मन्दिरहरु प्राचिन कालदेखि नै खुला संग्रहालयको रुपमा रहेका थिए भन्न सकिन्छ । चैत्य, विहार, मठ आदि क्षेत्र पनि खुला संग्रहालयको रुपमा रहेको हुनुपर्दछ । तर ती क्षेत्रलाई संग्रहालय बनाउने उद्देश्य राखेर नभएर तिनीहरुलाई सजाउने उद्देश्यले त्यस्ता स्थानमा त्यस्ता वस्तुहरु राख्ने गरिएको थियो ।

नेपालमा वि.स. १८८१ मा छाउनीमा शिलखाना स्थापना गरिएको थियो । त्यहाँ विभिन्न प्रकारका हातहतियार राख्ने गरिएकाले यो नै नेपालको पहिलो संग्रहालय थियो । पछि वि.स. १९९५ मा त्यसलाई छाउनी म्यूजियम नाम राखियो र वि.स. १९९६ देखि सर्वसाधरणको लागि खुला गरियो । वि.स. २००० देखि छाउनीमा नै जुद्धजातीय कलाशाला स्थापना गरी त्यहाँका वस्तुहरु प्रदर्शन गर्न लागियो । पछि वि.स.२००९ सालमा नेपाल पुरातत्व विभागको स्थापना भयो र उक्त संग्रहालय पुरातत्व विभागले रेखदेख गर्न लाग्यो । (दाहाल र खतिवडा, २०६५,पृ ३३६)

नेपाली ईतिहास, नेपाली सभ्यता, नेपाली संस्कृतिको अध्यायन र अन्वेषणमा नेपाली मुद्राको पनि एक महत्वपूर्ण स्थान छ । (जोशी, २०१७, पृ ४५) मुद्राले तत्कालिन समयको धर्म, मत, धारणा, विश्वास, कला कृतिको रुपरेखा ईत्यादि पत्ता लगाई त्यस बेलाको संस्कृतिको ज्ञान दिलाउँछ । यसैले मुद्रालाई ईतिहासको श्रोतको रुपमा लिईन्छ । नेपालमा प्रचलित मुद्राहरुको संकलन र प्रदर्शन गर्न तथा संग्रहालयलाई विशिष्टीकरण गर्न राष्ट्रिय संग्रहालय छाउनीको दोश्रो तलामा वि.स २०५० मा राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना गरिएको थियो । यसमा राष्ट्रिय मुद्रा संग्रहालयको मुद्रा कक्षमा रहेका मुद्राहरु र राष्ट्रिय मुद्रा

संग्रहालय हनुमानढोका काठमाण्डौंका मुद्राहरु साथै देशका विभिन्न ठाउँमा उत्खनन् बाट प्राप्त अर्थात भेटिएका करिब एक हजार (१०००) मुद्राहरु संकलन गरि राखिएका छन् ।

**१.२ समस्याकथन :**

राष्ट्रिय मुद्रा संग्रहालय इतिहास, संस्कृति र सभ्यताको अध्यायन र अनुसन्धानको लागी एक महत्वपूर्ण स्थान मानिन्छ । यसको सञ्चालन र व्यावस्थापन वैज्ञानिक तरीकाबाट सग्रहालयको मुल्य, मान्यता र सिद्धान्त अनुसार भयो भने मात्र यसको सार्थकता सिद्ध हुन्छ र यसको राष्ट्रिय र अन्र्तराष्ट्रिय महत्व वृद्धि हुन्छ । यसै पृष्ठभुमिमा आधारित रहि यो शोधपत्रमा निम्न समस्या पहिचान गरिएको छ ।

(क) नेपालको ईतिहास, कला, संस्कृति र सभ्यताको अध्ययन र अनुसन्धानमा राष्ट्रिय मुद्रा संग्रहालयलाई प्राथमिकता नदिनु ।

(ख) राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना र विकासको विस्तृत अध्ययन नहुनु ।

(ग) राष्ट्रिय मुद्रा संग्रहालय व्यवस्थापनको अध्ययन नहुनु ।

(घ) पर्यटकलाई लक्षित गरिएको कार्यक्रम र रणनिति नहुनु ।

**१.३ अध्ययनको उद्देश्य :**

राष्ट्रिय मुद्रा संग्रहालय नेपालको एक मात्र मुद्रासँग सम्बन्धित संग्रहालय हो । नेपालको ईतिहास, कला, संस्कृति र सभ्यताको अध्ययन र अनुसन्धानमा यसको महत्वपुर्ण भुमिका रहेको छ । तापनि यसको महत्व र वर्तमान अवस्थाको अध्ययन भएको पाईदैन । यसैले निम्न बिषयवस्तुको उजागर गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

(क) नेपालको ईतिहास, कला, संस्कृति र सभ्यताको अध्ययन र अनुसन्धानमा राष्ट्रिय मुद्रा संग्रहालयलाई प्राथमिकता दिनु ।

(ख) राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना र विकासको विस्तृत अध्ययन गर्नु ।

(ग) राष्ट्रिय मुद्रा संग्रहालय व्यवस्थापनको अध्ययन गर्नु ।

(घ) राष्ट्रिय मुद्रा संग्रहालयको पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउनु ।

### १.४ अध्ययनको महत्व :

संग्रहालय ऐतिहासिक र पुरातात्विक वस्तुहरु संग्रह गरिने स्थल हो । ईतिहासको जानकारी दिने पुराना सामाग्रीहरु संग्रहालयमा संग्रह गरिन्छ । राष्ट्रिय मुद्रा संग्रहालयमा नेपालमा प्रचलित विभिन्न समयका विभिन्न ठाउँमा भेटिएका मुद्राहरुको संकलन गरिएको छ । यसबाट ईतिहासको अध्ययन र अनुसन्धान गर्न सजिलो हुन्छ ।

संग्रहालयहरुलाई मनोरञ्जन तथा शिक्षाको केन्द्रको रुपमा पनि लिइन्छ । यसले पुराना मुद्राहरु लोप हुनबाट जोगाउँछ । यसका साथ साथै यसले देशको पर्यटन विकासमा सघाउ पुर्‍याउदै राष्ट्रको ख्याति बढाउन महत्वपूर्ण योगदान दिएको हुन्छ ।

### १.५ अध्ययनको सीमा :

प्रस्तुत शोधपत्र राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना, विकास, व्यवस्थापन र उपयोगिताको बारेमा मात्र केन्द्रित रहेको छ । यसमा संग्रहालय व्यवस्थापनको सैद्धान्तिक आधारमा राष्ट्रिय मुद्रा संग्रहालयको व्यवस्थापन पक्षको मात्र अध्ययन गरिएको छ ।

### १.६ अध्ययन विधि :

प्रस्तुत शोधको अध्ययन सैद्धान्तिक र व्यवहारिक विधिबाट गरिएको छ । सैद्धान्तिक अध्ययनको लागि पुस्तकालय विधि, तुलनात्मक विधि, विश्लेषाणात्मक विधि अवलम्वन गरीएको छ । यसका साथै व्यवहारिक अध्यायनको लागी स्थलगत अध्यायन विधिलाई अबलम्वन गरिएको छ । जसका लागी अर्न्तवार्ता र अवलोकनको माध्यम अपनाइएको छ ।

### १.७ तथ्याङ्क संकलन विधि :

प्रस्तुत शोधपत्र तयार गर्नको लागी प्राथमिक र द्वितीयक श्रोतबाट तथ्याङ्क संकलन गरीएको छ ।

**(क) प्राथमिक श्रोत**

प्राथमिक तथ्याङ्क संकलनको लागी राष्ट्रिय मुद्रा संग्रहालयको स्थलगत भ्रमण र अवलोकन गरीनुका साथै त्यहाँ कार्यरत संग्रहालय प्रमुख लगायत अन्य कर्मचारीहरुसंग र अन्य जानकारहरुसंग अन्तरवार्ता लिईएको थियो ।

(ख) **द्वितीयक श्रोत**

यस शोधपत्र तयार गर्दा विभिन्न पुस्तक, पत्रपत्रिका आदिबाट द्वितीयक तथ्याङ्को संकलन गरिएको थियो । जसमा राष्ट्रिय संग्रहालय छाउनीको पुस्तकालय, त्रि.वि. पुस्तकालय किर्तिपुर र पुरातत्व विभागको पुस्तकालयको सहयोगमा यस शोधपत्रसंग सम्वन्धित विविध पुस्तकहरु र विभिन्न पत्रिकाहरुको अध्ययन गरीएको थियो । यसका साथै बजारबाट केही पुस्तक र पत्रिकाहरु खरिद गरीएको थियो ।

पुर्वसाहित्य समिक्षाद्धारा मुद्रा संग्रहालयको आधारभुत तथ्यहरु पहिचान गरेर राष्ट्रिय मुद्रा संग्रहालयका प्रमुख लगायत अन्य कर्मचारीहरुसंग र अन्य जानकारहरुसंगको अन्तरवार्ता साथै स्थलगत अवलोनकबाट प्राप्त तथ्यहरुको वर्णनात्मक तरीकाबाट विश्लेषण गरी शोधपत्रको निष्कर्ष निकालिएको थियो ।

**१.८ पुर्वसाहित्य समीक्षा :**

कुनै पनि अनुसन्धानमा सैद्धान्तिक आधार वा पृष्ठभूमिको महत्वपूर्ण भूमिका रहन्छ किन भने सैद्धान्तिक मान्यतामा टेकेर नै नयाँ अवधारणाको प्रतिपादन गर्न सकिन्छ । अर्थात कुनै पनि विषयगत सवालबारे अन्य विद्धानहरुको अवधारणा के रहेछ सो जान्नको लागि पूर्वप्रकाशित कृतिहरुको महत्वपूर्ण भूमिका हुन्छ । प्रस्तुत शोधको सन्दर्भमा संग्रहालयको विषयमा अध्यायन गरिएका अनुसन्धानमूलक कृति तथा लेखरचनाहरु निकै नै कम प्रकाशित छन् । तसर्थ यस शोधकार्यलाई पुरा गर्नको लागि संग्रहालयशास्त्रसँग सम्बन्धित केहि पुस्तकहरुको अध्ययन गरिएका छ ।

(क) सत्यमोहन जोशी, नेपाली राष्ट्रिय मुद्रा वि.स. २०१७/ १९६०

नेपाली मुद्रा सम्बन्धमा लेखिएको यो नेपाली भाषाको पहिलो पुस्तक हो । यसमा नेपालमा हालसम्म निष्कासित सबै मुद्राहरु समावेस गरिएको छैन । यसैले नेपाली मुद्रा सम्बन्धि ईतिहास अध्यायन गर्न यो पुस्तक अपुर्ण हुने देखिन्छ ।

(ख) पशुपति कुमार द्विवेदी, संग्रहालय र समाज, १९७५

नेपालमा संग्रहालय सम्बन्धमा नेपाली भाषामा लेखिएको प्रथम पुस्तक भएकोले सानै आकारमा भए पनि यसको महत्व छ । यस पुस्तकमा संग्रहालय सम्बन्धि संक्षिप्त

रुपमा चर्चा गरिए ता पनि यसमा मुद्रा संग्रहालय र प्रदर्शनी व्यवस्थापन बारेमा चर्चा गरिएको छैन् ।

(ग) पशुपतिकुमार द्विवेदी, म्युजियम इन नेपाल, १९७६

नेपालमा संग्रहालयसँग सम्बन्धित अंग्रेजी भाषामा लेखिएको यस पुस्तकमा संग्रहालय विज्ञानका विविध पक्षहरुमा चर्चा परिचर्चा गरिएको छ । तथापि मुद्रा संग्रहालय र संग्रहालयको विविध क्षेत्रको व्यवस्थापन बारेमा चर्चा गरिएको छैन ।

(घ) वीणा पौड्याल, राष्ट्िय संग्रहालयका केहि मूर्तिहरु वि.सं. २०३५/१९७८

नेपाली भाषामा लेखिएको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रिय विभाग अन्तर्गत रहेर तयार पारिएको थियो । प्रस्तुत शोधपत्र राष्ट्रिय संग्रहालयको प्रथम प्राज्ञिक र अनुसन्धानपरक कृति हो जसमा राष्ट्रिय संग्रहालयको इतिहास, त्यहाँ संग्रहित मूर्तिहरुको सम्बन्धमा गहन अध्यायन गरिएको छ । यति हुँदा हुँदै पनि यस शोधपत्रमा मुद्रा संग्रहालय र संग्रहालय सञ्चालन गर्दा अपनाउनु पर्ने विविध पक्षहरुको बारेमा भने चर्चा गरिएको छैन ।

(ङ) शिवस्वरुप सहाय, संग्रहालय की और, १९९२

भारतीय विद्धान डा. शिवस्वरुप सहायद्धारा लिखित प्रस्तुत पुस्तकमा संग्रहालय सम्बन्धि विभिन्न पक्षहरुमा चर्चा गरिएको छ । विशेष गरि यस पुस्तकमा संग्रहालय भवन योजना र प्रशासनिक व्यवस्थाको बारेमा विवेचना गरिएको छ । तर उक्त पुस्तकमा मुद्रा संग्रहालय बारेमा चर्चा गरिएको छैन ।

(च) गिरिशचन्द शुक्ल र विमलेश कुमार पाण्डेयय, संग्रहालय विज्ञान, २००२

संग्रहालय विज्ञान शीर्षकमा गिरीशचन्द्र शुक्ल र विमलेशकुमार पाण्डेययद्धारा लिखित प्रस्तुत पुस्तक ३ वटा खण्ड र २० वटा अध्यायहरुमा विभाजित छ । प्रस्तुत पुस्तकमा संग्रहालय सम्बन्धि परिभाषा, इतिहासको साथ साथै संग्रहालय व्यवस्थापन सम्बन्धि विभिन्न शीर्षकहरुमा चर्चा गरिएको छ । यस पुस्तकको पहिलो खण्डको अध्याय पाँचमा संग्रहालयको प्रशासन व्यवस्था, भवन योजना र खासगरी संग्रहालयको महत्वपूर्ण

पक्षको बारेमा चर्चा गरिएको छ । तर उक्त पुस्तकमा मुद्रा संग्रहालय बारेमा चर्चा गरिएको छैन ।

(छ) साफल्य अमात्य, आर्ट एण्ड कल्चर अफ नेपाल, १९९१

साफल्य अमात्यद्धारा लिखित प्रस्तुत पुस्तकको तेश्रो अध्यायमा म्यूजियम इन नेपाल शीर्षकमा नेपालमा संग्रहालयको इतिहास र विकासक्रमको बारमा चर्चा गरिएको छ । तर उक्त पुस्तकमा मुद्रा संग्रहालय बारेमा चर्चा गरिएको छैन ।

(झ) प्रा.पेशल दाहाल र उप.प्रा.सोमप्रसाद खतिवडा, पुरातत्वको परिचय, वि.सं. २०५६/१९९९

प्रा.पेशल दाहाल र उप. प्रा. सोमप्रसाद खतिवडाद्वारा लिखित प्रस्तुत पुस्तकको अध्यय पन्ध्रमा संग्रहालय विज्ञानको बारेमा लेखिएको छ । तर उक्त पुस्तकमा मुद्रा संग्रहालय बारेमा चर्चा गरिएको छैन ।

**१.९ अध्याय विभाजन :**

यस शोधग्रन्थमा राष्ट्रिय मुद्रा संग्रहालय व्यवस्थापन सम्बन्धि अध्ययनलाई निम्न बमोजिमका अध्यायमा विभाजन गरि क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ ।

१. परिच्छेद एक : शोध परिचय

२. परिच्छेद दुई : मुद्रा संग्रहालयको अवधारणा र विकास

३. परिच्छेद तीन : राष्ट्रिय मुद्रा संग्रहालय

४.परिच्छेद चार : राष्ट्रिय मुद्रा संग्रहालयको व्यवस्थापन

५. परिच्छेद पाच : निष्कर्ष र सुझाव

परिच्छेद – दुई

# मुद्रा संग्रहालयको अवधारणा र विकास

## २.१ परिचय

मुद्रा कुनैपनि राष्ट्रको पहिचान हो । मुद्रा एक महत्वपुर्ण पुरातात्विक श्रोत पनि हो । यसको माध्यमबाट इतिहास, धर्म र संस्कृतिको अध्ययन गर्ने गरीन्छ । मुद्रा राज्यले प्रचलनमा ल्याएको राजकिय मान्यता प्राप्त विनिमयको साधन हो । मानवले आफ्ना आवश्यकता परिपुर्ति गर्ने क्रममा गरेका विभिन्न आविष्कार मध्ये एक सर्वाधिक मौलिक आविष्कार हो । मुद्रामा अंकित चिन्हहरुले तत्कालिन समयको धार्मिक र सास्कृतिक जीवनको प्रतिनिधित्व गरेका हुन्छन । (सुवेदी, २०६८, पृ २५६) मुद्राको यसै महत्वलाई आत्मसाथ गर्दे प्राचिन समय देखि नै मानिसहरुले मुद्राको संकलन गर्ने गरेको पाईन्छ ।

संग्रहालय कलात्मक, दुर्लभ र शिक्षाप्रद वस्तुहरु संग्रह गरिने स्थान हो । (दाहाल र खतिवडा, २०६५,पृ ३३०) जसको माध्यमबाट कुनै मुलुकको विगत र वर्तमानलाई चियाउन सकिन्छ । जहाँ प्राचीन, दुर्लभ तथा ऐतिहासिक एवं पुरातात्विक वस्तुहरु संग्रह गरी प्रदर्शन गरिएको हुन्छ । संग्रहालयमा मानव निर्मित वा प्राकृतिक रुपमा बनेका बस्तुहरुको संकलन तथा त्यसको संरक्षण गरी प्रदर्शन गरिएको हुन्छ । हरेक व्यक्तिलाई आफ्नो इतिहास र आफ्ना पुर्खाका बारेमा जान्ने जिज्ञासा हुन्छ र त्यस बारेमा जानकारी दिने भरपर्दो माध्यम भनेको संग्रहालय नै हो ।

मुद्रा संग्रहालय प्राचीन, सुन्दर र गौरवका मुद्राहरु राख्ने थलो मात्र नभएर अध्ययन र ज्ञान आर्जन गर्ने थलो पनि हो । त्यसैले यसको महत्व दिन प्रति दिन बढ्दै गएको छ । मुद्रा संग्रहालयको अवलोकनले कुनैपनि देशको आर्थीक स्थिति र जनताको बारेमा छोटो समयमा राम्रो र ब्यापक जानकारी दिने सक्ने हुँदा पनि यसको महत्व झन् बढेको हो ।

## २.२ मुद्रा संग्रहालयको उत्पति र विकास

आज संसारमा प्राय सबै जसो मुलुकहरुमा अनेक प्रकारका संग्रहालयहरु स्थापना भएको पाइन्छ । यसको विकास र शुरुवात एकै पटक भएको होइन । इसापूर्व कालमा केहि

शासक र सौखिन व्यक्तिहरुले पुराना वस्तुहरु संग्रह गर्न लागेपछि मात्र संग्रहालयको विकासको इतिहास शुरु भएको पाइन्छ ।

बस्तु संकलन गर्ने कार्यमा सर्वप्रथम ग्रिस निवासीहरुले रुची लिएका थिए । प्रसिद्व ग्रिक इतिहासकार हेरोडोटसले इशापूर्व पाँचौ शताब्दीतिर इजिप्टको यात्रा गरेका थिए र सिथिएन संस्कृति र जीवनको बारेमा निकै प्रमाणित विवरण दिएका थिए । (अमात्य, २०३६, पृ ६-७) यसैगरी सिकन्दरले विश्व विजय गर्ने उद्देश्यले एशियाली देशहरुको विजय गर्ने अभियानमा एउटा वैज्ञानिकहरुको दलसमेत सँगै लगेर विजित देशहरुमा पाइएका प्राकृतिक इतिहाससँग सम्बन्धित सामाग्रीहरु बटुल्न लगाएर अध्ययनका लागि अरस्तु कहाँ पठाउने गर्दथे । अरस्तुले संग्रह गर्ने गर्दथे । तर संग्रहित वस्तुहरु धेरै दिनसम्म सुरक्षित रहन सक्दैनथे । इशापूव तेस्रो शताब्दीमा मिश्रको अलेक्जेण्ड्रिया भन्ने ठाउँमा लैटिन भाषामा मोसियो अर्थात् म्युजियम (संग्रहालय) स्थापना भएको थियो र यसको श्रेय टाल्मी सोटरलाई दिने गरिन्छ । यस संग्रहालयमा मूर्तिहरु, नक्षत्र विद्याशास्त्र, चिकित्सा सम्बन्धि उपकरण, हात्ती दाँत, छालाका साथै प्राणी र वनस्पति सम्बन्धी महत्वपूर्ण सामाग्रीहरु सहित ठूलो पुस्तकालय रहेको थियो । यहाँ विभिन्न किसिमका विद्वान तथा वैज्ञानिकहरु रहेका थिए । तर दुर्भाग्यवस इसाको तेस्रो शताब्दीतिर राजनैतिक उथलपुथल भएका कारण नास हुन गएको थियो । (शुक्ल र पाण्डेय, २००२,पृ १३) त्यस्तै मेसोपोटामियामा इसा भन्दा तीन हजार वर्ष अघि जिगरतको निर्माण भएको थियो । यसमा धार्मिक सामाग्रीहरु सङ्कलन गर्ने गरिन्थ्यो ।

प्राचीन रोम र युनानमा ब्यक्तिगत संग्रहमा सङ्कलन गर्ने प्रचलन निकै ब्यापक भएको थियो । मध्यकालमा आएर युरोपमा ब्यक्तिगत संग्रहमा सङ्कलन गर्ने प्रचलनमा कमी आयो । बरु राजा,महाराजा, सामन्त, मन्त्री वा सम्भ्रान्त ब्यक्तिहरुले प्राचीन महत्वका स्थानहरुको उत्खननबाट प्राप्त सुन, चाँदीका मुद्रा, मूर्ति आदि सङ्कलन गरेर राख्ने गर्दथे । यस्ता वस्तुहरु कलात्मक र आकर्षक हुने गर्दथे । युरोपमा पुर्नजागरणकालमा यस्तो दृष्टिकोणमा परिवर्तन आयो । यस्ता बस्तुहरु ज्ञान र आनन्दका लागि सङ्कलन गर्न थालियो र ठिकसँग प्रदर्शित गर्न सकिने ठाउँमा राख्न थालियो । युनानी मिथकमा प्रयुक्त शब्दको आधारबाट म्युजियम नाम दिन थालियो । यसरी इसाको पन्ध्रौं शताब्दीतिरबाट सामाग्रीहरुको सग्रह र ब्यवस्थित गर्ने कलाको विकास हुन थालेको थियो ।

## २.३ विश्वमा मुद्रा संग्रहालयको विकास

प्राचीन मिश्रका शासक रेमसेज द्वितीयले इसापूर्व तेह्रौ शताब्दीमा मिश्रमा एक संग्रहालयको स्थापना गरेका थिए । संग्रहालय विकासको इतिहासमा यस संग्रहालयलाई सर्व प्राचीन मान्नुपर्दछ । तर यो संग्रहालयमा उनले सौखको रुपमा पुराना वस्तुहरु संग्रह गरेका थिए । यसै गरि इसापूर्व छैटौ शताब्दीमा मेसोपोटामियाका शासक नवोनिदसले प्राचीन भग्नावशेषहरुमा उत्खनन गरेर प्राप्त सामाग्रीहरु बेबिलोनमा एक संग्रहालय स्थापना गरि राख्न लगाए । त्यसपछि विश्वका विभिन्न स्थानहरुमा विशेष गरि शासकहरुले सौखको रुपमा पुराना वस्तुहरु संग्रह गर्न संग्रहालयहरु स्थापना गर्न लागेको देखिन्छ । (दाहाल र खतिवडा, २०६५,पृ ३३४)

संग्रहालयको प्रचलन वा थालनी इसापूर्वको दोस्रो शताब्दीमा भएको मानिन्छ । इसापूर्व दोस्रो शताब्दीमा म्युज नामक ग्रीक देवीको स्थापनार्थ बनाइएको भवनमा कालान्तरमा सामाजिक, राजानैतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक आदि विविध पक्षसँग सम्बन्धित महत्वपूर्ण सामाग्रीहरु सुरक्षित राख्न थालियो । विभिन्न महत्वपूर्ण वस्तुहरुको संग्रह गरिएको हुनाले त्यस्तो भवनलाई संग्रहालय भनिएको थियो । विश्वमा कुन समय देखि संग्रहालयको  अवधारणा उत्पन्न भयो भन्ने कुरा निश्चित गर्न नसकिए तापनि मिश्रमा इसा पूर्व तेस्रो शताब्दी तिर टोलेमी राजाको पालामा संग्रहालयको सुरुवात भएको मानिन्छ । ( संग्रौला, २०६९,पृ १८३) त्यसपछि लामो समयसम्म यस सम्बन्धमा भएको प्रगती सम्बन्धमा खासै थाहा पाउन सकिएको छैन ।

सन् १६७१ मा स्वीजरल्यान्डको वासेल नगरमा जनताको संग्रहालय स्थापित भए पनि सामान्य जनतालाई भने यो सुविधा थिएन । डच परिवारका एक ब्यक्ति ट्राडेसकाण्टले आफ्नो व्यक्तिगत संग्रहमा रहेकालाई सर्वसाधारणका लागि भनेर सन १६८३ मा अक्सफोर्ड नामक सहरमा आश्मोलियन संग्रहालय खोलिएको थियो । बेलायतको पार्लियामेन्टले सन् १७५३ मा त्यसलाई British museum को नाम दिएको थियो र १५ जनावरी १७५३ मा यो सर्वसाधारण जनताका लागि खुलेको थियो । (सहाय, २००५, पृ १७-१८)

विश्वको प्रथम आधुनिक संग्रहालयको सुरुवात सर्वप्रथम बेलायतबाट भएको हो । सन् १६८३ मा बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा सुरु गरिएको अस्मोलियन संग्राहालयलाई विश्वकै सर्व प्रथम स्थापित स्रग्रहालय भनिन्छ । सन् १७५३ मा ह्न्यास

स्लोगनका नामक एक चिकित्सकले निजी संग्रहालय स्थापना गरे । यहि ह्न्यास स्लोगनको निजी संग्रहालय नै कालान्तरमा ब्रिटिस म्युजियम नामबाट विश्व प्रसिद्ध भयो । (संग्रौला, २०६९,पृ १८१)

इसाको उन्नाइसौँ शताब्दीमा यसप्रति मानिसहरुको रुची बढ्न थाल्यो । सन् १७९२ मा फ्रान्सेली राजाहरुद्वारा दरवारमा संग्रहालय खोल्ने निर्णय भए अनुरुप १० अगस्त १७९३ मा muse France भनेर खोलियो, जुन अहिले लुव्र संग्रहालयको नामले प्रसिद्ध छ । (शुक्ल र पाण्डेय, २००२,पृ १५) यसरी युरोपमा संग्रहालयको सुरुवातसंगै विभिन्न देशहरुमा यस्ता संग्रहालयहरु खोलिने क्रम बढ्न थालेको थियो ।

यस्तै मुद्रा संग्रहालयको विश्वइतिहास हेर्दा ग्रीसको एथेन्समा सन १८३४ मा मुद्रा संग्रहालयको स्थापना भएको पाईन्छ । यस संग्रहालयमा पाच लाख (५०००००) वटा प्राचीन मुद्राहरु संकलित छन ।( www.enma.gr/history en.htm)

## २.४ संग्रहालयको कार्यः

कुनै पनि ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक र कलात्मक वस्तुको संग्रह, पंजिकरण, संरक्षण, प्रदर्शन गरि अवलोकनकर्तालाई ज्ञान प्रदान गर्नु संग्रहालयको मुख्य कार्य हो ।

डेविट मरेका अनुसार - A museum is a collection of moments of antiquity or other objects intersting to the scholar and the man of science, arranged and displayed with scientific method.

ब्रिटेनको संग्रहालय संगठनका अनुसार - A museum is an institution which collects, documents, preserves, exhibits and interprets materials evidence and associated information for the public benefit.

यि उल्लेखित परिभाषा अनुसार खासगरि संग्रह, पंजिकरण, संरक्षण, प्रदर्शन जस्ता संग्रहालयको कार्यलाई प्राथमिक कार्य र जनशक्ति व्यवस्थापन, आर्थिक व्यवस्थापन, भौतिक व्यवस्थापन, योजना निर्माण, सुचना व्यवस्थापन र संग्रहित वस्तुको व्यवस्थापन जस्ता संग्रहालयको कार्यलाई द्वितीय कार्य भनिन्छ ।

### २.४.१ संग्रह

संग्रहालयको विभिन्न कार्यहरु मध्ये संग्रह एउटा महत्वपूर्ण कार्य हो । संग्रहबाट नै संग्रहालयको विकास भएको हो । संग्रह मानवीय रुचि, आवश्यकता र गतिविधि हो । मानिसले संग्रह गरेका महत्वपूर्ण वस्तुबाट नै संग्रहालयको विकास भएको हो । कुनै पनि संग्रहालयले आफ्नो निति, उद्देश्य तथा तरिकाबाट वस्तुको संग्रह गर्ने गर्दछ । संग्रहालयको संमृद्धि उसको संग्रहमा निर्भर गर्दछ । संग्रहालयले संग्रह गर्ने कार्यबाट आफ्नो संग्रह बढाइ रहेको हुन्छ । यस सम्बन्धमा एक भनाई छ "A Museum may collect anything but it can not collect everything"। (शुक्ल र पाण्डेय, २००२, पृ ३२)

संग्रहालयले निम्न लिखित तरिकाबाट आफुलाई आवश्यक वस्तुको संग्रह गर्नुपर्दछ । (शुक्ल र पाण्डेय, २००२, पृ ३४)

**१ खरिद गरेर**

संग्रहालयमा उपलब्ध वजेटको माध्यमद्वारा संग्रहालयमा आवश्यक वस्तुको खरीद गरेर संग्रहालय सामाग्रीको प्राप्त गर्न सकिन्छ । यसका लागी आवश्यक वजेटको व्यवस्था गरेर, धनाढ्य व्यक्तिद्वारा धनराशी प्रदान भइ खरिद गरेर र कहिले काँही सिक्का, चित्र, मुर्ति आदिको विशेष प्रदर्शनी गरी वजेट व्यवस्था गर्न सकिन्छ । कुन वस्तु संग्रहालयको लागी महत्वपूर्ण हो निर्धारण गर्न कठिनाई पर्दछ । संग्रहको लागी खरिद गर्न लागिएको वस्तु चोरीको हुन सक्छ । खरिद गर्न लागिएको वस्तुको प्राचिनता तथा तिथिको जानकारी नहुन सक्छ । यसका साथै खरिद गर्न लागिएको वस्तुको खरिदको लागी विज्ञापन गर्नुपर्ने हुनसक्छ । यसरी खरिद गरिएको वस्तुको सुरक्षा एवं रजिष्ट्रेसन गर्ने जिम्मेवारी बढ्छ । खरीद गरिएको वस्तु मौलिक हुनु पर्दछ । संग्रहालयमा खरीद गरीएको वस्तु नक्कली पनि हुन सक्दछ यसैले वस्तु विकेताको पुरा विवरण समेत लिई राख्नुपर्दछ ।

**२ उत्खनन् द्वारा**

उत्खनन् बाट वस्तुहरु प्राप्त गर्नु पनि संग्रहका विधिहरु मध्ये एक हो । उत्खनन्मा पाइएका वस्तुहरुलाई त्यसको महत्व र अवस्थिती हेरी संग्रहालयमा राखिन्छ । ठूलो परिमाणमा वस्तु संकलन गर्न उत्खनन्को आवश्यकता पर्दछ । जुन सुकै उद्देश्यले उत्खनन् गरेता पनि उत्खनन्बाट प्राप्त वस्तुहरु संग्रहालयको संकलनमा आउँदछन् । मुर्ती, हतियार,

मुद्रा, माटाका भाँडाका टुक्रा आदि सामाग्रीहरु पुरातात्विक स्थलहरुबाट प्राप्त गर्न सकिन्छ । प्रायजसो उत्खननद्वारा प्राप्त वस्तुहरु Site Museum मा राखिन्छ ।

कला वस्तुको संग्रह गर्ने यो एक महत्वपूर्ण वैज्ञानिक तरिका हो । यसबाट कला वस्तुको सम्पूर्ण विवरण एवं जानकारी प्राप्त हुन्छ । उत्खनन कार्य खास गरि पुरातत्व विभाग तथा सो को अनुमतिबाट अन्य संस्था, विश्वविद्यालय वा शैक्षिक संस्थाबाट गर्ने गरिन्छ । यसको लागी अनुज्ञा पत्र, कर्मचारी, वजेट आदी कुराको आवश्यकता पर्दछ ।

**३ दान द्वारा**

दान संग्रह वृद्धिको महत्वपूर्ण साधन हो । जव कुनै दान कर्ताले आफूसँग भएको पुरातात्विक महत्वको कला वस्तु वा आफ्नो पुर्वजले संकलन गरेका सामाग्री उसको स्मृतिको लागी सशर्त वा लिखितद्वारा संग्रहालयमा प्रर्दशनको उद्देश्यले प्रदान गर्दछ । यसैलाई दान भनिन्छ । संग्राहलयको स्थापना वा विकासको लागी यस किसिमको संग्रह सर्वोत्तम मानिन्छ । दान व्यक्ति जिवित रहदा वा मृत्युपछि दिने गरिन्छ ।

दान लिदा ध्यान दिनुपर्ने कुराहरु

(क) दान लिदा पुरातात्विक कला वस्तु मात्र लिनु पर्दछ ।

(ख) दान स्वीकार गर्दा दाताको नाम समेत पहिचान हुने गरि लिनु पर्दछ ।

(ग) बजारमा प्रचलित वा लोकप्रिय कला वस्तुको दान लिनु हुदैन ।

(घ) दान लिदा उच्च कोटीको वस्तु मात्र छानेर लिनु पर्छ जसले संग्रहालयको स्तर उच्च राख्न सकोस् ।

**४ आदन प्रदानद्वारा**

जव कुनै संग्रहालयमा कुनै कला वस्तुको केहि प्रतिहरु हुन्छ वा कुनै कला वस्तुको अभाव हुन्छ । यस्तो अवस्थामा संग्रहालयहरुद्वारा एक आपसमा कला वस्तुको आदनप्रदान गर्ने गरिन्छ । यो वस्तु संग्रहको अत्यन्त सरल र कम खर्चमा संग्रह गर्ने विधि हो । यस विधिको प्रयोग बढि गर्ने प्रचलन रहेको छ । यसबाट एक देशको कलाकृति अर्को देशमा आदनप्रदान पनि गर्ने गरिन्छ । आदन प्रदानगर्दा निम्न कुराहरुमा ध्यान दिनुपर्छ ।

(क) कलावस्तुको आदनप्रदान गर्दा संग्रहालय प्रमुखको स्वीकृति हुनुपर्छ ।

(ख) आदन प्रदानमा कला वस्तुको मूल्य अधिक अन्तर हुनुहुदैन ।

(ग) दुर्लभ र बहुमूल्य कलाकृतिको आदन प्रदान गर्न हुदैन ।

(घ) आदन प्रदानको विवरणलाई रजिष्टारमा दर्ता गरी राख्नु पर्दछ ।

**५ कला वस्तुको प्रतिरुपको प्राप्ती**

प्रत्येक संग्रहालयले आफ्नो संग्रहको महत्वपूर्ण वस्तुको प्रतिलिपी तयार गर्दछन् । जव कुनै संग्रहालयमा कुनै प्रकारको कला वस्तुको अभाव हुन्छ सो अवस्थामा कला वस्तुको प्रतिरुप खरिद गरि सो अभाव पुर्ति गर्ने गरिन्छ । यस किसिमको संग्रह विशेष अवस्थामा मात्र गर्ने गरिन्छ ।

**६ ऋणद्वारा**

कुनै कला वस्तुको विशेष प्रर्दशन गर्न वा सुरक्षित राख्ने उद्देश्यले संग्रहालयले कलाप्रेमी वा संस्थाद्वारा उधारो प्राप्त गर्न सक्दछ । यस्तो ऋण दुई प्रकारको हुन्छ ।

क अल्पकालिन ऋण

कुनै वस्तुको निश्चित अवधिको लागी विमा गर्ने गरिन्छ र दातासँग लिखित करारनामा पनि गरिन्छ ।

ख दीर्घकालिन ऋण

यसमा दाताद्वारा शर्त सहित दिर्घकालिन ऋणको रुपमा कलावस्तुको प्राप्ती हुन्छ र शर्त उल्लघंन भएको अवस्थामा सो कला वस्तुको वापस हुन्छ ।

ध्यान दिनुपर्ने कुराहरु :

(क) ऋणको रुपमा दुर्लभ, बहुमुल्य र जीर्ण अवस्थाको कला वस्तु लिन हुदैन ।

(ख) निम्न कोटीको र महत्वहिन वस्तु ऋणको रुपमा लिन हुदैन ।

(ग) वीमा, भाडा र भत्ता ऋणी संग्रहालयद्वारा र कला वस्तुको फोटोग्राफ सम्बन्धित पूर्ण विवरण आदि ऋणदाता संग्रहालयद्वारा उपलब्ध गराउनु पर्छ ।

(घ) ऋणद्धारा प्रदर्शन एवं प्रचार सशक्त बनाउनु पर्छ ।

(ङ) ऋणको अवधि बढ्ने भएमा ऋणदाताबाट स्वीकृत लिनुपर्छ ।

(च) ऋणको छुट्टै रेकर्ड राख्नुपर्छ ।

(छ) ऋणबाट कलावस्तु प्राप्त भए पछि दाता संग्रहालयलाई जानकारी गराउनु पर्छ ।

**७ खजना**

कुनै कुरा निर्माण गर्दा फेलापरेका प्राचिन वस्तुहरु वा अन्य स्थानमा पाइएका प्राचिन वस्तुहरु, गरगहनाहरु राज्यको सम्पत्ति मानिन्छ । यस्ता वस्तुहरु संग्रहालयमा संग्रह गरिन्छ ।

## २.४.२ पंजीकरण अथवा अभिलेखिकरण

संग्रहको विविध माध्यमद्वारा संग्रहालयमा प्राप्त कला वस्तुको पंजीकरण वा अभिलेखिकरण गर्नु संग्रहालयको अर्को प्रमुख कार्य हो । संग्रहालयका विभिन्न कार्य तथा जिम्मेबारीहरु मध्ये अभिलेखिकरण एउटा महत्वपूर्ण कार्य मानिन्छ । संग्रहालय अभिलेखिकरण एउटा निरन्तर प्रकिया/कार्य हो । वस्तु संग्रह गर्नुपूर्व र वस्तु संग्रहालयमा ल्याईसके पछि फरक फरक तरिकाबाट अभिलेखिकरण गरिन्छ । अथवा यो संकलनको समयबाट प्रारम्भ हुन्छ र संग्रहालयका सम्पूर्ण गतिविधिमा अभिलेखीकरण गरिरहनु पर्दछ । प्रत्येक कलात्मक वस्तुको आःआफ्नै छुट्टै मूल्य, मान्यता, विशेषता रहेको हुन्छ । एक वस्तु अर्को वस्तुबाट कला, निर्माण प्रकिया, निर्माण प्रविधि, स्थान विशेष, भू–वनोट अनुसार फरक हुन्छ । यसरी यस्ता वस्तुहरुको विस्तृत विवरण विना संग्रहालयको उद्देश्य पुरा हुदैन त्यो अर्थहीन हुन्छ । जुन वस्तु संग्रह गरिन्छ त्यो वस्तुको पूर्ण विवरण राख्नु अभिलेखिकरण हो ।

पंजीकरण वा अभिलेखिकरणद्वारा संग्रहालयमा संग्रहित प्रत्येक वस्तुको स्थान एवं पहिचान प्राप्त हुन्छ । पंजीकरणद्वारा संग्रहालयमा संग्रहित प्रत्येक वस्तुको एक अंक दिइन्छ र यहि अंक प्रत्येक कला वस्तुमा लेखिन्छ । यहि अंकको माध्यमद्वारा विभिन्न कला वस्तुलाई

अलग गरिन्छ र सोही अभिलेखको साथ सो कला वस्तुसँग सम्बन्ध स्थापित हुन्छ । संग्रहालयको सुचारु सञ्चालन तथा मुल उद्देश्य प्राप्त गर्नको लागी पंजीकरणले सहयोग पुर्‍याउछ । (शुक्ल र पाण्डेय, २००२, पृ ३८)

"The primary purpose of documention is to insure the permanent, individual, absolute identification of each item in the collection" – E. Guthe

अभिलेखिकरण विना संग्रहालयमा संग्रहित वस्तुको उपयोगिता सिमित हुन्छ । यसरी वस्तुलाई आधिकारिकता प्रदान गर्ने, वैज्ञानिक रेकर्ड राख्ने, क्रमबद्ध तरिकाले वस्तु रेकर्ड राख्ने यी सम्पूर्ण कुरा नै अभिलेखिकरण हो । वस्तु कहाँबाट ल्याइएको हो ? पहिचान के हो ? कुन समयमा बनेको हो ? कहिले संग्रहमा राखिएको हो ? कुन उद्देश्यले संग्रहालयमा ल्याइएको हो ? कुन माध्यमबाट संग्रहालयले ल्याएको हो भन्ने जस्ता अनेकौ प्रश्नको उत्तर अभिलेखिकरणबाट प्राप्त गर्न सकिन्छ ।

अभिलेखिकरण अत्यन्तै सरलीकरण र वैज्ञानिक तरिकाले गर्नु पर्दछ । जसबाट संग्रहालयका कर्मचारीलाई सहज हुन्छ र संग्रहालयले पनि आफ्नो उद्देश्य पुरा गर्न सक्दछ । प्रत्येक संग्रहालयले पंजिकरण अथवा अभिलेखिकरणको लागी आ-आफ्नै किसिमले फरक फरक विधि अवलम्बन गरेका हुन्छन् । (शुक्ल र पाण्डेय, २००२,पृ ३९) जुन यसप्रकार छ ।

१ प्रथम चरण (संग्रह पुर्व)

संग्रहालयमा विविध वस्तुहरु विविध तरीकाबाट संग्रहको लागी प्राप्त भएका हुन्छन । यसरी प्राप्त वस्तुलाई दर्ता किताबमा दर्ता गरीन्छ र यसलाई अस्थाई दर्ता नम्वर दिईन्छ । यसपछी उक्त वस्तुलाई संग्रहालयमा व्यवस्थापन गर्ने क्रममा Deaccessioning र Reaccessioning समेत गरीन्छ । संग्रहालयमा प्राप्त वस्तु दर्ता गर्दा निम्न विधिबाट नम्वर प्रदान गरीन्छ । (शुक्ल र पाण्डेय, २००२,पृ ४०)

(क) अंकीय व्यवस्था

यस विधिबाट संग्रहीत वस्तुको प्राप्तीको वर्ष, संख्या र क्रमांकको बारेमा जानकारी हुन्छ । यो विधि पनि निम्न तीन प्रकारको हुन्छ ।

(१) एकल अंकीय व्यवस्था

यसमा संग्रहीत वस्तुको संग्रहालयमा दर्ताक्रम अनुसार क्रमांक दिईन्छ। जस्तै क्रमाङ्क १३०५१ भएको संग्रहीत वस्तुको संग्रहालयमा ५१ औ स्थान हुन्छ । यो विधि सानो संग्रहालयमा उपयूक्त हुन्छ।

(२) द्वि अंकीय व्यवस्था

यस विधिमा संग्रहीत वस्तुको दुईवटा अंक दिइन्छ । जसमा पहिलो प्राप्ती वर्षको अंक हुन्छ भने दोश्रो त्यस वस्तुको क्रमांक हुन्छ। जस्तै १९९०/३०१२ मा १९९० प्राप्तीवर्ष र ३०१२ क्रमांक हो। यो विधि ठुलो संग्रहालयमा मात्र उपयुक्त हुन्छ।

(३) त्रिअंकीय व्यवस्था

यस विधिमा संग्रहीत वस्तुको तीनवटा अंक दिइन्छ। जस्तै १९९०/०२/१३० मा १९९० प्राप्ती वर्ष, ०२ दर्ता नम्वर र १३० ग्यालरीको क्रमांक नम्वर हो।

(ख) दशमलव व्यवस्था

यस व्यवस्थामा दुई अंकको बीचमा दशमलवको प्रयोग गरिन्छ । जस्तै ९९.०७ यसमा ९९ को अर्थ इस्वी सन् १९९९ हो भने ०७ को अर्थ वस्तुको क्रमाङ्क हो । यो आधुनिक प्रयोग विधि हो तर यसमा दशमलव सावधानी साथ लगाउनु पर्दछ।

(ग) मिश्रीत व्यवस्था

यसमा अङ्कको साथ साथै अक्षरको पनि प्रयोग गरिन्छ। जस्तै क / ३२०१/ यसमा क ग्यालरी संख्या वा रजिष्टरको क्रमाङ्क हो भने ३२०१ त्यस वस्तुको क्रमाङ्क हो।

(घ) संकेतात्मक व्यवस्था

यसमा वस्तुको प्रदर्शन गर्नको लागी संक्षेपमा शब्दको प्रयोग गरिन्छ । जस्तै चि/ल/ १३५/ यसमा चि को अभिप्राय चित्रकला, ल को लघु चित्रकला र १३५ को लघु चित्रकलाको क्रमाङ्क हो।

यस प्रकार विभिन्न संग्रहालयमा फरक फरक किसिमबाट वस्तुको अभिलेखीकरण गरिन्छ । यसरी नम्बर लगाउदा सुरक्षाको दृष्टिकोणले गोपनियता कायम राख्नु पर्दछ । नम्बर लगाउदा सबै वस्तुमा एकै अनुपातमा लगाउनु पर्दछ । जसले गर्दा वस्तुको प्रदर्शनीमा सुन्दरता र स्पष्टता देखिन्छ । नम्बर लगाउदा कला वस्तुको पछाडि लगाउनु पर्दछ । जसले गर्दा नम्बर मेटिने वा हराउने सम्भावना हुदैन । नम्बर लगाउदा कला वस्तुको सजिवता आर्कषक र पूर्णतामा कमै प्रकारको अन्तर नआउने किसिमले लगाउनु पर्दछ ।

२ द्वितिय चरण (संग्रहको समय)

जव कुनै पनि कला वस्तुको स्वामित्वको अधिकार स्थायी रुपमा संग्रहालयलाई प्राप्त हुन्छ । त्यस पछि उक्त वस्तुलाई दर्ता रजिष्टरमा दर्ता गर्नु पर्दछ । यसको लागी  मजबुत एवं टिकाउ कागजको रजिष्टर प्रयोग गर्नु पर्दछ । दर्ता रजिष्टर तीन किसिमको हुन्छ । ( शुक्ल र पाण्डेय, २००२,पृ ४१)

(क) वाउण्ड लेजर – सबै लेजर शीटको एक साथ गाता हालेको हुन्छ ।

(ख) लुज शीट – प्रत्येक कला वस्तुको अलग अलग खुला शीट हुन्छ ।

(ग) लीफ रजिष्टर – यसमा पनि प्रत्येक कला वस्तुको अलग अलग खुला शीट हुन्छ ।

दर्ता रजिष्टरमा दर्ता गर्ने समयमा सर्वप्रथम प्राप्ती अंक दिनुपर्दछ । अन्तराष्ट्रिय अंक पद्धति अनुसार प्राप्ती अंकलाई तीन भागमा विभाजन गरिएको हुन्छ । यसमा प्रथम भाग संग्रहको वर्ष, दोश्रो भाग संग्रह प्राप्तीको क्रम र तेश्रो भागमा वस्तुको क्रम संख्या दिइएको हुन्छ । जस्तै – ९८/१५/३ यसमा १९९८ मा प्राप्त संग्रहको पन्ध्र प्राप्तीको तेश्रो वस्तु भन्ने हुन्छ । यदि कुनै वस्तु दुई वा दुई भन्दा बढी भागमा हुन्छ भने त्यसको लागी चौथो अंक पनि सम्मिलित गर्नुपर्छ । जस्तै – १९९८/१५/३/२ यसमा १९९८ मा प्राप्त संग्रहको पन्ध्र प्राप्तीको तेश्रो वस्तुको दोश्रो भाग भन्ने हुन्छ । यदि कुनै वस्तु वा वस्तुको भाग दुई वा दुई भन्दा अधिक टुक्रामा टुक्रा भएको छ भने चौथो वा पाँचौ अंक पनि आवश्यकता अनुसार लेख्नु पर्दछ ।जस्तै ९८/१४ /१ क यसमा प्राप्त संग्रहको चौध प्राप्तीको पहिलो वस्तुको पहिलो टुक्रा ९८/१५/३/२  वर्ष १९९८ मा प्राप्त संग्रहको पन्ध्रौ प्राप्तीको तेश्रो वस्तुको दोश्रो भागको पहिलो टुक्रा भन्ने हुन्छ । (शुक्ल र पाण्डेय, २००२,पृ ४२)

३ तेश्रो चरण (संग्रहको पछि )

संग्रहालयको कार्य पंजिकरण गर्ने क्रममा संग्रह गरिएको वस्तुको दर्ता रजिष्टरमा दर्ता गरेपछि मात्र समाप्त हुदैन । संग्रहको व्यवस्थापन गर्न र विभिन्न उद्देश्य पुरा गर्नको लागी विभिन्न दस्तावेज (अभिलेख) तयार गर्नु पर्दछ । अभिलेख प्रत्येक संग्रहालयको आवश्यकता एवं निति अनुरुप तयार गरिन्छ । अभिलेखहरु यस प्रकार छन् । (शुक्ल र पाण्डेय, २००२,पृ ४२)

(क) वर्गीकृत रजिष्टार

संग्रहालयमा रहेका कला वस्तुको सजिलोसंग प्रयोग गर्नको लागी तिनिहरुलाई निश्चित वर्ग वा श्रेणीमा विभाजन गर्ने गरिन्छ । यस किसिमको विभाजन धेरै संग्रह भएको संग्रहालयमा वा विभिन्न संग्रह विभाग भएको संग्रहालयमा बढि फाइदाजनक हुन्छ । ठूला संग्रहालयमा संग्रहको सम्बन्धित विभागमा पठाइएको वस्तु वर्गीकुत रजिष्टारमा दर्ता गरिन्छ । जस्तै संग्रहको रुपमा प्राप्त मुद्रालाई दर्ता रजिष्टारमा दर्ता गरि मुद्रा विभागमा पठाइन्छ । दर्ता रजिष्टारमा संग्रहालयको संग्रहको क्रममा प्राप्त सबै वस्तुको दर्ता गरिन्छ भने वर्गिकृत रजिष्टरमा एकै वर्गको वस्तु मात्र दर्ता गरिन्छ ।

(ख) सूचिपत्र

पुस्तकालयमा पुस्तक राख्न वा प्राप्त गर्न सूचि पत्र बनाए जस्तै संग्रहालयमा संग्रहित वस्तुको सूचिपत्र तयार गरिन्छ । सूचिपत्रलाई निम्न पाँच समुहमा तयार गरिन्छ । ( शुक्ल र पाण्डेय, २००२,पृ ४३)

(१) वर्षको आधारमा

(२) वर्गको आधारमा

(३) स्थानको आधारमा

(४) पदार्थको आधारमा

(५) केन्द्रिय पंजिकरण विभागको आधारमा

सूचिपत्रको माध्यमबाट संग्रहालयमा संग्रहित वस्तुको प्रकार एवं सो को प्रदर्शन स्थलको बारेमा जानकारी प्राप्त हुन्छ । वस्तुको स्थान परिवर्तन भएको अवस्थामा सूचिपत्रको स्थानको ठाउँमा नयाँ स्थान लेखिन्छ । सूचिपत्रमा कम संख्या, वस्तुको नाम, प्राप्त भएको स्थान, संग्रह मिति, वस्तुको विवरण, प्राप्तीको तरिका, निर्माण काल, नाप र तौल, वर्गीकरण, राख्ने स्थान र वस्तुको संख्या आदी विवरणहरु रहेका हुन्छन ।

(ग) क्याटलग कार्ड

संग्रहालयमा संग्रहित प्रत्येक कला वस्तुको विस्तृत विवरण राख्नको लागी Catalogue Card तयार गरिएको हुन्छ । अनुसन्धानद्धारा प्राप्त विविध प्रकारको जानकारी यसमा लेखिएको हुन्छ । यसमा संग्रहीत वस्तुको सम्पुर्ण विवरण, इतिहास, स्थिति आदी खुलाइएको हुन्छ । यसैले "A Catalogue Card which is an effective medium to convey detailed and authoritative information about an object must be simple, precise and easy to maintain" भनिन्छ । (शुक्ल र पाण्डेय, २००२,पृ ४४)

(घ) स्टोर रजिष्टर/उपचार रजिष्टर

संग्रहालयले आफ्नो संग्रहको सबै वस्तु एकसाथ प्रदर्शन गर्दैन, चोरीको भयले बहुमुल्य वस्तुहरु स्टोरमा राख्दछ अथवा संग्रहीत वस्तुको अदल बदल गरी प्रर्दशन गर्ने उदेश्यले स्टोरमा राख्दछ । यस कार्यका लागी स्टोर रजिष्टर राखिएको हुन्छ । साथै संग्रहीत वस्तुको प्रयोगशालामा लैजाने ल्याउने र उपचारको प्रकृति आदीका विवरण राख्नको लागीउपचार रजिष्टरको व्यवस्था गरीएको हुन्छ ।

(ङ) वजेट रजिष्टर

संग्रहालयले आफ्नो आय व्याय विवरणको लागी वजेट रजिष्टर बनाएको हुन्छ । यसलाई आवश्यक कारवाहीको लागी सरकार समक्ष पनि पठाएको हुन्छ । यसमा अनुमानित व्यय, सुरक्षाको खर्च, कर्मचारीको तलव भत्ता, प्रदर्शन खर्च, परिक्षण खर्च, वस्तुको ऋण विकय र अन्य खर्च आदी विवरणहरु उल्लेख हुन्छन ।

अभिलेखिकरण संग्रहालयको मेरुदण्ड हो । वर्तमान समयमा पंजीकरणको लागी कम्प्यूटर प्रयोग हुने गरेको छ । (शुक्ल र पाण्डेय, २००२,पृ ४६)

### २.४.३ संरक्षण एवं सुरक्षा

संग्रहालयमा संग्रहीत साँस्कृतिक सम्पदा कुनै पनि राष्ट्रका पहिचान र समुन्नतीको संवाहक हुन् । यसले विभिन्न काल खण्डका साँस्कृतिक वैभवता र विविध साँस्कृतिकताको व्याख्या गर्दछ । संग्रहीत यि वहुमूल्य सम्पत्तिले तत्कालिन सीप, क्षमता र प्रविधिको प्रतिनिधित्व गर्दछन् । यी प्राचिन सीप तथा सृजनाहरु त्यस समयका साक्षी/प्रमाणहरु हुन् । त्यस्तै गरि ईतिहास, संस्कृति, धर्म, कला, सामाजिक पहिचान यि सबै सिङ्गो सभ्यताका अध्ययनका श्रोत हुन् । यि मानविय सृजना, राष्ट्रिय सम्पत्ति, राष्ट्रिय धरोहरहरु समय सापेक्ष विभिन्न कारणले नाश हुदै जान्छन् । जसलाई उचित स्याहार संभार तथा वैज्ञानिक अध्ययन अनुसन्धान निरन्तर गरिरहनु पर्दछ । विभिन्न काल खण्डमा निर्माण तथा प्रयोग भएका भौतिक सामानहरुका स्वरुप, अवस्था, रङ्गहरु समय सापेक्ष क्रमश नाश हुनाले तिनिहरुको उचित वैज्ञानिक परिक्षण गर्दै जानुपर्दछ । तसर्थ अघिल्ला पुस्ताहरुले सृजना गरेका सम्पदालाई चिरस्थायी राख्ने कार्यलाई संरक्षण भनिन्छ ।

विभिन्न माध्यमबाट संग्रह गरिएको प्रत्येक सामाग्रीलाई प्रत्येक अवस्थामा अस्तित्वको परिक्षण, निरिक्षण तथा उपचार गर्नुपर्दछ । प्राविधिक शल्यक्रियाबाट वस्तुलाई सदैव प्रदर्शन उपयुक्त बनाउनु पर्दछ । त्यसकारण प्रत्येक दिन गरिने साधारण सरसफाई देखि वैज्ञानिक उपचार विधिलाई संग्रहालय अर्न्तगत संरक्षण भनि बुझ्नु पर्दछ र अवलम्वन पनि गरिनु पर्दछ । प्राचिन समय देखि लामो ईतिहास बोकेको संरक्षण पद्दति आज वैज्ञानिक दृष्टिकोणबाट प्रतिष्ठित हुन पुगेको छ । विज्ञानमा आएको चमत्कारी उपलब्धी र परिवर्तनले संग्रहालयमा समेत महत्वपूर्ण उपलब्धी हुन पुगेको छ । संग्रहालय एक कलाकृतिका वस्तुहरु संकलन गर्ने तथा संरक्षण गर्ने वहुमूल्य भण्डार हो । मनोरञ्जन, शिक्षा र सूचनाको निमित्त अमूल्य संग्रह गरि सदैवको लागी संरक्षण गर्ने दायित्व संग्रहालयले लिएको हुन्छ । परिक्षण, अनुगमन, अध्ययन विना संरक्षण सम्भव हुदैन ।

संरक्षण एउटा अत्यन्तै संवेदनशील कार्य हो । वस्तुको मौलिक पहिचान र आधिकारिकतामा प्रतिकुल असर पार्न हुदैन । संरक्षण गर्दा वस्तुको पहिचानलाई लोप हुनेगरि गर्नु हुदैन । प्राचिन वस्तुहरुको संरक्षण गर्दा निहित अन्तर वस्तुको मूल्य, गुण, मौलिकता तथा प्रविधिलाई बुझेर बाहिरी कलात्मक अभिव्यक्ति तथा सुन्दरतालाई जोगाउन सक्नुपर्छ ।

संग्रहालय शिक्षाको महत्वपूर्ण माध्यम हो । यसैले संग्रहालयमा संग्रहित नमुनाको संरक्षण एवं सुरक्षाको समुचित व्यवस्था गर्नु आजको आवश्यकता हो । खास गरि विभिन्न किसिमको किराहरुको आक्रमणको कारण र जलवायु परिवर्तनको असरले गर्दा संग्रहालयको संरक्षण एवं सुरक्षामा चुनौति थपिएको छ । यसैले संग्रहालयको मुलभूत उद्देश्य, दायित्व एवं कार्य नै संग्रहको सुरक्षा एवं संरक्षण हो ।

संग्रहालयमा प्रर्दशित वस्तु, कला, विज्ञान एवं संस्कृतिको जीवित प्रमाण हो । यो शिक्षा एवं मनोरञ्जनको स्थल मात्र नभई अमूल्य कलाकृतिको वैज्ञानिक संरक्षण गर्ने प्रयोगशाला पनि हो । संग्रहालय मानव निर्मित कृतिहरुको राष्टिय भण्डार पनि हो । संग्रहालयमा रहेका वहुमूल्य सम्पदाहरु भावी पीढीको लागी संरक्षण गरि राख्नु राष्ट्रको कर्तव्य पनि हो । (शुक्ल र पाण्डेय, २००२,पृ ४७)

संरक्षण कार्य रक्षात्मक विज्ञान पनि हो । यस अन्तर्गत कलाकृतिलाई सुरक्षित राख्ने प्रयास गरिन्छ । संरक्षणद्धारा क्षतिग्रस्त सामाग्रीको पुनरुद्धार एवं सो को मौलिक अवस्था बनाइ राख्न सहयोग मिल्छ । कलाकृतिको स्थिती चिरस्थायी बनाइ राख्न यो एक अत्यन्त उपयोगी विधि हो । समुचित संरक्षणको अभावमा संग्रहित वस्तुको प्रदर्शन,अध्ययन एवं शिक्षण कार्य कठिन हुन्छ ।

संरक्षणको उदेश्य कलावस्तुलाई नष्ट, भ्रष्ट र स्वरुप परिवर्तन हुन नदिई यथारुपमा भावी सन्ततिलाई हस्तान्तरण गर्नु हो । संरक्षण कार्य पुर्व स्वरुपसंग मेल खाने गरी निम्न बमोजिम गर्नु पर्दछ । (कार्की र सिंह, २०६८,पृ ५)

(१) संरक्षण कार्य गर्दा मौलिकतासंग प्रतिस्पर्धा गर्ने गरी  नक्कल र मिथ्याकरण हुनुहुदैन ।

(२) संरक्षण कार्य गर्दा वास्तु वा संरचनाको मौलिक स्वरुपमा परिवर्तन गर्नु हुँदैन ।

(३) संरक्षण कार्य गर्दा सम्भव भएसम्म पुरानै र सम्भव नभएमा मात्र प्रयोग भएकै सामग्रीसँग मेल खाने गुण र प्रकृतिका नयाँ सामाग्रीहरु प्रयोग गर्नुपर्दछ ।

(४) संरक्षण कार्य गर्दा मौलिक स्वरुप र पद्दतिमा सकेसम्म न्यूनतम् थपघट मात्र (हस्तक्षेप) हुनुपर्दछ ।

(५) संरक्षण कार्यमा प्रयोग गरिने सामाग्रीहरु पछि आवश्यक परेमा उल्टाउन सकिने हुनुपर्छ।

(६) संरक्षण कार्य संरक्षण सम्बन्धि विशेषज्ञको उपस्थिति वा सल्लाहमा गर्नु पर्दछ ।

संरक्षणको गर्दा निम्न विषय वस्तुको ज्ञान हुनुपर्छ –

१. भौतिक एवं रासायनिक विज्ञानको ज्ञान हुनुपर्छ ।

(क) कार्वन तथा कार्वनरहित वस्तुको बारेमा ज्ञान हुनुपर्छ ।

(ख) धातु तथा माटोको गुण तथा संरक्षण विधिको ज्ञान हुनुपर्छ ।

(ग) जैविक तथा अजैविक वस्तुको ज्ञान हुनुपर्छ ।

२. वातावरणको कारणबाट नष्ट हुने प्रभावको बारेमा जानकारी राख्नुपर्दछ ।

३. संग्रहालयमा हुने जलवायु परिवर्तन तथा आद्रता सम्बन्धि गतिविधिको जानकारी हुनुपर्दछ

४. प्रकाशको कारणबाट क्रमश विस्तारै क्षती हुन सक्ने जानकारी हुनुपर्दछ ।

५. जैविकताको कारणाबाट (किराहरु) हुने नोक्सानीको बारेमा जानकारी हुनुपर्दछ ।

### २.४.३.१ संरक्षणको लागी सामाग्रीको वर्गीकरण

संग्रहालयमा संग्रहित कला वस्तुको संरक्षणको दृष्टिले निम्न प्रकारबाट वर्गीकरण गरिन्छ ।

१ आर्गनिक वस्तु

जुन कलाकृतिमा कार्वनको मात्रा विद्यमान हुन्छ त्यसलाई कार्वनिक वस्तु भनिन्छ । यस अन्तर्गत कागज, पाण्डुलिपि, हात्तिको दात, हड्डि, छाला, कपडा र काठका वस्तुहरु पर्दछन् ।

२ अकार्वनिक वस्तु

यस किसिमको वस्तुमा कार्वनको मात्राको अभाव हुन्छ । यसमा फलाम, सुन, तामा, चाँदी, सिसा एवं मिश्रीत धातु आदि पर्दछन् ।

३ सिलिका वस्तु

यसको निर्माण वालुवा वा रेतबाट मात्र बनेको हुन्छ ।

४ चित्र कला

यस अन्तर्गत भित्तेचित्र, तेलचित्र, लघुचित्र आदि पर्दछन् ।

५ क्षरण

कलावस्तुको प्रकृतिमा हुने परिवर्तनलाई क्षरण भनिन्छ । कलावस्तुमा हुने प्रारम्भिक क्षरणको सफाई एवं मर्मतद्वारा आंशिक रुपमा सफा गर्न सकिन्छ ।

### २.४.४ सफाई एवं मर्मत

संग्रहालयमा रहेका कला सामाग्रीको समय समयमा सरसफाइ तथा मर्मत गर्नु पर्ने हुन्छ । यसको निम्न मान्यता एवं सिद्धान्त रहेको छ । (शुक्ल र पाण्डेय, २००२,पृ ४९)

(क) सफाइ एवं मर्मतबाट कुनै पनि प्रकारको कला वस्तुको मौलिकता समाप्त हुनु हुदैन ।

(ख) पाण्डुलिपि आदिका अक्षरहरु मेटिनु हुदैन ।

(ग) सफाइ एवं मर्मत उपयुक्त सामाग्री वा माध्यमबाट गर्नुपर्छ ।

(घ) सफाइ एवं मर्मत धेरै दिन टिक्ने किसिमको हुनपर्दछ ।

(ङ) सफाइ एवं मर्मत अधिक खर्चिलो हुनुहुदैन ।

धुलो एवं फोहोरबाट संग्रहालयमा रहेका कलावस्तुमा विभिन्न सुक्ष्म जीवको जन्म भई कलावस्तुको वास्तविक स्वरुप नष्ट गर्न सक्छ । संग्रहालय एवं संग्रहित कलावस्तुको सफाई निम्न दुई किसिमबाट गर्न सकिन्छ –

१ व्रशद्वारा

व्रशद्वारा संग्रहालयका संग्रहित कलावस्तुको सफाई गर्न सकिन्छ । कलावस्तुमा लेखिएको छ भने व्रशद्धारा सफाइ गर्दा सो अक्षर मेटिन्छ वा मेटिदैन पहिले विचार गर्नुपर्दछ । यसको लागी पहिले पानिको प्रयोग गर्नु पर्दछ । लेखिएको अक्षर मेटिन्छ भने PVA वा सल्यूलाइड एनीटोन घोलको प्रयोगबाट यसको सुरक्षा गर्नुपर्छ ।

२ भ्याकुम क्लिनरद्वारा

यो एक किसिमको विद्युतिय यन्त्र हो ।यसको प्रयोग संग्रहालयको सफाईको लागी गरिन्छ । संग्रहालयको सम्पूर्ण स्थानको एवं वस्तुको सफाइ हप्तामा एक दिन गर्नुपर्छ । यसको प्रयोग निम्न तीन किसिमबाट गर्न सकिन्छ ।

(क) ग्लासको सफाई

यसबाट शोकेसको सफाई गर्न सकिन्छ ।

(ख) ब्लोअर सफाई

यस किसिमको सफाईमा भ्याकुम क्लीनरले हावा बाहिर फाल्छ जसबाट धुलो र माटो बाहिर उडी सफाई हुन्छ ।

(ग) बुक्टिव सफाई

यस किसिमको सफाईमा भ्याकुम क्लिनरको तलको भागले हावा खिच्छ र हावाको साथ सबै धुलोमैलो भ्याकुम क्लिनरको तल डिम्बामा रहेर टिश्यु पेपरले शोषी लिन्छ ।

संग्रहालयमा सफाई एवं मर्मत गर्दा निम्न कुरामा ध्यान दिनु पर्दछ ।

(क) संग्रहित वस्तुमा जम्मा भएको फोहोरलाई स्प्रिटद्धारा सफा गर्नुपर्छ ।

(ख) किरा लागेको अभिलेखहरु एरिनोफिनायल वा फीनेलको घोलद्धारा सफा गर्नुपर्छ

(ग) कला सामाग्रीको सामान्य सफाईमा डिटरजेण्ट–लिसोपोलको प्रयोग गर्नुपर्छ ।

(घ) तेलको धब्बा वा कुनै किसिमको रङको दाग वेन्जीन अथवा कार्वन टेट्राक्लोराइडद्धारा सफा गर्नुपर्छ ।

(ङ) मोमको धब्बा हटाउनको लागी वेन्जीन वा टोवलीन प्रयोग गर्नुपर्छ ।

(च) छालाको वस्तुको सफाई अल्कोहलबाट गर्नुपर्छ ।

(छ) पानीमा घुल्ने स्पाहीको सोडियम हाइड्रोक्लोराइडबाट हटाउनु पर्दछ ।

**२.४.५ प्रदर्शनी**

एउटा मात्र वस्तुलाई देखाइन्छ भने त्यो प्रदर्शन हो, एउटा वस्तुको साथमा अन्य वस्तुहरु पनि देखाइन्छ भने त्यो प्रदर्शनी हो । यसरी संग्रहालय प्रदर्शनी भनेको वस्तुलाई

खोजेर ल्याएर संग्रहालयमा संरक्षण गरिराख्नु हो भने त्यस्ता वस्तुलाई सुन्दर बनाएर सजाएर देखाउने कार्य संग्रहालयको प्रदर्शन हो ।

सुन्दर डिपार्टमेन्ट स्टोर, गरगहना पसल, जस्ता व्यवसायिक स्थानमा ग्राहकलाई आकर्षक गर्ने उद्देश्यले प्रदर्शन गरिएको हुन्छ । तर संग्रहालय प्रदर्शनी यस्ता प्रकारका प्रदर्शनी भन्दा फरक हन्छ । प्रचिन वहुमूल्य वस्तुका माध्यमबाट ज्ञान सूचना दिने उद्देश्यले वस्तुलाई निश्चित स्थानमा आकर्षक तरिकाले राख्ने विधिलाई संग्रहालय प्रदर्शनी भनिन्छ । वस्तुका माध्यमबाट सञ्चार गराउने तरिका वा बाटो नै प्रदर्शनी हो ।

संग्रहालय ज्ञानको भण्डार हुनाले शैक्षिक भावनालाई बुझेर प्रदर्शन विधि अपनाइएको हुन्छ । बृहद उद्देश्य पुरागर्ने तरिकाबाट संग्रहालय प्रदर्शन गरिएको हुन्छ । कतिपय कक्ष वा वस्तुलाई कम महत्व दिएमा संग्रहालयले आफ्नो उद्देश्य पुरा गर्न सक्दैन । संग्रहालय प्रदर्शन संवेदनशिल तथा जटिल कार्य मानिन्छ । सामान्य लार्पावाही तथा कम महत्व दिएमा वौद्धिक भावनात्मक इच्छा पुरा गर्न सकिदैन ।

प्रर्दशित वस्तुका माध्यमबाट दर्शकका मनलाई जित्न सक्नु पर्दछ । संग्रहित वस्तुलाई प्रदर्शन गरि त्यसको निर्माण समय, स्थान, कलात्मक विशेषताका बारेमा जानकारी दिने उद्देश्यले प्रदर्शनी गर्नुपर्दछ । त्यस्तै गरि वस्तुको प्राविधिक पक्ष, कलात्मक सुन्दरता, आन्तरिक मूल्य, ईतिहास तथा साँस्कृतिक महत्व आदिलाई दर्शक सामु प्रस्तुत गर्नु पर्दछ । त्यसकारण संग्रहालयको आदर्शता सौर्न्दय प्रदर्शनी हो ।

संग्रहालय व्यवस्थापनको महत्वपूर्ण कार्य प्रर्दशनी हो । प्रर्दशनको लागि कक्षाहरुमा प्रयाप्त स्थान, विद्युत, तापकम, हावापानी र आधुनिक शोकेसहरुको व्यवस्था हुनुपर्दछ । यस्तै प्रर्दर्शित वस्तु अनुरुप पृष्ठभूमि, रङ्ग, कपडा आदिमा ध्यान दिनुपर्दछ । प्रर्दशन गरिएका वस्तुहरु आँखाको सतहमा हुनुपर्दछ । त्यस्तै अन्तराष्ट्रिय संग्रहालय पद्धति अनुसार प्रत्येक वस्तुको चालीस प्रतिशत वस्तु प्रर्दशन कक्षमा र साठी प्रतिशत अनुसन्धान कक्षमा राख्नु पर्दछ र फेरि केहि समय पछि यसमा फेरबदल गर्नुपर्दछ । (द्विवेदी, २०३२,पृ ४) यसका साथै संग्रहालय प्रदर्शनीमा निम्न बिषयहरुमा ध्यान पुर्‍याउनु पर्छ । (शुक्ल र पाण्डेय, २००२,पृ ६१)

(१) प्रदर्शनीले संग्रहालयको उदेश्य प्राप्त गरिनु पर्छ ।

(२) प्रदर्शन गर्दा वस्तु सुरक्षित एवं संरक्षित हुनुपर्छ ।

(३) प्रदर्शन गर्ने क्रममा बच्चा, बृद्ध, अपाङ्ग आदिका लागी सुविधायुक्त हुनुपर्छ ।

(४) प्रदर्शन स्वच्छ सफा हुनुपर्छ ।

(५) प्रदर्शन व्यवस्थित र आकर्षक हुनुपर्छ ।

(६) प्रदर्शनले यात्रुको ध्यानलाई केन्द्रित गराउन सक्नुपर्छ ।

(७) प्रदर्शनले यात्रुलाई भावुक बनाउन सक्नुपर्छ ।

(८) प्रदर्शन अत्यन्तै सरल हुनुपर्दछ ।

(९) प्रदर्शनले मान्छेलाई कौतुहल बनाउन सक्नुपर्छ ।

**२.४.५.१ संग्रहालय प्रदर्शनीका आवश्यक तत्वहरु**

प्रदर्शनी भनेको एउटा मात्रै विषय वस्तुमा आधारित हुदैन । संग्रहालय प्रदर्शनी विविध विषयको समिश्रित हुन्छ । वस्तु एउटा मात्रै हो तर त्यसलाई प्रभाव पार्ने विविध विषयको आवश्यकता पर्दछ । त्यो वस्तुलाई पूर्ण रुपमा प्रदर्शीत गर्न विविध तत्वको आवश्यकता पर्दछ । यि विभिन्न तत्वले संग्रहालय प्रदर्शनीमा उत्तम वातावरण सृजना गर्दछन् । अन्य प्रदर्शनी भन्दा संग्रहालय प्रदर्शनी विशेष तरिकाबाट गरिएको हुन्छ । किन कि यसले शिक्षा र ज्ञान प्रदान गरि रहेको हुन्छ । यसका तत्वहरु निम्न छन ।

(१) पर्याप्त क्षेत्र

संग्रहालय प्रदर्शनीका निमित्त प्रयाप्त क्षेत्रको आवश्यकता पर्दछ । यात्रुहरुको विचारलाई ध्यान पुर्‍याउदै बाहिरी र भित्रि क्षेत्र खुला हनु पर्दछ । बाहिर पार्किङ एरिया, खेलमैदान, खुला बाटो, खुला ठाउँ, बगैंचा, उपहार पसलहरु आदि हुनु पर्दछ । यिनीहरु बाहिरी तत्वहरु हुन् जसले प्रदर्शनीलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याउँछ । त्यस्तै सामाग्रीको सुरक्षा, लकर व्यवस्था आदिको व्यवस्थापन हुनुपर्दछ । भवन भित्र रेष्टुरा, पुस्तकालय, नाट्यशाला, प्रयोगशाला आदी क्षेत्रको व्यवस्था गर्नुपर्छ । यदि खुला क्षेत्र पर्याप्त नभएको अवस्थामा यात्रुहरुले बढि सुचना प्राप्त गर्न सक्दैनन् । तसर्थ संग्रहालयमा संग्रहित वस्तुको प्रकृति, स्वरुप, आकार, आकृति अनुसार क्षेत्र निर्धारण गर्नुपर्दछ । संग्रहालय प्रदर्शनी

अर्न्तगत वस्तुलाई मात्र देखाउने उद्देश्य होइन, यसको मूल्यमान्यता, कला, महत्व, सुन्दरता, प्रविधिको महत्व पनि दर्शाउन सक्नुपर्दछ । तसर्थ खुला क्षेत्रमा सहज प्रर्दशनी गर्नु पर्दछ ।

(२) भवन

प्रदर्शनीको उद्देश्य प्राप्तीका निमित्त भवनको महत्वपूर्ण भूमिका हुन्छ । संग्रहालयमा संकलित वस्तु र संग्रहालयको उद्देश्य अनुसार भवन बनाउनु पर्दछ । प्रवेद्वार देखि अन्तिम निष्कासन सम्म यात्रुलाई सुविधा हुने गरि भवन बनाउनु पर्दछ । संग्रहालय भवन बनाउदा केहि कुरामा ध्यान दिनुपर्दछ जसमा भवन आफैमा पृथक तथा संग्रहालयका लागी उपयोगी हुनुपर्दछ । वैज्ञानिक प्रयोजनात्मक उपयोगी मुलक भवन हुनुपर्दछ । यसै अनुसारले प्रदर्शनी व्यवस्था हुनुपर्दछ । वालक, बृद्ध, अपाङ्ग, कलाकार, अनुसन्धानकर्ता, सवै वर्गका मानिसलाई उत्तम हुने गरि प्रर्दशन गर्न सकिने भवन निर्माण गर्नुपर्दछ । यात्रुहरु संग्रहालयमा भ्रमण गर्ने क्रममा आराम कक्षको व्यवस्था गर्नुपर्दछ । ठाउँ ठाउँमा हरियाली र पानि आदिको व्यवस्था गर्नुपर्दछ । आराम कक्षको निर्माण हुनुपर्दछ । झ्याल ढोका विचार गरि बनाउनु पर्छ । सामान्यतय दुइवटा द्वार निर्माण गरिन्छ ।

(३) शोकेस

प्रदर्शनको प्रमुख आकर्षक शोकेसमा हुन्छ । संग्रहालयमा प्रदर्शन गरिने वस्तुहरु प्राय प्राचिन, जोखिम तथा संवेदनशिल हुने हुनाले शोकेसमा आकर्षक ढंगबाट प्रदर्शन गरिनु पर्दछ । शोकेस दुइ प्रयोजनको लागी प्रयोग गरिन्छ । एक सुरक्षा अर्को आकर्षण । वस्तुहरु खस्न, फुट्न, नछुन, रङ नजाने तथा आद्रता र वातावरणीय विविध कारणबाट बचाउन शोकेसको प्रयोग गरिन्छ भने वस्तुको सुन्दरता बढाउनको लागी पनि शोकेसको प्रयोग गरिन्छ । संग्रहालयमा निम्न ४ प्रकारका शोकेसहरु उपयोग गरिन्छ । । (शुक्ल र पाण्डेय, २००२,पृ ६१)

क टेबल शोकेस

ख भित्ते शोकेस

ग झुन्डाउने शोकेस

घ एक ठाउँबाट अर्को ठाउँमा लग्न मिल्ने शोकेस

यसरी भवन कक्ष, ग्यालरी, वस्तुको आकार, वस्तुको संख्या अनुसार कक्षको आकार अनुसार टेवलको आकार र संख्या निर्धारण गर्नुपर्दछ । यसका लागी प्राविधिकको सल्लाह अनुसार टेवल बनाउनु पर्दछ । त्यस्तै गरि शोकेसको सुन्दरताका लागी सामाग्री, रङ्ग र यसको आकारमा पनि ध्यान पुर्‍याउनु पर्दछ ।

(४) पृष्ठभूमि

पृष्ठभूमिले कलात्मक वस्तुको विशेष सुन्दरता प्रदान गर्ने काम गर्दछ । कलात्मक वस्तु राखिएको शोकेस, टेवल वा स्ट्याण्डको पछाडी राखिएको कपडालाई पृष्ठभूमि भनिन्छ । यो पृष्ठभूमिमा प्रयोग गरिने कपडाको आकार, प्रकृति, गुणस्तर, रङ अनुसार टेवल शोकेसमा राख्नु पर्दछ । संग्रहालयमा संग्रहित वस्तुलाई बढि आकर्षक बनाउन पृष्ठभूमि छनौटमा ध्यान दिनुपर्छ । जसको लागी विशेषज्ञको राय सल्लाहको अनुसरण गर्नुपर्दछ । वस्तुसँग मात्रै प्रदर्शन नभई त्यसको पृष्ठभूमि र त्यसको वातावरणले वस्तुको सुन्दरतालाई अझै बढाउन सक्दछ । ओझेलमा नपर्ने गरि रङ छनौट गर्नुपर्दछ । प्रदर्शनमा रङ बढि आकर्षक, प्रभावकारी र उत्प्रेरित हुनु पर्दछ ।

## २.४.६ शिक्षा, अनुसन्धान र प्रकाशन

संग्रहालय जनशिक्षाको ठूलो साधन हो । यो ज्ञानको ठूलो श्रोत हो । यो अन्य शिक्षण संस्था जस्तै महान शिक्षण संस्था हो । संग्रहालय सभ्यता तथा संस्कृतिको केन्द्रविन्दु हुनाको साथ साथै हाम्रो राष्ट्रिय भावनाहरुको रोचक झलक प्रस्तुत गर्ने एक मात्र स्थायी साधन हो । अध्यायन र अन्वेषण यसको जीवन रक्त हो । (दाहाल र खतिवडा, २०६५,पृ ३३०)

शिक्षा प्रदान गर्नु संग्रहालयको महत्वपूर्ण कार्य मानिन्छ । संग्रहालयहरुले विद्यालय र महाविद्यालयहरु सञ्चालन गर्न पनि सक्दछन् । यसै गरि त्यस्ता संस्थाहरुले स्वयं आफूलाई आवश्यक पर्ने ज्ञानगुनका विषयसँग सम्बन्धित संग्रहालयहरु स्थापना गर्न सक्दछन् । सरकारी र निजि क्षेत्रमा स्थापना गरिएका स्वतन्त्र संग्रहालयहरुले पनि प्रचुरतम मात्रामा शिक्षा प्रदान गर्दछन् । संग्रहालयमा संग्रहित वस्तुहरु नै पुस्तकका खुला पाना मानिन्छन् । तिनिहरुका बारेमा गरिएका विश्लेषणले पनि सम्वन्धित विषयमा थप जानकारी दिन्छन् । पढेर भन्दा देखेर सिकेको विषय वस्तु नविर्सने खालको र दिगो तथा दरिलो हुने गर्दछ । संग्रहालयहरुले सिकाइएको श्रव्य दृष्य स्रोतको काम गरेको हुन्छ ।

विकसित मुलुकका कतिपय संग्रहालयहरुमा तत्सम्बन्धि विश्वविद्यालय नै सञ्चालन गरेको पाइन्छ । जस्तो फ्रान्सको लुव्र नामक स्थानमा कला सम्बन्धि विश्वविद्यालय नै सञ्चालन गरिएको छ । नर्वेको वर्गिन विश्व विद्यालयमा कला, पुरातत्व र प्राचिन इतिहास पढाउने विभागको नाम नै Historic Museum राखिएको छ । तर पनि संग्रहालयहरु अनुसन्धानका लागी ज्यादा उपयोगी हुने गर्दछन् । इतिहास र संस्कृति मात्र नभएर विज्ञान क्षेत्रको अनुसन्धानका लागी समेत संग्रहालयले महत्वपूर्ण स्थलको भूमिका निर्वाह गरेका हुन्छन् ।

संग्रहालयको कार्यक्षेत्र अर्न्तगत अनुसन्धान र प्रकाशन गर्नु पनि पर्दछ । ऐतिहासिक संकलित वस्तुहरुलाई चासोका साथ व्याख्या विश्लेषण गरेर संग्रहालयले सम्बन्धित विषयका विशेषज्ञहरुलाई पनि अनुसन्धान गर्न आह्वान गर्न सक्दछ । व्यक्तिगत रुपमा अनुसन्धान गर्ने मानिसहरुका लागी पनि त्यस्ता संग्रहित वस्तुहरु ज्यादै उपयोगी ठहर्ने गर्दछन् ।

संग्रहालयहरुले अनुसन्धान गर्ने गराउने मात्र नभएर प्रकाशन गर्ने कार्य समेत गर्दछन् । संग्रहालयमा संग्रहित वस्तुहरु तथा तिनिहरुको व्याख्या विश्लेषण र टिकाटिप्पणी सबैको जानकारीको लागी प्रकाशन गर्ने गरिन्छ । त्यस्ता सामाग्रीका आधारमा पनि धेरै विषय वस्तुको बारेमा जानकारी पाउन सकिन्छ । अनुसन्धानकर्ताका लागी त त्यस्ता सामग्री अझ उपयोगी हने गर्दछ । आफूले गराएको अनुसन्धान प्रकाशन गर्ने कार्य पनि संग्रहालयकै हो । त्यस्तो प्रकाशन सर्वसाधारणलाई समेत बिक्री वितरण गर्ने गरिन्छ ।

## २.५ संग्रहालयमा मुद्राको प्रर्दशन

मुद्राको अग्र भाग र पृष्ठ भाग हुन्छ । यि दुवै भागमा कुनै न कुनै तथ्य लेखिएको हुन्छ । यि दुवै भागमा ईतिहास लुकेको हुन्छ । यसकारण संग्रहालय प्रदर्शनीमा यि दुवै भागको प्रदर्शन गर्न आवश्यक छ । तर मुद्राको प्रदर्शनीमा निम्न लिखित कठिनाईहरु आउने गर्दछ । (शुक्ल र पाण्डेय, २००२,पृ ७५)

(क) सिक्काको आकार सानो हुने हुँदा दर्शकको ध्यान आकर्षण गर्न सक्दैन ।

(ख) सिक्का सुन चाँदी जस्ता वहुमूल्य वस्तुबाट पनि बन्ने हुदा यसको सुरक्षामा ध्यान दिनु पर्छ ।

(ग) सिक्काको आकृति सानो हुने हुदाँ यो स्पष्टसँग देखिदैन यसले सिक्कालाई राम्रोसँग प्रदर्शन गरिएन भने दर्शकले देख्न सक्दैनन् ।

(घ) सिक्कामा लेखिएको अक्षरको शुरुवात र अन्त्य कहाँबाट भएको हो ध्यानपूर्वक हेर्दा मात्र थाहा हुन्छ । यसैले सिक्काको प्रदर्शन गर्दा स्पष्ट पढ्न र देख्न सक्ने किसिमले गर्नुपर्दछ ।

(ङ) सिक्काको दुवै भागमा अक्षर र अंक मुद्रित हुने हुदाँ यसको प्रदर्शनमा दुवै तिरको अधिकाँश भाग दर्शकको लागी देखाउन सक्नुपर्दछ ।

(च) दुर्लभ सिक्काको जानकारी धेरै नै कम दर्शकलाई मात्र हुन्छ । यसैले यस्ता सिक्काको जानकारी धेरै दर्शकलाई हुने गरि प्रदर्शन गर्नु पर्दछ ।

### २.५.१ संग्रहालयमा मुद्रा प्रदर्शनको तरिका

मुद्राको दुवै भागमा ईतिहास लुकेको हुन्छ । यसकारण संग्रहालय प्रदर्शनीमा यि दुवै भागको प्रदर्शन गर्न आवश्यक छ । यसैले मुद्रा प्रदर्शनीमा निम्न तरीका अवलम्वन गर्नु पर्दछ । (शुक्ल र पाण्डेय, २००२,पृ ७६)

(क) सिक्का प्रति दर्शकको आर्कषण बढाउनको लागी महत्वपूर्ण सिक्काहरुको ठूलो फोटो बनाई राख्नु पर्दछ ।

(ख) महत्वपूर्ण सिक्काहरुमा दर्शकको आर्कषण बढाउनको लागी यसको विशेष प्रदर्शनीमा ध्यान पुर्याउन पर्दछ । जसको लागी यस्ता मुद्राहरुको शोकेस संख्या कम राख्नु पर्दछ । बारम्बार दर्शकको आँखा यस्ता मुद्रामा पर्ने गरि शोकेसको डेकोरेशन गर्नुपर्दछ ।

(ग) सिक्काको प्रदर्शनीमा सिक्काको वजन,लेख,निर्माणकर्ता,निर्माण काल, निर्माण स्थल आदि परिचयात्मक लेवल लगाउनु पर्दछ ।

(घ) सिक्काको प्रदर्शनिको लागी प्रयोग भएको शोकेसमा प्रर्याप्त प्रकाशको व्यवस्था हुनुपर्दछ

(ङ) शोकेसको बनौट कसैले फुटाउन नसक्ने, ठक्करबाट नफुट्ने वलियो किसिमको हुनुपर्दछ । जसको लागी बुलेट प्रुफ शिसा र फलाम वा आल्मुनियमको फ्रेमको प्रयोग गर्नुपर्दछ ।

(च) शोकेसमा दुईवटा ताला लगाई सो को चापी दुई व्यक्तिले राख्नु पर्दछ । जसमा दुई व्यक्तिको उपस्थितिमा मात्र शोकेसको ताला खुल्न सकोस यसका साथै शोकेसको तल घण्टी राख्नु पर्दछ । जुन कसैले छुने वित्तिकै बज्न सकोस् ।

(छ) यदि संग्रहालयमा एकै प्रकारका धेरै सिक्का छ भने सिक्काको दुवै भाग एकै पटक देखिने गरि एक सिक्काको अग्र भाग र अर्को सिक्काको पृष्ठ भाग देखिने गरि राख्नु पर्दछ । यदि एक प्रकारको एउटा मात्र सिक्का छ भने अग्र भागलाई देखाई पृष्ठ भागको लागी फोटो खिचि एकै साथ राख्नु पर्दछ ।

(ज) सिक्काको छाँया चित्र प्रर्दशित गरिएको छ भने सो ठूलो हुनुहुदैन र लेवल पनि ठूलो हुनुहुदैन । यसमा राजा वा वंशको नाम र मिति अंकीत हुनु पर्दछ ।

(झ) सुनको सिक्का प्रदर्शनिमा राखिदा सधै चोरी हुने डर रहने हुदा त्यस्ता सिक्का प्रदर्शनिको लागी विशेष सावधानी अपनाउनु पर्दछ ।

### २.५.२ संग्रालयमा मुद्राको सफाई र संरक्षण

मुद्राहरु पुरातात्विक महत्वका वस्तु मानिन्छ । तिनीहरु अनेक प्रकारका धातुबाट निर्मित हुन सक्छन् । मुद्राको सफाई र संरक्षण मुद्रा निर्मित धातुमा निर्भर रहने गर्दछ । ( दाहाल र खतिवडा, २०५६,पृ ३०६) मुद्रा निकै जीर्ण भएमा र ज्यादा फोहर देखिएमा त्यसलाई विद्युतीय विधि अपनाएर सफा गर्न सकिन्छ । यसका लागि काष्टिक सोडाको २.५ प्रतिसत घोल एक काँचको कचौरामा राख्नु पर्दछ । त्यसपछि एक ब्याट्री लिने ब्याट्रीको ऋृणात्मक ध्रुवमा मुद्रा तथा धनात्मक ध्रुवमा ग्रेफाइटको टुका झुण्डाएर काष्टिक सोडाको घोलमा डुबाउनु पर्दछ । त्यसपछि ग्रेफाइट र मुद्रामा विद्युतीय शक्ति ब्याट्रीबाट पठाइन्छ । यसबाट मुद्रामा रहेको फोहर सफा हुने गर्दछ । मुद्रा पूर्णरुपमा सफा नहुन्जेल सम्म यस्तो कार्य गरि नै रहनु पर्दछ । मुद्रा सफा भएपछि त्यसलाई सफा पानीले र पोलिह्विनाइल एसिटेटको लेप लगाउनु पर्छ ।

मुद्राहरु ज्यादै जीर्ण अवस्थाको रहेमा तिनिहरुको विद्युतिय उपचार सम्भव नभएमा त्यसलाई रासायनिक उपचार गनुपर्दछ । यसमा तामा वा तामा मिसाइएको धातुको मुद्रालाई एक प्रतिशत टार्टारिक एसिड, १ प्रतिशत काष्टिक सोडा र १० प्रतिशत पानीको घोलले

सफा गनुपर्दछ । त्यस पछि सफा पानीमा धोएर पोलिह्विनाइल एसिटेटको लेप लगाए पछि तामा मिश्रित मुद्रा सफा र संरक्षित हुने गर्दछ ।

धातुको मुद्रामा देखापर्ने रातो अक्साइड (खिया) हटाउनको लागी निम्न उपायहरु अवलम्वन गनुपर्दछ ।

क, साइट्रिक एसिड र ५० प्रतिशत सल्फ्युरिक एसिडको घोलमा मुद्रालाई डुवाउने ।

ख, एमोनिया लगाउने ।

ग, सफा पानीले धुने ।

घ, धोएको पानीमा सिल्भर नाइट्रेटको लेपन लगाउने ।

यदि मुद्रा पूर्णरुपमा दाग वा खिया लागेको अवस्थामा छ भने त्यसलाई सोडियम मेटाफस्फेटको १० प्रतिशत घोलमा डुबाएर राख्नु पर्दछ । त्यस्तो दाग हटेर नजाउन्जेल सम्म त्यस्तो घोलमा वस्तु डुबाइ राख्नु पर्दछ ।

तामा मिसाएको चाँदीको मुद्रामा तामाको खिया आएको हुन सक्दछ । त्यस्तो मुद्राको खिया हटाउन ३ प्रतिशत सल्फ्युरिक अम्लको घोल प्रयोग गरिन्छ । यसबाट खिया हटे पछि त्यसलाइ ब्रस गर्ने तथा शुद्ध पानीले धुनुपर्दछ । शुद्ध चाँदीको मुद्रालाई फार्मिक एसिडले धोएर सफा गरिन्छ । यसरी मुद्रालाइ सफा गरेपछि तिनमा खिया नआओस् भनि पोलिह्विनाइल एसिटेटको लेप लगाएर संरक्षण गरिन्छ ।

## २.६ प्रकाश व्यवस्था

ग्यालरी वा प्रदर्शनी कक्षको निर्माण गर्दा वा व्यवस्था गर्दा प्रकाशले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । प्रदर्शनीमा राखिने कतिपय वस्तुहरुको आयू ह्रास हुनमा प्रकाश वा प्रदर्शनी कक्षको तापकम पनि महत्वपूर्ण भूमिका हुन्छ । कुनै वस्तुहरु अधिक प्रकाशको करण नष्ट हुन जान्छ भने कुनै वस्तुहरु कम प्रकाशको कारण नष्टहुन जान्छ । तसर्थ वस्तुहरुको सम्वेदनशीलता अर्थात प्रकृति माथि विचार पुऱ्याउदै उचित तरिकाले प्रकाशको व्यवस्था गर्नु पर्छ । अर्थात विश्वभरि नै प्रदर्शन कक्षमा प्रकाश व्यवस्था एकै प्रकारले हुनुपर्छ भनेर भन्न सकिएको छैन् । तथापि देशको भूगोल पर्यावरण र वातावरण तथा जलवायुलाई ध्यान दिँदै प्रकाश व्यवस्था गर्नुपर्छ भन्ने मान्यता रहि आएको पाइन्छ । (श्रेष्ठ, २०६२,पृ ८४)

वास्तवमा ३ वटा श्रोतहरुबाट प्रकाश प्राप्त हुन्छ ।

(क) सुर्य

(ख) टुकि

(ग) विजुली

यि ३ वटा श्रोतबाट प्राप्त हुने प्रकाशले वस्तुलाई प्रभाव पारिरहेको हुन्छ । सुर्यबाट आउने Ultraviolet Ray र X-Rays आदिको कारण वस्तुहरुमा रासायनिक परिवर्तन हुने गर्छ र वस्तुको आयुमा ह्रास हुन जान्छ । संग्रहालयमा टुकिको प्रयोग भने कहिल्यै पनि गर्न हुदैन । किन भने टुकिबाट निस्कने कार्बनडाइअक्साइड ग्यासले प्रदर्शनी कक्षको वातावरण प्रदुषित हुन जान्छ । वस्तुत प्रदर्शनी कक्षहरुमा नियन्त्रण गरिएको प्राकृतिक प्रकाश र विजुली बत्ति नै उपयुक्त मानिन्छ । यसरी विजुली बत्तिको प्रयोग गर्दा यसले शोकेसमा राखिएको वस्तुमा सुरक्षण तथा सौन्दर्य प्रदान गर्नुको साथै दर्शकको आँखालाई पनि असर गर्देन ।

प्रदर्शनीकक्षमा सन्तुलित रुपमा प्रकाशको व्यवस्था गर्नु एक महत्वपूर्ण तर जटिल कार्य हो । उचित ढंगले प्रकाशको  व्यवस्था गरिएमा वस्तुको सुरक्षणको साथै प्रदर्शनी कक्षको सौन्दर्यता झल्किन्छ । यस बाहेक मुलत : दुइवटा उद्देश्यले संगहालयमा प्रकाशको व्यवस्था गरिन्छ । (सिंह, १९८७, पृ १०८)

(क) उच्चतम रुपमा वस्तुहरुको सम्वेदनशिलतालाई ख्याल गर्दै तिनको सुरक्षामा ध्यान पुऱ्याउन ।

(ख) दर्शकको शारीरिक तथा मानसिक चाहनालाई पुरा गर्न ।

प्रकाशलाई प्रदर्शित वस्तुमा केन्द्रित गरिन्छ । संग्रहालय भवन पुरानै भएता पनि प्रदर्शित वस्तुको महत्व नघ्टने गरि प्रकाशको व्यवस्था गर्नुपर्छ ।

डा. ए. पि. सिंहले प्राकृतिक प्रकाशको महत्वलाई जोड दिँदै प्राकृतिक प्रकाशको प्रयोगका विधिहरुलाई निम्न प्रकारले चर्चा गर्नु भएको छ –

(क) साइड लाइटिङ्ग – यस विधिबाट प्राकृतिक प्रकाशको प्रयोग गर्दा प्रदर्शनी कक्षको पर्खालको माथिपट्टी स–साना खिड्कीहरु (Ventilation) मार्फत प्राकृतिक प्रकाश लिइन्छ ।

(ख) रिबन विण्डोज – संग्रहालय प्रदर्शनी कक्षको उत्तरी पर्खालको लगभग ५ फिट माथि स–साना झ्यालहरु बनाइन्छ र संग्रहालयको लागी आवश्यक प्रकाश लिइन्छ । यस्तो विधिलाई रिबन विण्डोज भनिन्छ ।

(ग) स्काइ लाइट – यस विधिबाट प्राकृतिक प्रकाशको प्रयोग गर्दा संग्रहालयको छानोमा बुलेटप्रुफ काँच मार्फत संग्रहालयमा प्रकाश पठाइन्छ ।

### २.६.१ कृत्रिम प्रकाशको व्यवस्थापन विधि

प्राकृतिक प्रकाशको व्यवस्था भन्दा कृत्रिम प्रकाशको व्यवस्था गर्न सहज हुन्छ, किन भने कृतिम प्रकाशको व्यवस्था गर्दा आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरेर चाहेको ठाउँमा चाहेको अवस्थामा प्रयोग गर्न सकिने भएकोले यस विधिलाई महत्वपूर्ण मानिन्छ । कृतिम प्रकाश ट्युवलाइट, बल्ब, सि.एफ.एल.चिम आदिको माध्यमबाट प्रयोग गर्न सकिन्छ । कृतिम प्रकाशको प्रयोग पनि दुई तरिकाले गर्न सकिन्छ । (शुक्ल र पाण्डेय, २००२,पृ ११५)

१. प्रत्यक्ष कृतिम प्रकाश :

वस्तुहरुलाई केन्द्रित गरि देखाउनको लागी प्रत्यक्ष प्रकाशको प्रयोग गरिन्छ भने कोठाको उज्यालोको लागी अप्रत्यक्ष प्रक्रियाबाट प्रकाश दिने गरिन्छ । अत : संग्रहालयको प्रकृति हेरि दुवै प्रकारका प्रकाशको प्रयोग गर्नु उपयुक्त देखिन्छ । संग्रहालय भवनमा प्रकाशको व्यवस्था सुनिश्चित गर्नको लागी निम्न लिखित विषयमा ध्यान पुऱ्याउनु पर्दछ ।

क. विद्युतिय तार र स्वीचबक्स छोपिएको हुनुपर्दछ ।
ख. प्रकाश व्यवस्था शान्तिपूर्ण एवंम् सुखद हुनुपर्दछ ।
ग. रंगिन प्रकाशको व्यवस्था गर्दा होसियारी अपनाउनु पर्दछ ।
घ. कलावस्तुको रंगसंग मिल्ने प्रकाश व्यवस्था हुनुपर्दछ ।

२.अप्रत्यक्ष कृत्रिम प्रकाश :

ग्यालरी वा कक्षहरुको उज्यालोका लागी अप्रत्यक्ष तरिकाले कृत्रितम प्रकाशको व्यवस्था गर्न सकिन्छ ।जस्तो सिलिंगको एक कुनामा राखिएको ट्युवलाइट मार्फत सम्पूर्ण कक्षमा प्रकाश छर्न सकिन्छ । संग्रहालय परिसरको वातावरण अनुसार प्रकाशको व्यवस्था गर्नु पर्छ । संग्रहालयमा भएका विभिन्न प्रकारका वस्तुहरुमा ढुसी नलागोस नमक्किउन भनेर तथा प्राकृतिक प्रकाशकै लागी पनि वायु सञ्चारण (Ventilation) को प्रयोग गर्नुपर्छ । यसले

गर्दा संग्रहालय भित्रको तापक्रम सन्तुलनमा राख्न सहयोग पुऱ्याउँछ । तसर्थ संग्रहालय भवन निर्माण गर्दाको समयमै प्रकाश व्यवस्थापनको लागी सहि तरिकाले योजना बनाएको खण्डमा प्रदर्शित वस्तुहरुको प्राकृतिक क्षती हुन बाट बचाउन सकिन्छ ।

### २.६.२ संग्रहालयमा प्रकाशको प्रभाव

प्राकृतिक प्रकाशमा इन्फ्रारेड एवं अल्ट्राभाइलेट किरण हुने हुदा यो संग्रहालयमा संग्रहित वस्तुको लागी हानिकारक हुन्छ । प्रकाशले धातु अथवा सिलिकनबाट बनेको वस्तुलाई कम नोक्सान गर्छ भने कार्वनिक वस्तुहरु कपडा, कागज, पाण्डुलिपि, लघुचित्र तथा प्राकृतिक ईतिहासको कला वस्तुलाई धेरै प्रभावित गर्छ । कुनै पनि कला वस्तुमा प्रकाशको प्रभाव निम्न चार कुरामा निर्भर गर्छ। (शुक्ल र पाण्डेय, २००२,पृ १९७)

१ प्रकाशको प्रकृति वा श्रोत

२ प्रकाशको सघनता

३ प्रकाशको प्रचुरता

४ कलावस्तुको गुण

प्रकाशको कारण कला वस्तुमा निम्न लिखित प्रभाव पर्दछ ।

१ कलावस्तुको रङ धुमिल हुदै जान्छ ।

२ रासायनिक प्रक्रियाको दरमा बृद्धि हुन्छ ।

३ तातोपना बृद्धि हुदै जान्छ ।

४ सेलुलोज विघटित हुन्छ ।

कला वस्तुलाई प्रकाशको प्रभावबाट मुक्त राख्ने उपायहरु :

(१) कला वस्तुलाई परावैजनी किरणबाट मुक्त राख्नुपर्छ ।

(२) प्रकाशको मात्रा ५० लक्स भन्दा बढी हुनु हुदैन ।

(३) प्रकाशबाट हुने रासायनिक प्रकृयाबाट बचाउन पर्दा, शाकेस तथा रसायनको प्रयोग गर्नुपर्छ ।

(४) फस्फोरस तथा प्लाष्टिक शीटको प्रयोग गर्नुपर्छ ।

(५) सेतो रङको प्रयोग गर्नुपर्छ ।

(६) जिंक अक्साइड वा टिटेनियन अक्साइडको प्रयोग गर्नुपर्छ ।

### २.६.३ प्रकाशको कारणले वस्तुको क्षय र यसबाट बचाउने उपायहरु

संग्रहालयमा संग्रहित वस्तुहरु अति नै पुराना हुने हुनाले प्राकृतिक तथा कृतिम कृयाकलापबाट शीघ्र प्रभावित हुन्छन् । कतिपय वस्तु संग्रहालयमा आइपुग्ने समयमा जोखिम अवस्थामा पुगिसकेका हुन्छन् । यस्ता वस्तुलाई प्रकाशले शीघ्रहानी पुऱ्याउछ । कुनै पनि प्रकारको प्रकाश केहि न केहि मात्रामा वस्तु माथि संवेदनशिल हुन्छन् । वस्तुको निर्माण सामाग्री, वस्तुको अवस्था, प्रदर्शन गरिएको स्थान, कृत्रिम तथा प्राकृतिक प्रकाश व्यवस्थापन, आद्रता, तापक्रम, भूवनौट, भवन निर्माण पद्दति, आन्तरिक व्यवस्थापन आदि कारण अनुसार वस्तु माथि प्रकाशको प्रभाव पर्दछ ।

सन् १८०० मा सु-प्रसिद्ध रसायनविद डा.एडवर्डव्रेन कोफ्टले संग्रहालयमा प्रकाशबाट वस्तुमा पार्ने प्रभावको बारेमा अध्ययन गरेका थिए । प्राकृतिक तथा कृतिम प्रकाशबाट संग्रहालय भित्रका संग्रहित वस्तुमा असर पार्छ भन्ने निष्कर्ष निकालेका थिए । त्यस्तै गरि फान्सका विद्वान 'शव्रेल' ले परिवर्तित वातावरणले संग्रहालयका वस्तुहरु क्षय हुन्छ भन्ने निष्कर्ष निकालेका छन । सन् १८४८ मा फान्सको एउटा संग्रहालयमा गरिएको अध्ययन तथा निरिक्षणबाट प्रकाशको कारणबाट प्रदर्शित कक्षमा वस्तुका रङ्गहरु फिका भएको पाइयो, तत्तपश्चात संग्रहालय सुन्दरताको प्रयोग गरिने अत्याधिक झ्यालहरु चमकहरु सुन्दरताका लागी बढि ध्यान दिएको पाइयो । आन्तरिक प्रकाश व्यवस्थापन प्रति चिन्ता व्यक्त गरियो, त्यस पछि प्रकाशबाट हुन जाने क्षतिप्रति छलफल हुन थाल्यो र सुरक्षा सम्बन्धि सजगता अपनाउन थालियो । यस पूर्व (पहिले) संग्रहालयमा प्रकाशबाट हुने क्षतीका बारेमा वैज्ञानिक ज्ञान थिएन ।

वास्तवमा संग्रहालयमा दुई प्रकारका प्रकाश व्यवस्थापन गरिन्छ एउटा प्राकृतिक अर्को कृतिम प्रकाश हुन् । संग्रहालयको प्रदर्शनी कक्षमा दुवै प्रकारको प्रकाश व्यवस्थापनको आवश्यकता पर्दछ । यद्यपी आवश्यकताको साथ साथै उपयुक्त प्रयोजन हुन नसकेमा वस्तु माथि ठूलो नकारात्मक असर पर्दछ । सुर्यको प्रत्यक्ष किरणले वस्तुमा नराम्रो असर पुर्‍याउँछ । सुर्यको प्रकाशबाट आउने परावैजनी विकिरण संग्रहालयमा संग्रहित वस्तुको लागी अत्यन्तै हानिकारक मानिन्छ । सुर्यबाट निष्कासित प्रत्यक्ष किरण र विभिन्न कारणबाट उत्पन्न विकिरणबाट संग्रहालयका वस्तुलाई क्रमशः क्षती ग्रस्त बनाउदै लैजान्छ ।

प्रकाशबाट उत्पन्न विकृतिले वस्तुको स्वरुप, प्रकृति, मूल्य, चिनारी, वास्तविक स्वरुपलाई परिवर्तन गर्दछ । वस्तुको प्रकृति अनुसार संवेदनशिलता फरक हुन्छ यसै अनुसार क्षती हुने गर्दछ । कतिपय वस्तु शिघ्र हुन्छन् भने कतिपय वस्तुहरु विस्तारै विस्तारै नष्ट हुदै जान्छन् । यसरी प्रकाशको प्रभाव वस्तुको विकिरण उर्जा अवशोषित गर्ने कुरामा भरपर्दछ । तापक्रमको परिवर्तनले गर्दा परमाणु एवं अणुलाई उत्तेजित गर्दछ र रासायनिक परिवर्तनको गतिलाई तिव्र गरिदिन्छ । पर्यावरणमा उपस्थित सापेक्षित आद्रताद्धारा वस्तुमा ओसिलोपना बढाइदिन्छ र बाहिरबाट आउने प्रकाशको ओसिलोपनाले वस्तुलाई शिघ्र प्रभाव पार्दछ । कागज, काठ, कपडा, छाला, रङ्गका सामाग्रीहरु, ग्रन्थचित्रहरु, चित्रकला, प्राकृतिक विज्ञानका सामाग्रीहरु आदि वस्तुहरु अति नै संवेदनशिल मानिन्छन । यि वस्तुहरु प्रकाशको कारणबाट फिक्का हुने, फुट्ने, चर्कने, सुख्खा हुने, पहेलो पर्ने, वारनेस पग्लने, जस्ता क्षयका लक्षणहरु देखिन्छन् ।

परिच्छेद – ३

# राष्ट्रिय मुद्रा सग्रहालय

## ३.१ संग्रहालयको ऐतिहासीक विकास

नेपालमा धेरैपछि संग्रहालयको विकासक्रम शुरु भएपनि शौखले संकलन गर्ने परम्परा भने धेरै पुरानो हो । लिच्छिबिकालको बारेमा त्यति थाहा पाउन नसकिए पनि मध्यकालमा आएपछि आफ्नो दरबारमा पुराना र महत्वपूर्ण बस्तुहरु संङ्कलन गरी दरवारमा सजाउने गरेको प्रतापमल्ल, भूपतिन्द्र मल्ल, रणजित मल्ल आदि राजाहरुको तत्कालीन इतिहासबाट थाहा पाउन सकिन्छ ।

नेपालको प्रथम प्रधानमन्त्री भीमसेन थापाको निवासस्थानमा रहेको शिलखाना अर्थात् हात-हतियारहरु राख्ने ठाउँबाट संग्रहालयको अवधारणा सुरु भएको पाइन्छ । राणाहरुले त्यसमा हातहतियारहरु राख्ने र विदेशी पाहुनाहरुलाई देखाउने गरिएको हुँदा, सर्वप्रथम छाउनी सिलखाना नाम दिएका थिए । वि.स. १८८१ मा छाउनी शिलखानाको स्थापनाबाट नेपालमा संग्राहलयको इतिहास शुरु भएको मानिन्छ । त्यसपछि 'छाउनी म्यूजियम' र अझ पछि राणा कालमा वि. स १९९५ यो नेपाल म्यूजियमको नामले प्रख्यात भएको थियो । (क्षेत्री र रायमाझी, २०६१,पृ २६२)

संग्रहालयलाई विशिष्टिकरण गर्ने उदेश्य अनुरुप वि.स.२०१७ साल पछी धातु, काष्ठ, मुद्रा आदीको अलग अलग संग्रहालय खोल्न थालियो । यसै अवधारणालाई आत्मसाथ गर्दै सन १९६२ ( वि.स. २०१९ पौष ७ गते ) मा हनुमानढोका परिसर भित्र राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना गरिएको थियो । यसलाई सन् १९९३ ( वि.सं २०५० ) मा भिमसेन थापाद्धारा निर्मित राष्ट्रिय संग्रहालय छाउनीको ऐतिहासिक भवनमा स्थानान्तरण गरिएको थियो । यस संग्रहालयमा दोस्रो शताब्दी देखि हाल सम्मका लिच्छविकालिन, मल्लकालिन र शाहाकालिन विभिन्न मूल्य एवं तिथिक्रमका महत्वपूर्ण मुद्राहरु संग्रहित एवं प्रदर्शित छन् । जसले नेपालको मुद्रा ईतिहासलाई समेटेको छ । (श्रेष्ठ, २०६२,पृ १)

नेपालमा संग्रहालयको ईतिहासलाई ध्यान दिँदा अध्यायनको सुविधाको लागी यसलाई चार चरणमा विभाजन गरि अध्ययन गर्नु उपर्युक्त देखिन्छ । (आचार्य, २०५६,पृ १७)

**(क) पहिलो चरण (१८६७ – १९९५ वि.स.)**

नेपालमा संग्रहालय विकासको ईतिहास छाउनी स्थित छाउनी शिलखानाको स्थापनाबाट प्रारम्भ हुन्छ । यो प्रथम प्रधानमन्त्री भिमसेन थापाले वि.स. १८८१ मा स्थापना गरेका थिए । यस भवनको निर्माण शुरुमा आर्मीहरुको प्रयोजनको लागी गरिएको थियो । यो भवनमा स्वदेशी तथा विदेशी हातहतियार संकलन गर्ने उद्देश्यले प्रयोग भएको थियो । पछि चन्द्र शमशेरले यो भवनका केहि ग्यालरीहरुलाई आकर्षक रुपमा विकास गरे । यसलाई पर्सिबललेनले आफ्नो नेपाल नामक पुस्तकमा आर्सनल म्यूजियम भनि उल्लेख गरेका छन । राणा परिवारका सदस्य, उनीहरुका आफन्त केही विदेशीका लागी मात्र यो खुल्ला गरिएको थियो । सर्वसाधरणको पहुँच नपुगेकोले गर्दा यो समय सम्म संग्रहालयको स्वरुप लिन सकेको थिएन ।  यसमा हातहतियार र कपडाहरु संकलन गरिएको थियो ।

**(ख) दोश्रो चरण (१९९६ – २०००)**

संग्रहालयको विकासको इतिहास नियाल्दा यो समय अत्यन्तै महत्वपूर्ण मानिन्छ । शुरुमा भिमसेन थापाले स्थापना गरेको शिलखानामा केहि थप ग्यालरीहरुको व्यवस्था मिलाइयो । वि.सं. १९९५ फागुन १ गते छाउनी सिलखानालाई संग्रहालयको रुपमा खुला गरियो । यस सिलखानामा हातहतियार तथा केहि महत्वपूर्ण लुगा कपडालाई प्रर्दशन गरि नेपालमा संग्रहालयको अवधारणा प्रारम्भ गरियो । नेपालमा दक्ष जनशक्ति, आर्थिक स्रोत तथा संग्रहालय शिक्षाका अभावका कारणले भारतबाट एक जना विज्ञ झिकाइयो ( शिव नारायण सेन ) । उनलाई क्युरेटरको रुपमा नियुक्त गरियो । त्यस्तै गरि १९९७ भाद्र / माघ १५ गते शुक्रबार गोरखा पत्रमा 'नेपाल म्युजियम छाउनी' शिर्षकमा विज्ञापन निकाली प्रत्येक विदाका दिन र शनिबार पनि संग्रहालय खुला गरिने छ भनि सूचना प्रसारित गरियो र चार पैसा टिकट दर निश्चित गरियो । यसरी शिलखाना संग्रहालयबाट नेपाल म्युजियम नामाकरण भएको देखिन्छ ।

वि.सं. १९९९/२००० मा जुद्धजातीय कलाशाला भवनको निर्माण गरियो । नेपालको ईतिहासमा यो प्रथम संग्रहालय मानिन्छ । संग्रहालयको उद्देश्य पुरा गर्नको लागी यो भवनको निर्माण गरिएको थियो । आज पनि यस भवनलाई जुद्ध जातिय कलाशाला भवनको नामबाटै संग्रहालयको रुपमा प्रयोग गरिएको छ । राणाकालिन वास्तुशैलीबाट निर्माण

गरिएको यो एउटा उदाहरणिय भवनलाई राष्ट्रिय संग्रहालयका रुपमा चिनिन्छ । वि.सं. २००० वैशाख ५ गते आइतबारका दिन सर्वसाधरणका लागी खुला गरियो । यस संग्रहालय भवनको उद्‌घाटन स्वंय जुद्ध शमशेरले नै गरेका थिए ।

**(ग) तेश्रो चरण** (**२००१ – २०२८ वि.सं.**)

वि.स. २००१ देखि २०२८ सम्मको संग्रहालय विकासको चरणलाई विश्लेषण गर्दा यस समयलाई अत्यन्तै महत्वपूर्ण समयको रुपमा लिइन्छ । यस समयमा संग्रहालय स्थापना तथा विकास अत्यन्तै तीव्र गतिमा भएको थियो । २००७ सालमा आएको प्रजातन्त्रले नेपालको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, साहित्यिक तथा कलाको क्षेत्रमा पुरै सकारात्मक परिवर्तन ल्याएको थियो । यसै गरी संग्रहालय विकासमा पनि राजनीतिक परिवर्तनले सकारात्मक परिवर्तन प्रभाव पार्न सक्यो ।

नेपालको सम्पूर्ण प्रशासनिक व्यवस्थामा परिवर्तन आएको बेलामा संग्रहालय व्यवस्थापन तथा कार्य क्षेत्रमा आमूल परिवर्तन हुन गयो । वि. सं. २००८ सालमा नेपालका प्रसिद्ध तथा लोकप्रिय कलाकार चन्द्रमान मास्केलाई संग्रहालयको प्रमुखमा नियुक्त गरियो । यो समय सम्म संग्रहालय एउटा स्वतन्त्र संस्थाको रुपमा स्थापना भईसकेको थियो । वि.सं. २००९ सालमा पुरातत्व विभागबाट नेपाली ईतिहास, संस्कृति तथा पुरातत्वको अध्यायन अनुसन्धान तथा संरक्षणमा उल्लेखनिय रुपमा कार्य प्रारम्भ भयो ।

नेपाली कला, इतिहास तथा संस्कृतिको विकासमा राजा महेन्द्रको ठूलो योगदान छ । यिनले संग्रहालय स्थापनामा एउटा महत्वपूर्ण कदम उठाएका थिए । उनकै समयमा जुद्धजातिय कलाशाला भवनलाई राष्ट्रिय संग्रहालयमा परिणत गरियो । वि.सं. २०१७ सालमा राजा महेन्द्रबाट भक्तपुर शहरमा राष्ट्रिय चित्रकला संग्रहालयको स्थापना भयो । जुन संग्रहालयलाई तत्कालिन प्रधानमन्त्री वि.पि. कोइरालाबाट उद्‌घाटन गरिएको थियो । यसरी राष्ट्रिय संस्कृति, धर्म, कला र इतिहासलाई संरक्षण तथा सम्वर्द्धन गर्ने कार्यमा ठूलो सहयोग पुग्न गयो ।

वि.सं. २०१९ पौष १ गते काठमाण्डौंको हनुमानढोकामा (वसन्तपुरमा) राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना गरियो । यो संग्रहालयको स्थापनामा राजा महेन्द्रको ठूलो योगदान रहेको थियो । राजा महेन्द्रले आफूसँग निजि संकलनमा रहेका मुद्राहरु उपहार स्वरुप दिई

यो संग्रहालयको स्थापना भएको थियो । वि.सं. २०१९ सालमा भक्तपुरमा राष्ट्रिय काष्ठकला संग्रहालय र राष्ट्रिय धातुकला संग्रहालय स्थापना गरेर काष्ठकलाका नमुनालाई प्रदर्शन गर्ने महत्वपूर्ण कार्यको शुरुवात भयो । वि. सं. २०१९ सालमा पाटनमा राष्ट्रिय धातुकला संग्रहालयको स्थापना भयो । नेपालमा धातुकलाको विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण संवर्द्धन गर्ने उद्देश्यले यो संग्रहालयको स्थापना गरिएको थियो । यद्यपी २०२७ सालमा मात्र यो संग्रहालय सर्वसाधारणको लागी खुला गरियो ।

यसरी काठमाण्डौ, भक्तपुर, पाटन तिनैवटा शहरमा कला संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले विभिन्न प्रकारको संग्रहालयको स्थापना गरियो । यस्तै २०१९ सालमा काठमाण्डौ उपत्यका बाहिर कपिलवस्तुमा पुरातत्व संग्रहालय (Site museum) स्थापना गरियो । पुरातात्विक स्थलबाट प्राप्त कलात्मक चिज वा वस्तुहरुलाई संग्रह गर्ने उद्देश्यले यो संग्रहालयको स्थापना गरिएको हो । वि.सं. २०२५ सालमा काठमाण्डौंको हनुमानढोकामा त्रिभूवन स्मृति संग्रहालय स्थापना गरियो । जसमा राजा त्रिभूवनसँग सम्वन्धित वस्तुहरुलाई संग्रह गरिएको छ ।

(घ) **चौथो चरण** (२०२९ – **आज सम्म**)

संग्रहालय विकासको अर्को महत्वपूर्ण चरणको रुपमा यो चरणलाई लिईन्छ । यस चरणमा संख्यात्मक वा गुणात्मक दुवै रुपबाट संग्रहालय विकासको गतिले तिव्रता पायो । २०२९ सालमा संग्रहालय विकास मण्डल स्वंयम्भूमा स्थापना गरियो । त्यस्तै गरि २०२९ सालमा नै नेपाली हुलाक टिकट संकलन गर्ने उद्देश्यले Postol museum को स्थापना गरियो । त्यस्तै गरि २०३२ सालमा नेपाल प्राकृतिक इतिहास संग्रहालयको स्थापना गरियो । जुन शुरुमा स्वयंभूमा स्थापना गरिएको थियो । हाल यसको व्यवस्थापन त्रि. वि. ले गर्दछ । Nema (Nepal meseology association) को २०३० मा स्थापना गरियो । जसले संग्रहालयसँग सम्वन्धित विविध नीति नियम बनाउने तथा संग्रहालयलाई प्रवर्द्धन गर्दै आइरहेको छ । यसरी यो चरणमा आएर संग्रहालय व्यवस्थापनलाई विशेष जोड दिदै आइरहेको छ ।

सस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयले पनि संग्रहालय विकास तथा व्यवस्थापनका लागी विशेष चासो देखाउदै आइरहेको छ । नेपालको भू – वनौट, धार्मिक, साँस्कृतिक, सामाजिक तथा भाषिक विविधता अनुरुप विभिन्न क्षेत्र तथा स्थान विशेषमा

धमाधम संग्रहालय स्थापना हुदैआएको पाईन्छ । जाती विशेष तथा क्षेत्र विशेष संग्रहालय स्थापना हुदै आइरहेको छ । नेपाली संस्कृतिलाई संरक्षण तथा पहिचान गराउने उद्देश्ले निजि, सामुदायिक, जाती अनुरुप तथा सरकारी निकायबाट संग्रहालय स्थापनामा उत्सुकता देखाउदै आइरहेको पाइन्छ । विभिन्न स्थानमा स्थान विशेष वस्तु अनुसार संग्रहालयको स्थापना तथा सक्रियता देखाउँदै आइरहेको छ ।

### ३.२ संग्रहालयको प्रकार

संग्रहालयहरुलाई विभिन्न प्रकारमा बाँड्न वा विभाजन गर्न सकिन्छ । यसरी विभिन्न किसिमबाट वर्गीकरण गर्न सकिए पनि संग्रहालयको संग्रह र प्रदर्शनीको आधारमा नेपालमा प्रचलित संग्रहालयहरुलाई निम्न अनुसार विभाजन गर्न सकिन्छ । (कुँवर, २०६७,पृ ४)

#### (१).ऐतिहासिक तथा पुरातात्विक संग्रहालय

यस्ता खाले संग्रहालय ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण मान्न सकिन्छ । नेपालको सन्दर्भमा यस्ता संग्रहालयको ज्यादै महत्व रहेको छ । यस्ता संग्रहालयमा विगतका मानवसँग सम्बन्धित वस्तुहरु संग्रहित गरिएको हुन्छ । यस्तो संग्रहालयमा विगतमा मानवले प्रयोग गरेका हातहतियार, भाँडाकुडा, पोशाक, संस्कृतिसँग सम्बन्धित मूर्ति,अभिलेख लगायतका वस्तुहरु संङ्कलन तथा प्रदर्शन गरिएको हुन्छ । यस्तो किसिमको संग्रहालयले मानव सभ्यता,इतिहास,पुरातत्व,संस्कृति अध्ययन गर्न विशेष स्रोतको रुपमा सहयोग पुऱ्याउँछ । तापनि यस किसिमका छुट्टै संग्रहालयको व्यवस्था भने नेपालमा भएको पाइँदैन । नेपाल राष्ट्रिय संग्रहालय छाउनी,कपिलबस्तु, लुम्बिनी र अन्य संग्रहालयहरुमा ऐतिहासिक महत्व र उत्खननबाट प्राप्त पुरातात्विक वस्तुहरु सङ्कलन र प्रदर्शन गरिएको पाइन्छ । पछिल्लोकालमा नारायणहिटी दरवारबाट राजाहरुको अन्त्यपछि यस ठाउँलाई नारायणहिटी संग्रहालयको नामबाट स्थापना गरिएको छ । विकसित देशका संग्रहालयहरुमा यसका विभिन्न शाखा खोलेर राखिएको समेत पाउन सकिन्छ ।

#### (२).साधारण संग्रहालय

यस्ता खाले संग्रहालयहरु सामान्यतः प्राप्त सामाग्रीहरुलाई शौखको रुपमा वा व्यवसायिक रुपमा सङ्कलन गरी प्रदर्शन गर्ने गरेको पाइन्छ । यस किसिमका संग्रहालयमा विभिन्न किसिमका वस्तुहरु संग्रहित गरिएको हुन्छ । यस किसिमका संग्रहालयहरु अठारौँ

शताब्दीदेखि खोल्ने परम्परा चलेको देखिन्छ । नेपालको सन्दर्भमा पाँचै विकास क्षेत्रमा क्षेत्रीय संग्रहालयहरु खोलिएका छन् । त्यसैगरी निजीस्तरमा समेत संग्रहालय खोल्ने परम्परा बढ्दै गएको छ ।

**(३) कला संग्रहालय**

कला भन्नाले समान्यतः सुन्दर र आकर्षक किसिमले बनाइएको सीपलाई जनाउँदछ । प्राय गरेर यस्ता निर्माण गरिएका सुन्दर वस्तुहरुमा बिशेषतः मूर्तिकला वा चित्रकलालाई लिन सकिन्छ । नेपालको सन्दर्भमा यस्ता कला सम्बन्धी महत्वपूर्ण कला संग्रहालयमा पाटनको धातुकला संग्रहालय र भक्तपुरको काष्ठकला संग्रहालय तथा चित्रकला (भित्ते चित्र) संग्रहालयलाई लिन सकिन्छ । वास्तवमा नेपालमा यस्ता कला संग्रहालयको सुरुवात धेरैपछि मात्र भएको हो । इसाको उन्नाइसौं शताब्दीदेखि यस्ता संग्रहालयहरुको स्थापना गर्ने क्रम बढ्न थालेको हो । यस्ता संग्रहालयमा मानिसले निर्माण गरेका कलात्मक वस्तुहरुको सङ्कलन,संरक्षण र प्रदर्शन गरिएको हुन्छ । नेपालमा वि.सं.२०१७ सालमा भक्तपुर कला संग्रहालयको स्थापना गरिएको थियो । त्यसपछि मात्र अन्यत्र कला संग्रहालयको रुपमा स्थापना हुन थालेको थियो । यस्ता संग्रहालयमा धातु, काष्ठ, पौभाबाट बनेका चित्र, भेषभूषा तथा सामाजिक जनजीवन झल्काउँने खालका वस्तुहरु सङ्कलन गरी प्रदर्शन गरिएको पाइन्छ । भक्तपुरको काष्ठकला संग्रहालय, पाटनको धातुकला संग्रहालय,लुम्बिनी संग्रहालय आदि महत्वपूर्ण छन् भने विदेशको हकमा जर्मनको फ्रेङ्कफर्ट संग्रहालय , बोस्टन कला संग्रहालय यसका ज्वलन्त उदाहरणहरु हुन् ।

**(४) जातीय संग्रहालय**

यस किसिमका संग्रहालय सामान्यतया नेपालका विभिन्न जातजातिहरुको जनजीवनलाई झल्काउँने खालकोलाई मान्न सकिन्छ । यसमा कुनैपनि जातिको भेषभूषा लगायत प्रयोग गर्ने सामानहरु र जनजीवन कस्तो खालको छ भन्ने बारेमा जान्ने अवसर प्रदान गर्दछ । यसै सम्बन्धी धारणा अनुरुप नेपालका विभिन्न ठाउँमा विभिन्न जातजातिसँग सम्बन्धित संस्कृति, चालचलन, भेषभूषा परम्परालाई संरक्षण गर्ने र प्रचार-प्रसार गर्ने उद्धेश्य अनुरुप संग्रहालयहरु खोल्ने गरेको पाइन्छ । यस्ता संग्रहालयहरुमा जातिहरुका सम्बन्धित वस्तुहरुको सङ्कलन तथा प्रदर्शन गर्ने गरि खोलिएकोलाई जातीय संग्रहालय भन्न सकिन्छ । नेपालका सबै जातजातिहरुको संस्कृति र परम्पराको जानकारी दिने र त्यसलाई संरक्षण गर्ने

ध्येयबाट वि.सं. २०५१ मा नेपाल राष्ट्रिय जातीय संग्रहालयको जंन्म भएको थियो । वि.सं.२०५८को जनगणना अनुसार नेपालका १०३ जातजातिहरुको नमुना जीवन्त संग्रहालय Live Museum बनाउँनका लागि एउटा गुरुयोजना समेत तयार गरिएको छ र हाल १९ वटा जातिको दृश्य झल्किने गरी पर्यटन बोर्डको भवन भृकुटी मण्डपमा रहेको छ । यसको पूर्ण रुप दिने कार्यको सन्दर्भमा २०६६ पछि कीर्तिपुर नगरपालिका अर्न्तगत चम्पादेवीमा २०० रोपनी जग्गा नेपाल सरकारबाट उपलब्ध भए पश्चात सीमा किटान र नापनक्सा गर्ने कार्य हुन थालेको छ । यसका लागि आवश्यक प्रारम्भिक कार्य अर्न्तगत पर्खालले घेर्ने कार्य लगायतका कार्यहरु भैरहेको छ । त्यस्तै गरी काठमाडौको भाटभटेनीमा जातजातिको जानकारी दिलाउनको लागि Folklore Museum, चितवनमा थारु संग्रहालय, पोखरामा गुरुङ संग्रहालय, थाकखोलामा थकाली संग्रहालय लगायत अन्य कतिपय जातिका संग्रहालयहरु विभिन्न स्थानमा स्थापना भएको पाइन्छ ।

**(५) प्राकृतिक विज्ञान संग्रहालय**

यस किसिमको संग्रहालयमा प्राकृतिक र यससँग सम्बन्धित बिषयलाई समावेश गरिएको हुन्छ । यस्ता खालका संग्रहालयहरु नेपालमा त्यति स्थापना गरिएको पाइदैन । यससँग सम्बन्धित एउटा संग्रहालय त्रिभुवन विश्वविद्यालय अर्न्तगत स्वयम्भूमा स्थापना गरिएको छ ।

**(६) विज्ञान संग्रहालय**

विज्ञानसँग सम्बन्धित संग्रहालयको रुपमा नेपालमा खासै स्थापना गरिएको पाइंदैन तथापि विज्ञान सम्बन्धी अध्ययन-अध्यापन गर्ने उद्देश्यबाट त्रि.वि.अर्न्तगतका केद्रिय विभागहरुमा बाहेक अन्यत्र पाउन सकिदैन ।

**(७) मुद्रा संग्रहालय**

मुद्रा संग्रह गर्ने उद्वेश्यबाट यस्ता संग्रहालय खोलिएका हुन्छन् । मुद्राहरु यस्ता संग्रहालयमा भन्दा पनि निजी संग्रहमा सङ्कलन गरेको प्रशस्त मात्रामा पाइन्छ । तापनि मुद्रा सम्बन्धी राष्ट्रिय वा सरकारी स्तरको संग्रहालय छाउनीमा रहेको छ । यस मुद्रा संग्रहालयमा

नेपालमा पाइएका विभिन्न कालका धातु लगायत विभिन्न किसिमका मुद्राहरु सङ्कलन गरेर राखिएको छ ।

**(८) सैनिक युद्ध सामाग्री संग्रहालय**

यसमा सेनाले प्रयोग गरेका प्राचीन हातहतियारहरु संङ्कलन गरेर राखिएको पाइन्छ । सैनिक युद्ध सामाग्री संग्रहालय हाल राष्ट्रिय संग्रहालय छाउनीको अगाडि संग्रहालयको रुपमा राखिएको छ र यसमा सर्वसाधारणलाई सहज रुपमा प्रवेश भने दिने गरेको पाइँदैन ।

**(९) बाजागाजा संग्रहालय**

यस किसिमका संग्रहालयमा प्रचलित बाजाहरु र प्रयोग गरिएका बाजाहरुका सङ्कलन गरिएको हुन्छ । खास गरेर नेपालमा यस्ता खालका संग्रहालयहरु पनि धेरै पाउन सकिदैन । केही वर्ष अघिमात्र बाजागाजा संग्रहालयको नाम दिएर त्रिपुरेश्वरमा स्थापना गरिएको छ । यसमा नेपालमा पहिले देखि नै प्रचलित भएका बाजाहरु सङ्कलन गरिएको छ ।

**(१०) पर्वतारोहण संग्रहालय**

हिमाल आरोहणसंग सम्बद्ध सामाग्रीहरु र यसमा प्रयोग गरिने बस्तुहरु राखेर खोलिएको संग्रहालय नै पर्वतारोहण संग्रहालय हो । यस किसिमको संग्रहालय हाल पोखराको घारीपाटनमा स्थापना गरिएको छ । यसमा हिमाल चढ्दा प्रयोग गरिएका सामाग्रीहरु प्रदर्शन गरेर राखिएको छ । यो राष्ट्रियस्तरको संग्रहालय हो । काठमाडौमा भने त्यस्तो किसिमको संग्रहालय स्थापना नगरिए पनि आरोहीहरुबाट निजी संग्रहमा भने केही मात्रामा संग्रह गर्ने गरेको पाउन सकिन्छ ।

**(११) पुतली संग्रहालय**

यस किसिमको संग्रहालय पोखरामा स्थापना गरिएको छ । यसमा विभिन्न किसिमका पुतलीहरु सङ्कलन गरेर राखिएको छ । यस किसिमका संग्रहालय विशेषतः विदेशीहरुको सक्रियतामा स्थापना गरेको देखिन्छ । यस सम्बन्धी रुची राख्नेका लागि यसलाई पनि महत्वपूर्ण मान्न सकिन्छ ।

### (१२) चरा सम्बन्धी संग्रहालय

यसमा जीवित पंक्षीलाई चिडियाखानामा राख्ने गरिए पनि कतिपयलाई खुला संग्रहालयका रुपमा गिद्धको लागि खोलेको हालै चर्चामा आएको थियो । खास गरेर नेपालमा गोविन्द बहादुर गुरुङले ठमेलमा चराहरु सजाएर राख्ने गरेका थिए । पछि गएर डिल्ली बजार, घट्टेकुलोमा आफू सरेपछि मरेका चराहरुलाई सजाएर राम्रोसँग निजी संग्रहमा राखेका थिए । उनको देहान्त पश्चात हाल कुन अवस्थामा छ थाहा पाउन सकिएको छैन । यस्ता संग्रह पनि निजी संग्रहमा रहेको पाउन सकिन्छ ।

यी उल्लेखित बाहेक पनि संग्रहालयलाई विभाजन गर्न सकिने आधारहरु धेरै छन् । प्रशासनिक क्षेत्रको आधारमा राष्ट्रिय ,क्षेत्रीय , स्थानीय गरी ३ तहमा विभाजन गर्न सकिन्छ भने स्तरको आधारमा क,ख,ग गरी विभाजन गर्न सकिन्छ । त्यस्तै गरेर स्वामित्वका आधारमा सरकारी र निजी गरेर दुई भागमा बाड्न सकिन्छ । यसरी नै कार्य क्षेत्र हेरी अन्तरराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरेर चार आधारमा विभाजन गर्न सकिन्छ भने उद्देश्य हेरेर साधारण र विशिष्ट गरेर बाँड्न पनि सकिन्छ ।

## ३.३ नेपालमा स्थापना भएका संग्रहालयहरु

नेपालको कला, सस्कृति र ईतिहासको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले नेपालको विभिन्न ठाउमा विभिन्न किसिमका संग्रहालयहरुको स्थापना गरीएको छ । जुन यसप्रकार छ।

### ३.३.१. राष्ट्रिय संग्रहालय

राष्ट्रिय कला, सस्कृतिको विकास, संरक्षण र प्रदर्शन गर्ने उद्देश्यले देशको केन्द्रमा स्थापना गरिएको संग्रहालयलाई राष्ट्रिय संग्रहालय भनिन्छ । यसमा सम्पूर्ण देशको मौलिक वस्तुको संग्रह गरिएको हुन्छ । यो देशको केन्द्रिय शासनद्धारा सञ्चालित हुन्छ । यसमा कुनै पनि राष्ट्रिय वा अन्तराष्ट्रिय व्यक्तिहरुले सजिलैसँग सम्पूर्ण देशको ईतिहास, कला, सस्कृतिको ज्ञान प्राप्त गर्न सक्छन् । निम्न संग्रहालयहरु नेपालको राष्ट्रिय संग्रहालयको रुपमा रहेका छन । ( http://www.doa.gov.np)

## (१) राष्ट्रिय संग्रहालय छाउनी

नेपाल सरकार, सस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पुरातत्व विभाग अर्न्तगत रहेको यस राष्ट्रिय संग्रहालय नेपालको पहिलो संग्रहालय हो । यो संग्रहालय वि.स. १९८१ सालमा हतियार राख्नको लागी प्रधानमन्त्री भिमसेन थापाद्वारा आफ्नो निवासमा स्थापना गरिएको थियो । यसलाई शिलखाना भनिन्थ्यो । यसलाई वि.स. १९९५ मा छाउनी म्यूजियम नामाकरण गरियो । यो संग्रहालय वि.स. १९९६ साल देखी सर्वसाधारणहरूको लागि खुल्ला गरियो । त्यहीबेलादेखि यसलाई नेपाल संग्रहालय भनेर नामाकरण गरियो । वि.स. २००० सालमा मा प्रधानमन्त्री जुद्द शमशेरले नेपाल संग्रहालयमा कलाको लागि एउटा भवनको निमार्ण गरे । त्यो भवनको नाम जुद्ध जातीय कलाशाला राखे । वि.स.२०२४ सालमा नेपाल संग्रहालयलाई नेपाल राष्ट्रिय संग्रहालय भनेर नामाकरण गरियो ।

यो संग्रहालय बाह्रै महिना अवलोकन गर्न सकिन्छ । गर्मी महिनामा बिहान १०:३० बजेदेखि बेलुकी ४:३० बजे सम्म, सोमबार बिहान १०:३० देखि दिउँसो ३:३० सम्म, जाडो महिनामा बिहान १०:३० देखि ३:३० सम्म अवलोकन गर्न सकिन्छ । यो संग्रहालय मंगलबार तथा सरकारी बिदाका दिनहरूमा बन्द रहन्छ । यस संग्रहालयमा प्राचिन हातहतियार, वस्त्र, सिक्का तथा प्राचिन राजाका उपहारहरू अवलोकन गर्न सक्छौं । यस संग्रहालयमा विशेष गरी ३ वटा भवन रहेका छन् । (www.nationalmuseum.gov.np)

### (क) जुद्ध जातीय कलाशाला

यस कलाशालामा विशेष गरी धातु, काठ तथा ढुङ्गाबाट बनेका मुर्तिहरू रहेका छन । त्यहाँ रहेका मुर्तिहरू मध्ये दास्रो शताब्दिको लिच्छवी राजा जयवर्माको मुर्तिलाई प्रतिष्ठित मानिन्छ । यस कलाशालामा लस एन्जलसमा बसोबास गर्ने एक व्यक्तिबाट चोरी भएका मूर्ति अवलोकन गर्न सक्छौं । ती मूर्तिहरू फर्पिङ्गबाट चोरिएको १२ औं शताब्दीको विणाधारिणी सरस्वती, भिन्छे बहालबाट चोरिएको ९ औं शताब्दीको बुद्ध, पनौतीको त्रिबेणी घाटबाट चोरिएको १४ शताब्दीको सूर्य र हयुमत टोल काठमाडौंबाट चोरिएको १० औं शताब्दीको गरुडाशन विष्णु मुर्ति छन् ।

### (ख) बौद्ध कला संग्रहालय

बौद्ध कला संग्रहालयमा बुद्ध सम्बन्धि चित्रकला, मूर्ति तथा बौद्ध संस्कृति झल्कने सामाग्रीहरू रहेका छन । यस संग्रहालयलाई अझ उत्कृष्ट ढङ्गबाट प्रस्तुत गर्न तीन भागमा विभाजन गरिएको छ । तराई, काठमाडौं उपत्यका तथा उत्तर हिमाल । तराई भागमा बुद्धको जन्मस्थल, चैत्य सम्बन्धी तस्वीर तथा काठमाडौं उपत्यकामा बुद्धको आकृती वोधिसत्व तामामा कुंदिएका देख्नसक्छौं । उत्तर हिमाली भागमा हामीले तिब्बती बौद्धमार्गीको बारेमा धेरै विकसित संस्कृतिहरू देख्न सक्छौं । थान्का चित्र, तिब्बती धार्मिक वस्तुहरू तथा १९ औं शताब्दीको मन्जुश्रीको चित्र यस संग्रहलयका उत्कृष्ट सामग्रीहरू हुन् ।

### (ग) ऐतिहासिक संग्रहालय

ऐतिहासिक संग्रहालयको भवन प्रधानमन्त्री भिमसेन थापाले १८औ शताब्दीमा निर्माण गरेका थिए । यस भवनमा भुईतलामा प्राकृतिक विज्ञान कक्ष छ । यहा नेपालमा पाइने विभिन्न प्रजातिका जनावर, चरा, किराफट्याङ्गा सम्बन्धि सामग्रीहरू राखिएका छन् । यहाँ बाघ, चितुवा, रातो पाण्डा, गैंडा तथा ह्वेलका हड्डी अवलोकन गर्न सक्छौं । यस्तै भुईतलामा जनजाती कक्ष छ । जहा केही जाती तथा जनजातीहरुको झल्काउने प्रतिकृति बनाएर राखिएको छ । साथै यस संग्रहालयमा पुतली कक्ष, बाल कक्ष र ऐतिहासिक कक्ष पनि रहेका छन ।

### (२) राष्ट्रिय कला संग्रहालय भक्तपुर

नेपाल सरकार, सस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पुरातत्व विभाग अर्न्तगत रहेको यस संग्रहालयको स्थापना ऐतिहासिक भक्तपुर दरबारको सिंहढोका तर्फको भवनमा वि.सं. २०१७ साल अषाढ १७ गते भएको हो । तत्कालिन प्रधान मन्त्री विश्वेश्वर प्रसाद कोइरालाले यस संग्रहालयको उद्घाटन गर्नु भएको थियो । छरिएर रहेका विभिन्न नेपाली मौलिक चित्रहरुलाई एकीकृत गरि मुख्यतया चित्रकलाको संरक्षण र परिचय दिने उद्देश्यले संग्रहालय खडा गरिएको हो । संकलनको आधारमा संकलित कलाकृतिहरु अन्य कला संग्रहालयहरुको दाँजोमा थोरै भए पनि स्तरिय मौलिक चित्रकलाहरुले गर्दा यस संग्रहालयको आफ्नै छुट्टै पहिचान राख्न सकेको छ । यस संग्रहालयको निम्न कक्षहरु बिभिन्न स्थानमा रहेका छन ।

**(क) प्रस्तरकला कक्ष**

यस संग्रहालयको भुइँ तल्लामा केहि महत्वपूर्ण ऐतिहासिक शिलापत्रहरु र ढुङ्गाको पानस प्रदर्शित छन् । लिच्छवी राजा शिवदेव प्रथम र राजा यक्ष मल्लका शिलालेखहरु उल्लेखनीय छन् । यस कक्षमा केहि स्तरिय ढुङ्गाका कलात्मक मूर्तिहरु प्रदर्शित गरिएका छन् । जसमा हरिहर, भैरव, सुर्य, चन्द्रमा, विष्णु, तारा, अर्धनारीश्वर, शिवलिङ्ग र केहि ढुङ्गे वास्तुकलाका चौकोसहरु पनि छन् ।

**(ख) चित्रकला कक्ष**

पहिलो तलामा चित्रकलाका विभिन्न माध्यमहरुका चित्रहरु प्रदर्शित गरिएका छन् । यस कक्षमा विशेष गरि पौभाचित्रहरु उल्लेखनीय छन् । १५ औ शताव्दीको वसुन्धरा मण्डल, वसुन्धरा लगायत शक्ति सहित गणेश, महिषसम्वर, बज्रयोगिनी र शिव विश्वरुप आदि पौभा चित्रहरु प्रदर्शित छन् । यस कक्षको लाल वैठकको वीच भागका शोकेशहरुमा धार्मिक पुस्तकका गाताहरु प्रदर्शित छन् । राजा प्रताप मल्लको तीर्थयात्रा वर्णन थ्यासफू विशेष महत्वपूर्ण रहेको छ । अन्य गाता चित्रहरुमा देवीका विभिन्न रुपहरु हुनुका साथै ११ औ शताव्दीको गाता चित्रमा विष्णुको दश अवतार र १३ औ शताव्दीको गाता चित्रमा शिवको पुजा भक्तजनहरुद्धारा भइरहेको देखाइएको छ ।

पचपन्न झ्याले दरवारको पहिलो तल्लाको आयातकार कोठामा एक उत्कृष्ठ र सुरक्षित भित्ते चित्र रहेका छन् । जुन यस संग्रहालयको एक महत्वपूर्ण प्रदर्शित वस्तु हुन पुगेको छ । यस दक्षिणाभिमुख भित्तामा तहतह गरि धेरै चित्रहरु लेखिएका छन् । भित्ताका बीच भागमा धेरै शिर र हात भएको, लामो जुँगा भएको शिवले पार्वतीलाई अंकमाल गरिएको विश्वरुपी चित्र छ । यस चित्रमा शिवको एक हातको बालामा भूतिन्द्र भनि लेखिएको छ । यस कक्षका बार्दली तर्फ केहि देवी देवताको पानी चित्रहरु एकापट्टि प्रदर्शित छन् भने अर्कोतिर काल्पनिक वा लौकिक जनावरहरु धार्मिक कथाका वायुपंखी घोडाहरु र समुन्द्री मानव आदि छन् ।

**(ग) काष्ठकला कक्ष**

यस संग्रहालयका काष्ठकला कक्ष तचपाल टोल स्थित दत्तात्रेय मन्दिर क्षत्रको पुजारीमठमा अवस्थित छ । पुजारीमठ भवन स्वंयमा उत्कृष्ठ काष्ठकलाले भरिपूर्ण दलान र

झ्यालहरु रहेका छन् । मार विजय, पूजादेवी, विश्वरुप र आर्यतारा आदि यस कक्षका उल्लेखनीय मूर्तिहरु हुन् ।

**(घ) धातुकला कक्ष**

यस संग्रहालयको धातुकला कक्ष दत्तात्रेय मन्दिर क्षेत्रको पुजारीमठ अगाडीको चिंक फ : मठमा अवस्थित छ । मूर्ति विहिन धातुकला कक्षको रुपमा यसको प्रचार हुन गएको छ । यस कक्षमा विशेष गरि नेवार जातीमा प्रचलित धार्मिक एवं साँकृतिक धातुमा निर्मित वस्तुहरु प्रदर्शित भएका छन् । अधिकांश प्रदर्शित वस्तुहरु २० औ शताव्दीको पूर्वार्ध कालका छन् ।

**(३) हनुमानढोका दरवार संग्रहालय**

काठमाण्डौं शहरको मध्य भागमा अवस्थित मध्यकालिन कला एवं वास्तुकलाको अनुपम नमुनाको रुपमा रहेको हनुमानढोका दरवार प्राचिन काल देखि नै राजकीय वासस्थानको रुपमा रहेको थियो । मल्लकालिन ऐतिहासिक सामाग्रीहरुमा यस दरवारलाई राजकुल, लांजकुट, लायकु, र गुनपो आदि विभिन्न नामले सम्वोधन गरिएको छ । राजा प्रताप मल्लले वि.सं. १८२८ मा दरवारको मुल प्रवेशद्धारमा हनुमानको मूर्ति स्थापना गरे पश्चात यस दरवारको नाम हनुमानढोका दरवार रहन गएको हो । तथापि हनुमानढोका दरवारलाई सिगार्ने कार्यको विशेष श्रेय राजा महेन्द्र मल्ल, प्रताप मल्ल र पृथ्वीनारायण शाहलाई दिन सकिन्छ । नेपाल सरकार, सस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पुरातत्व विभाग अर्न्तगत रहेकोयस ऐतिहासिक दरवारलाई वि.स.२०३२ सालमा संग्रहालयको रुपमा विकास र स्थापना गरिएको थियो । यस संग्रहालयमा निम्न कक्षहरु रहेका छन् ।

**(क) त्रिभूवन स्मृति कक्ष**

राजा त्रिभूवनद्धारा प्रयोग गरिएका वस्तुहरु संकलन गरि त्रिभूवन स्मृति कक्ष स्थापना गरिएको छ । राजा त्रिभूवनका वाल्यावस्था, उपनयन, विवाहका पोशाक लगायत वि.स.२००७ सालका नेपालको राजनितिमा भएको परिवर्तनलाई उजागर गर्ने खालका घट्नाहरु समेटिएका तस्वीरहरु पनि यहाँ प्रदर्शन गरिएका छन् ।

**(ख) सिंहासन कक्ष**

नेपनलमा राज परम्परा अन्त्य हुनु अगाडी सम्म गद्दिनसिन राजा स्वर्गारोहण हुने वित्तिकै उत्तराधिकारीलाई राज्यरोहण गराउने अवसरमा प्रयोग गरिने दुइवटा सिहासन यस कक्षमा प्रदर्शन गरिएका छन् । प्रदर्शित दुईवटा सिंहासन मध्ये एउटा सिंहासन राज्यरोहण र अर्को सिंहासन राज्याभिषेकमा प्रयोग गरिन्थ्यो ।

**(ग) हातहतियार कक्ष**

यस कक्षमा पृथ्वीनारायण शाहले वाइसे चौविसे राज्य विजय गर्ने अभियानमा प्रयोग गरेको निजि हतियार, नेपाल भोट युद्धमा जफत गरिएको तोप प्रदर्शन गरिएका छन् । यसै कक्षमा नेपालको पहिलो वैज्ञानिक गेहेन्द्र शमशेरले बनाएको राईफल, नेपालमा बनेको सुन्दरी राईफल लगायत विभिन्न सैनिक जनरलहरुले प्रयोग गरेका हातहतियारहरु प्रदर्शन गरिएका छन् ।

**(घ) महेन्द्र स्मृति कक्ष**

हनुमानढोका दरवार स्थित लोंहचोकको चारै तर्फका भवनको दोश्रो तलामा तत्कालीन राजा महेन्द्रका व्यक्तिगत जीवनीसँग सम्वन्धित वस्तुहरु प्रदर्शनी गरिएको छन् । हाल यस संग्रहालयमा प्रदर्शित राजा महेन्द्रका न्वारान तथा पास्नीमा प्रयोग गरिएका पोशाक लगायत सैनिक पोशाकहरु, राजा महेन्द्रका निजी कार्यकक्ष, मन्त्रिपरिषद्को बैठक र विभिन्न मित्र राष्ट्रबाट उपहार स्वरुप प्रदान गरिएका रेडियो, ग्राम्रोफोन र हार्पवाजा दर्शकहरुको आर्कषणका विषय हुन् ।

**(ङ) वीरेन्द्र स्मृति कक्ष**

लोहचोकको चारै तर्फको भवनको पहिलो तलामा राजा वीरेन्द्रका वाल्यावस्थाका, राजा महेन्द्रको राज्याभिषेकमा वीरेन्द्र उपस्थित भएका फोटाहरुका साथै राजा वीरेन्द्रका राज्यभिषेक तथा शुभ विवाहमा प्रयोग भएका पोशाक, जुत्ता, तथा विभिन्न समयमा पहिरने गरेका सैनिक पोशाकहरु प्रदर्शित छन् । यसै कक्षमा विभिन्न अवसरमा व्यक्ति एवं संघ संस्थाद्धारा राजालाई चढाएका उपहारहरु, गद्दि आरोहण पछि निष्काशित नोट, सुनका असर्फी, हुलाक टिकट, तथा मानार्थ प्रमाणपत्र एवं पद्वीहरु प्रदर्शित छन् ।

**(४) राष्ट्रिय मुद्रा संग्रहालय**

नेपाल सरकार, सस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पुरातत्व विभाग अर्न्तगत रहेको यस संग्रहालयको स्थापना सन १९६२ ( वि.स. २०१९ पौष ७ गते ) मा हनुमानढोका परिसर भित्र गरिएको थियो । यसलाई सन् १९९३ ( वि.सं २०५० ) मा भिमसेन थापाद्धारा निर्मित राष्ट्रिय संग्रहालय छाउनीको ऐतिहासिक भवनमा स्थानान्तरण गरिएको थियो । यस संग्रहालयमा दोस्रो शताब्दी देखि हाल सम्मका लिच्छविकालिन, मल्लकालिन र शाहाकालिन विभिन्न मूल्य एवं तिथिकमका महत्वपूर्ण मुद्राहरु संग्रहित एवं प्रदर्शित छन् । जसले नेपालको मुद्रा ईतिहासलाई समेटेको छ ।

**५ राष्ट्रिय धातुकला संग्रहालय पाटन**

वि. सं. २०१९ सालमा पाटनमा राष्ट्रिय धातुकला संग्रहालयको स्थापना भयो ।यो संग्रहालय ललितपुर जिल्लाको पाटन मंगलबजारमा रहेको पुरानो मल्लकालिन दरवारमा स्थापना गरिएको थियो । नेपालमा धातुकलाको विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण संवर्द्धन गर्ने उद्देश्यले यो संग्रहालयको स्थापना गरिएको थियो । वि.स. २०२७ सालमा मात्र यो संग्रहालय सर्वसाधारणको लागी खुला गरियो । यो संग्रहालय नेपालमा निजि क्षेत्रबाट व्यवस्थापन गरीएको पहिलो संग्रहालय हो । यो संग्रहालय पाटन संग्रहालय विकास समिति गठन आदेश २०५३ द्वारा सञ्चालित छ । यस संग्रहालयमा मल्लकालका पुराना मूर्ति र चित्रहरु साथैलिच्छवि कालका केही मुर्ति समेत गरी १००० भन्दा बढी हिन्दु तथा बौद्ध धर्मसंग सम्वन्धित मुर्तिहरु रहेका छन । ( www.patanmuseum.gov.np)

**(५) नारायणहिटी दरवार संग्रहालय**

नेपाल सरकार, सस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय अर्न्तगत रहेको यस संग्रहालय नेपालको अन्तिम राजाको राजदरवार हो । नेपालको राजाहरूको १३५ वर्ष सम्म निवासस्थानको रूपमा रहेको यो भवनलाई नेपाल गणतन्त्रात्मक राज्य घोषणा भए लगत्तै २०६५ असार १ गते राजदरवारवाट राष्ट्रिय संग्रहालय बनाउने घोषणाका साथ तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले झन्डोत्तोलन गरि संग्रहालयको घोषणा गरेका थिए । त्यसको ठिक ८ महिनापछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संग्रहालय

सर्वसाधारणको लागि खुल्ला गराएका थिए । नारायणहिटी संग्रहालय ७५३ रोपनी क्षेत्रफलमा फैलिएको छ । ( www.narayanhitipalacemuseum.gov.np)

नारायणहिटी दरबारमा जम्माजम्मी ५२ वटा कक्षहरू (बैठक) छन् । तीमध्ये हाल ( वि सं २०६८) १९ वटा मात्र सर्वसाधारणका लागि खुला गरिएका छन् । दरवारको मुख्य मोहडामा अवस्थित निकै अग्लो गौरीशङ्कर नाम दिईएको प्रवेशद्वारबाट भित्र प्रवेश गरेपछि कास्की बैठकमा पुगिन्छ । कास्की बैठकमा राजकीय भ्रमणमा नेपाल आएका विदेशी राष्ट्राध्यक्षहरूको स्वागत, प्रधानमन्त्री, संवैधानिक अङ्गका प्रमुखहरूको सपथ ग्रहण समारोह, पूर्वराजामा राजदूतहरूले ओहोदाको प्रमाणपत्र चढाउनेजस्ता महत्वपूर्ण समारोहहरू हुन्थे ।त्यसको ठीक सामुन्ने गाढा रातो गलैँचा बिछ्याइएको घुमाउरो भ-याङ उक्लिएपछि तनहुँ बैठक पुगिन्छ । भ-याङको ठीक माथि काँचको विशाल झल्लर राखिएको छ ।

म्याग्दी कक्षमा संवैधानिक अङ्गका प्रमुख र राजदूतहरूलाई जलपान गराइन्थ्यो भने पर्वत कक्षमा विभिन्न हस्ताक्षर समारोह गर्ने गरिन्थ्यो । रुकुम कक्षलाई विदेशी राष्ट्रप्रमुखलाई भेट गर्न आउने विशिष्ठ व्यक्तिहरूले प्रतीक्षालयका रूपमा प्रयोग गर्थे भने रोल्पा कक्षमा उनीहरूले भेटघाट गर्ने गर्थे ।

रोल्पा कक्षदेखि बैतडी कक्षसम्मको कोरिडोरमा विगतमा दरबारमा रात बिताएका विदेशी राष्ट्रप्रमुखहरूसँग तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यले खिचाएका तस्बिरहरू झुण्ड्याइएका छन् । दैलेख कक्षमा राखिएको भव्य पलङमा विदेशी राष्ट्राध्यक्षले सयन गर्थे भने उनका पत्नीका लागि बैतडीकक्ष र नजीकका नातेदारका लागि अछाम कक्षमा सुत्ने गर्थे । विदेशी प्रमुखहरूका लागि भोजन गर्न बाजुरा कक्षको व्यवस्था गरिएको थियो भने जुम्ला कक्षमा खानपानपछि उनीहरू आराम गर्थे ।

डोल्पा कक्ष चाहिँ गोरखा बैठकामा विशेष कार्यक्रम हुँदा अनुमति नपाएका राजपरिवारका अन्य सदस्यहरूले अवलोकन गर्न मिल्ने गोप्य कक्षका रूपमा प्रयोग हुने गर्दथ्यो । तनहुँ कक्षमा गोरखा बैठकमा विशेष समारोह हुँदा मन्त्रिगण, राजप्रासादसेवाका उच्च पदाधिकारीहरू लगायत बसेर कार्यक्रम अवलोकन गर्थे भने गोरखा बैठकमा सुशोभन समारोह, युवराज उमेर पुगेको घोषणा गरिन्थ्यो । राजा वीरेन्द्रले २०४७ सालको संविधान सोही कक्षमा रहेको सिंहासनमा बसेर घोषणा गरेका थिए ।

यसैगरी, मुगु कक्षमा राजा त्रिभुवनले प्रयोग गरेका सामग्रीहरूलाई सङ्कलन गरी राखिएको छ । लमजुङ कक्षमा रात्रीभोजको आयोजना गरिन्थ्यो भने गुल्मी कक्ष पूर्वराजाको निजी कार्यालयको रूपमा रहेको थियो । धादिङ कक्ष राजाको आराम गर्ने कक्ष थियो भने धनकुटा कक्ष राजाको सयनका रूपमा प्रयोग हुन्थ्यो । धनुषा कक्षमा विजयादशमीका दिन टीका लगाउने स्थानका रूपमा प्रयोग गरिन्थ्यो । त्यस कक्षमा राजपरिवारका सदस्यहरूको सामूहिक तस्बिर राखिएको छ । तस्बिरको मुनि सम्पूर्ण सदस्यहरूले हस्ताक्षर गरेका थिए ।

हाललाई खुला गरिएकोमध्ये त्रिभुवन सदन अर्को आकर्षणको केन्द्र हो । राजा त्रिभुवनको निवासका रूपमा रहेको यस भवनमा २०५८ साल जेठ १९ गतेको दरबार हत्याकाण्ड भएको थियो । २०६१ सालमा त्यो भवनलाई पूर्ण रूपमा भत्काइयो । अहिले त्यस भवनको जगमा इँटको गारो लगाइएको छ । त्यहाँ वीरेन्द्र, ऐश्वर्य, दीपेन्द्र गोली लागी ढलेको स्थानहरू उल्लेख गरिएका छन् ।

### ३.३.२ क्षेत्रिय संग्रहालय

विभिन्न क्षेत्रमा स्थापना गरिएको संग्रहालयलाई क्षेत्रिय संग्रहालय भनिन्छ । यसमा क्षेत्रिय स्तरको ऐतिहासिक, साँस्कृतिक र कलात्मक महत्वका वस्तुहरु प्रदर्शनको लागि राखिएको हुन्छ । यस्ता संग्रहालयहरु राष्ट्रिय उद्देश्य अनुरुप नै स्थापना गरिएको हुन्छ ।प्रशासनिक व्यवस्थापन गर्न र बिकासमा क्षेत्रिय सन्तुलन कायम राख्ननेपाललाई पाच बिकास क्षेत्रमा बिभाजन गरीएको थियो । यसै अनुसार देशको पाचै बिकास क्षेत्रको सास्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्वर्द्धनको लागी देशको पाचै बिकास क्षेत्रमा क्षेत्रिय संग्रहालय स्थापना गर्ने निति अनुसार हाल नेपालको सात स्थानमा क्षेत्रिय संग्रहालयहरु स्थापना गरीएको छ ।नेपालमा क्षेत्रिय सग्रहालयहरु नेपाल सरकार, सस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पुरातत्व विभाग अर्न्तगत रहेकाछन । नेपालमा निम्न संग्रहालयहरु क्षेत्रिय संग्रहालयको रुपमा स्थापना भएका छन । ( www.doa.gov.np)

(१) गोरखा दरवार संग्रहालय

(२) कपिलवस्तु संग्रहालय

(३) क्षेत्रिय संग्रहालय पोखरा

(४) क्षेत्रिय संग्रहालय धनकुटा

(५) क्षेत्रिय संग्रहालय सुर्खेत आदि क्षेत्रिय संग्रहालयहरु हुन् ।

(६) नुवाकोट दरबार संग्रहालय, नुवाकोट

(७) पाल्पा दरबार संग्रहालय, पाल्पा

### ३.३.३ निजि संग्रहालय

यस किसिमको संग्रहालय कुनै व्यक्ति,परिवार वा संस्थाद्धारा स्थापित एवं सञ्चालित हुन्छ । नेपालमा लोकतन्त्रको पुर्नस्थापना पछी बिभिन्न संघसस्था, समुह र व्यक्तिहरुद्धारा निजि रुपमा संग्रहालय खोल्ने होडबाजी नै चलेको छ । वि.पी. संग्रहालय सुन्दरीजल, शेर्पा संग्रहालय नाम्चे, तामाङ संग्रहालय रसुवा धुन्चे, थारु संग्रहालय चितवन आदिलाई निजि संग्रहालयको रुपमा लिइन्छ । नेपालमा हालसम्म निम्नानुसार निजि संग्रहालय स्थापना भएको पाईन्छ । ( http://www.enma.gr/history en.htm)

(१) लेप्चा संग्रहालय, इलाम

(२) सर्प संग्रहालय, झापा

(३) तामाङ संग्रहालय, रसुवा

(४) चेपाङ संग्रहालय, चितवन

(५) थारू संग्रहालय, चितवन र बर्दिया

(६) जनजाति संग्रहालय, भृकुटिमण्डप

(७) राष्ट्रिय फुटबल संग्रहालय, सानेपा ललितपुर

(८) सैनिक संग्रहालय, छाउनी काठमाण्डौं

(९) प्राकृतिक विज्ञान संग्रहालय, स्वयम्भु काठमाण्डौं

(१०) राष्ट्रिय लोकबाजा संग्रहालय, त्रिपुरेश्वर काठमाण्डौं

(११) गुरूङ संग्रहालय घलेगाउँ लमजुङ र कास्की

(१२) पुतली संग्रहालय, पृथ्वीनारायण क्याम्पस पोखरा

(१३) माछा संग्रहालय, फेवाताल पोखरा

(१४) गोर्खा संग्रहालय, कास्की पोखरा

(१५) अन्तर्राष्ट्रिय पर्वतिय संग्रहालय, कास्की पोखरा

(१६) विपी संग्रहालय, सुन्दरीजल

(१७) सैनिक संग्रहालय, छाउनी काठमाडौ

(१८) भीसी संग्रहालय, बारपाक गोरखा

(१९) एअरक्राफ्ट म्युजियम, धनगढी कैलाली

(२०) लुम्बिनी संग्रहालय, लुम्बिनी

**३.४ राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना**

मुद्रा विनिमयका महत्वपूर्ण माध्यम हुन् । आर्थिक गतिविधिका आधारहरु हुन् । साथ साथै मुद्रा प्रमाणिक पुरातात्विक वस्तुहरु हुन् । इतिहास, संस्कृति र पुरातत्वको अध्ययनमा मुद्रा एक महत्वपूर्ण वस्तुको रुपमा लिइन्छ । यसबाट राज्यका तत्कालिन समयको राजनितिक, धार्मिक र आर्थिक अवस्थाका बारेमा बुझ्न सकिन्छ । यसरी मुद्राको महत्वलाई आत्मासाथ गर्दे नेपाल सरकारद्धारा नेपालमा मुद्रा संग्रह गर्ने उद्देश्यले सरकारी स्तरमा वि.स. २०१९ पौष ७ गते काठमाण्डौंको हनुमानढोका दरवारमा राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना गरिएको थियो ।यो संग्रहालयको स्थापनामा राजा महेन्द्रको ठूलो योगदान रहेको थियो । राजा महेन्द्रले आफूसँग निजि संकलनमा रहेका मुद्राहरु उपहार स्वरुप दिई यो संग्रहालयको स्थापना भएको थियो ।

वि.स. २०५० मा हनुमानढोका दरवारमा रहेको राष्ट्रिय मुद्रा संग्रहालयलाई भिमसेन थापाद्धारा निर्मित राष्ट्रिय संग्रहालय छाउनीको ऐतिहासिक संग्रहालयमा स्थान्तरण गरिएको थियो ।वि.स. २०१९ मा स्थापना भएको यस संग्रहालयको वि.स.२०६९ सालमा स्थापनाको ५० वर्ष पुगेको उपलक्ष्यमा स्वर्णउत्सव मनाईएको थियो र यस उपलक्ष्यमा नेपाल राष्ट्र बैकले स्वर्णजयन्ती स्मारीका मुद्रा निष्कासन गरेको थियो ।

यस संग्रहालयमा ईसापूर्व देखि हाल सम्मका विभिन्न मूल्य एवं तिथिक्रमका महत्वपूर्ण मुद्राहरुको संकलन, संरक्षण र प्रदर्शन गरिएका छन् । जसले नेपालको मुद्रा ईतिहासलाई समेटेको छ । यस संग्रहालयको निम्न दुई उद्देश्यहरु रहेका छन् ।

क नेपाली मुद्राको संकलन, संरक्षण र प्रदर्शन गर्नु ।

ख नेपालको ईतिहास र विकासको विस्तृत रुपमा मूल्याकन  र प्रस्तुती गर्नु ।

### ३.५ राष्ट्रिय मुद्रा संग्रहालयमा प्रर्दशनिमा रहेका मुद्राहरु

राष्ट्रिय मुद्रा संग्रहालयमा निम्न पाँच किसिमका मुद्राहरु प्रर्दशित छन् । (Shrestha, 2062, 1-51)

### १. तराई क्षेत्रबाट संकलन गरिएका मुद्राहरु –

राष्ट्रिय मुद्रा संग्रहालयमा इसापूर्व ४००–३०० का विभिन्न चाँदीका पञ्चमार्क मुद्राहरु राखिएका छन् । यि मुद्राहरु कपिलवस्तु र विराटनगर नजिकको भेडियारी भन्ने ठाउँबाट उत्खननद्धारा प्राप्त मुद्राहरु हुन । जुन यसप्रकार छन् ।

(क) पञ्चमार्क मुद्रा –  सि. न. १ देखि १६ सम्म १६ वटा मुद्राहरु प्रर्दशित छन ।

(ख) पाञ्चलसुगा मुद्रा–  सि. न. १७ देखि १८ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन

(ग) कुसान मद्रा– यसमा wema Kadphises, Kanishka, Huvishka नामक मुद्राहरु सि. न. १९ देखि २४ सम्म ६ वटा मुद्राहरु प्रर्दशित छन ।

### २ लिच्छविकालिन मुद्राहरु

(क) मानाङ्क मुद्रा– सि. न. २५ देखि २६ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ख) अंशुवर्मा मुद्रा– सि. न. २७ देखि २९ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ग) वैश्रवण मुद्रा– सि. न. ३० मा १ वटा मुद्राहरु प्रर्दशित छन

(घ) जिष्णु गुप्ताको मुद्रा– सि. न. ३१ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(ङ) श्रीगुणाङ्क मुद्रा– सि. न. ३२ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(च) पशुपति मुद्रा– सि. न. ३३ देखि ३६ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन

(छ) बृषमुद्रा– सि. न. १७ देखि १८ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन

**३ काठमाण्डौका मल्ल राजाका मुद्राहरु**

(क) शिवदेवको मुद्रा– सि. न. ३७ देखि ३८ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन

(ख) रत्न मल्लका मुद्रा :– यो मुद्रा हालसम्म राष्ट्रिय मुद्रा संग्रहालयमा संकलित छैन ।

(ग) दोलखाका राजा जय इन्द्रसिंहका मुद्रा :– सि. न. ३९ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(घ) शिवसिंह मल्लका मुद्रा :– सि. न. ४० देखि ४१ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ङ) महेन्द्र मल्लका मुद्रा :– सि. न. ४२ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(च) टाका मुद्रा– सि. न. ४३ देखि ४५ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(च) लक्ष्मी नरसिंह मल्लका मुद्राहरु : – सि. न. ४६ देखि ४७ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(च) प्रताप मल्लका मुद्राहरु – सि. न. ४८ देखि ५२ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन ।

(छ) चक्रवर्तेन्द्र मल्लका मुद्राहरु– सि. न. ५३ देखि ५४ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ज) महिपतेन्द्रमल्लका मुद्राहरु– सि. न. ५५ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(झ) नृपेन्द्र मल्लका मुद्राहरु– सि. न. ५६ देखि ५७ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ञ) पार्थिवेन्द्र मल्लका मुद्राहरु– सि. न. ५८ देखि ६० सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ट) भुपालेन्द्र मल्लका मुद्राहरु– सि. न. ६१ देखि ६४ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

(ठ) भाष्कर मल्लको मुद्रा– सि. न. ६५ देखि ६७ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ड) जय महेन्द्र सिंहको मुद्रा– सि. न. ६८ देखि ७० सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ढ) जगज्जयमल्लका मुद्राहरु– सि. न. ७१ देखि ७३ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ण) जयप्रकाश मल्लका मुद्राहरु– सि. न. ७४ देखि ७९ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन

(त) ज्योतीप्रकाश मल्लका मुद्राहरु– सि. न. ८० देखि ८३ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

**४ भक्तपुरका मल्ल राजाहरुका मुद्राहरु**

(क) जगज्योर्ति मल्लका मुद्राहरु– सि. न. ८४ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(क) जगत् प्रकाश मल्लका मुद्राहरु– सि. न. ८५ देखि ८६ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ख) जितामित्र मल्लका मुद्राहरु– सि. न. ८७ देखि ८८ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ग) भूपतिन्द्र मल्लका मुद्राहरु– सि. न. ८९ देखि ९२ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

(घ) रणजित मल्लका मुद्राहरु – सि. न. ९३ देखि ९६ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

**५ ललितपुरका मल्ल राजाहरुका मुद्राहरु**

(क) हरिहर सिंहका मुद्राहरु – सि. न. ९८ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(ख) सिद्धिनरसिंह मल्लका मुद्राहरु – सि. न. ९९ देखि १०१ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ग) श्रीनिवास मल्लका मुद्राहरु– सि. न. १०२ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(घ) योगनरेन्द्र मल्लका मुद्राहरु – सि. न. १०३ देखि १०९ सम्म ७ वटा मुद्राहरु प्रर्दशित छन ।

(ङ) जयलोकप्रकाश मल्लका मुद्राहरु – सि. न. १११ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(च) जयइन्द्र मल्लका मुद्राहरु –यि मुद्राहरु सि. न. १२१ मा १ वटा मुद्राप्रर्दशित छन ।

(छ) वीर नरसिंह मल्लका मुद्राहरु –यि मुद्राहरु सि. न. ११३ देखि ११४ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ञ) जयवीरमहेन्द्र मल्लका मुद्राहरु – सि. न. ११५ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(ट) ऋद्धि नरसिंह मल्लका मुद्राहरु  – सि. न. ११६ देखि ११८ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ठ) जय महेन्द्र सिंहमल्लका मुद्राहरु – सि. न. ११९ देखि १२० सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ड) जय योगप्रकाश मल्लका मुद्राहरु – सि. न. १२१ देखि १२३ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ढ) जय बिष्णु मल्लका मुद्राहरु – सि. न. १२४ देखि १२८ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन ।

(ण) जय राज्यप्रकाश मल्लका मुद्राहरु – सि. न. १२९ देखि १३३ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन ।

(त) जय विश्वजीत मल्लका मुद्राहरु – सि. न. १३४ मा १ वटा मुद्रा प्रर्दशित छन

(थ) जय रणजीत मल्लका मुद्राहरु – सि. न. १३५ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(द) दलमर्दन शाहका मुद्राहरु – सि. न. १३६ देखि १३७ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन

(ध) जय तेज नरसिंह मल्लका मुद्राहरु – सि. न. १३८ देखि १३९ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

**६ शाहकालका मुद्राहरु**

(क) पृथ्वीनारायण शाहका मुद्राहरु - मोहर सुकी गरि ७ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ख) प्रताप सिंह शाहका मुद्राहरु - मोहर सुकी र काटेको मोहर सहित गरि ५ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ग) रण बहादुर शाहका मुद्राहरु - मोहर, सुकी, आदी मोहर, दाम, आनी(६पैसा), सहित गरि ९ वटा मुद्राहरु प्रर्दशित छन् ।

(घ) गीर्वाणयुद्ध वीर विक्रमशाहका मुद्राहरु - मोहर, सुकी आदी मोहर, दाम सहित गरि १३ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ङ) सुरेन्द्र विक्रम शाहका मुद्राहरु - मोहर, सुकी, दाम, आनी, पैसा, सहित गरि ११ वटा मुद्राहरु प्रर्दशित छन्

(च) राजेन्द्र विक्रम शाहका मुद्राहरु - मोहर, सुकी, आदी मोहर, दाम, आनी, सहित गरि १० वटा मुद्राहरु प्रर्दशित छन् ।

(छ) पृथ्वी वीर विक्रम शाहका मुद्राहरु - मोहर, सुकी, दुई मोहर, दाम, पैसा, सहित गरि २४ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ज) त्रिभूवन वीर विक्रम शाहका मुद्राहरु - मोहर(असर्फी), सुकी, रुपैंया, दाम, पैसा, सहित गरि ४५ वटा मुद्राहरु प्रर्दशित छन् ।

(झ) महेन्द्र वीर विक्रम शाहका मुद्राहरु - मोहर, रुपैंया, पैसा सहित गरि ३५ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ञ) वीरेन्द्र वीर विक्रम शाहका मुद्राहरु - रुपैंया, पैसा, असर्फी सहित गरि ७९ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ट) ज्ञानेन्द्र वीर विक्रम शाहका मुद्राहरु - रुपैंया, पैसा, असर्फी सहित गरि ३६ वटा मुद्राहरु प्रर्दशित छन् ।

शाह रानीहरुका मुद्राहरु  - मोहर, रुपैंया, सुकी पैसा, सहित गरि १५ वटा मुद्राहरु प्रर्दशित छन् ।

परिच्छेद : चार

# राष्ट्रिय मुद्रा संग्रहालयको व्यवस्थापन

## ४.१ परिचय

सार्वजनिक प्रशासनमा तोकिएको लक्ष्य, तोकिएको स्थान, समय र साधनद्धारा उच्चतम गुणस्तर हासिल गर्न अपनाइने प्रक्रियालाई व्यवस्थापन भनिन्छ । Man, Money, Material, Method and Machine + In formation (5M + I) को उचित परिचालन नै व्यवस्थापन हो । उचित व्यवस्थापनले संगठनको उद्देश्य प्रभावकारी रुपमा हासिल हुन्छ । असल व्यवस्थापन Effieetive, Performance, Effieiencey, Economic र Equity मा निर्भर हुन्छ ।

Seckler – Hudson का अनुसार - Management will be regarded as the collective utilition of human resourees and materials in an effort to reach the known goal (निश्चित उद्देश्यका लागी विद्यमान श्रोत र शक्तिको समुचित परिचालन नै व्यवस्थापन हो) ।

संगठन संरचना हो भने व्यवस्थापन प्रक्रिया हो । यो पूर्णतया आन्तरिक धारणा हो , जुन कुनै पनि संगठनको अधिनस्थ सञ्चालन गरिने क्रियाकलाप हो । (पोखरेल, १९१९, ६२)

एक्काइसौ शताब्दीलाई Era of Management भनिन्छ । यसैले व्यवस्थापन सम्वन्धि अवधारणा पछिल्लो समयमा विकसित अवधारणा हो । वर्तमान समयमा व्यवस्थापनका धारणाहरु र पद्दतिहरु विकसित भइरहेको अवस्थामा सार्वजनिक प्रशासनको अन्य क्षेत्रमा जस्तै संग्रहालय क्षेत्रमा पनि व्यवस्थापनको नविनतम अवधारणलाई आत्मासाथ गर्नुपर्ने अवस्था देखा परेको छ ।

संग्रहालयमा कुनै पनि वस्तुको प्राप्ती देखि त्यसको संरक्षण र प्रदर्शनी सम्मका क्रियाकलापहरुलाई समष्टिगत रुपमा संग्रहालय व्यवस्थापन भनिन्छ । संग्रहालय व्यवस्थापन भित्र प्राचिन समयका मानव निर्मित ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक वस्तुहरुको संग्रह, पंजिकरण, सुरक्षा र प्रदर्शनी सम्मका समुचित क्रियाकलापहरु पर्दछन्।

## ४.२ संग्रहालय व्यवस्थापनको क्षेत्रहरु

मानिस स्वभावैले अन्वेषी र संचयी हुन्छ । अन्वेषणको क्रममा जव उसले केहि आकर्षक कौतुहलतावर्द्धक र उपयोगी वस्तु प्राप्त गर्दछ तव त्यसको संचय गर्दछ । मानिसले संचय गरेको वस्तु सुरक्षित रुपमा निश्चित स्थानमा राख्दछ भने त्यसलाई संग्रह भनिन्छ ।जव संग्रहित वस्तु एकत्रित रुपमा निश्चित क्रमबद्ध रुपमा सर्वसाधरणलाई जानकारी दिने, देख्ने, अध्ययन एवं खोज गर्ने उद्देश्यले व्यवस्थित रुपमा सजाएर राखिन्छ । सो सजाएर राखिएको स्थानलाई संग्रहालय र सो संग्रह गर्ने वा सजाएर राख्ने विधिलाई संग्रहालय व्यवस्थापन भनिन्छ । संग्रहालय व्यवस्थापन अर्न्तगत निम्न विषयवस्तुहरु पर्दछन् ।

### ४.२.१ संग्रह व्यवस्थापन

संग्रह संग्रहालयको प्राथमिक कार्य हो । कुनै पनि संग्रहालयले आफ्नो निति,उद्देश्य तथा तरिकाबाट वस्तुको संग्रह गर्ने गर्दछ । संग्रहालयले संग्रह गर्ने कार्यबाट आफ्नो संग्रह बढाइ रहेको हुन्छ । संग्रह गरिएको वस्तुलाई व्यवस्थित तरीकाबाट व्यवस्थापन गर्नुपर्दछ जसलाई संग्रह व्यवस्थापन भनिन्छ । यस अर्न्तगत संग्रह गरिएका वस्तुको विकास, भण्डारण र संरक्षण पर्दछन् । यो एउटा प्रक्रिया हो । यसले वस्तुलाई वाह्य हानीबाट जोगाउँछ । वस्तुको अभिलेखिकरण गर्नमा सघाउ पुर्‍याउँछ । यसले अभिलेख व्यवस्थापनमा र संग्रह व्यवस्थापनको नितिमा समेत प्रभाव पार्दछ । संग्रह व्यवस्थापन संग्रहालयको आवश्यकतालाई पुरा गर्ने किसिमको हुनु पर्दछ । साथै यसले संग्रहित वस्तुको दिगोपन र दिगो सुरक्षा समेतलाई ध्यान दिनु पर्दछ । यो संग्रहित वस्तुको भौतिक संरक्षण हो । यस कार्यमा संग्रह प्रमुख, रजिष्टरकर्ता र अभिलेखकर्ता संलग्न हुन्छन् । राष्ट्रिय मुद्रा संग्रहालयमा निम्न किसिमबाट मुद्राहरु संग्रह गरिएको पाईन्छ ।[1]

### (क) उपहारबाट प्राप्त

राष्ट्रिय मुद्रा संग्रहालयमा मुद्रा संग्रहीत गर्ने कार्य राजा महेन्द्रको प्रयासमा वि.स. २०१९ पौष ७ गते काठमाण्डौंको हनुमानढोका दरवारमा राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना

[1] राष्ट्रिय मुद्रा संग्रहालयको स्थलगत अवलोकन र सो संग्रहालयका संग्रहालय अधिकृत शारदा शिवाकोटी र स्टोर प्रमुख सरिता सुवेदी संग लिएको अर्न्तवार्ताबाट यो परिच्छद तयार पारिएको हो ।

भएदेखी शुरु गरिएको हो । राजा महेन्द्रले आफूसँग निजि संकलनमा रहेका मुद्राहरु उपहार स्वरुप दिई यो संग्रहालयको स्थापना भएको थियो ।

**(ख) खरिदद्वारा प्राप्त**

राष्ट्रिय मुद्रा संग्रहालयमा वि.स. २०२२ साल देखि संग्रहालयले नै खरिद गरेर मुद्रा राख्न थाल्यो । यस संग्रहालयले बार्षिक बजेटको परीधि भित्र रही संग्रहालयलाई आवश्यक पर्ने मुद्राहरु मुद्रा संकलकसंग दररेट मागगरी खरिद गर्ने गर्दछ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

**(ग) उत्खननद्वारा प्राप्त**

राष्ट्रिय मुद्रा संग्रहालयका केही मुद्राहरु लुम्बिनी, कपिलवस्तु र विराटनगर नजिकको भेडियारी भन्ने ठाउँबाट उत्खननद्वारा प्राप्त मुद्राहरु राखिएका छन् । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

**(घ) खजना**

राष्ट्रिय मुद्रा संग्रहालयमा चावहिलको धन्दोचैत्य पुर्ननिर्माण गर्दा फेलापरेका मुद्राहरु पनि प्रदर्शनीमा राखिएका छन ।

यस संग्रहालयमा नेपाली बाहेक विदेशी मुद्रा पनि संकलनमा राखिएको छ । यहाँ ४७ देशका मुद्राहरु राखिएका छन् । धेरै मुद्राहरु छिमेकी राष्ट्र चीन र भारतका छन् । प्रर्दशनीमा विदेशी सिक्का मात्र राखिएको छ । भारतको सिक्कालाई कम्पनि मोहर भनिन्छ र त्यहि नै मुद्रा संग्रहालयमा प्रर्दशनमा राखिएको छ । (स्टोर प्रमुख सरिता सुवेदीसँगको अर्न्तवार्ताबाट)

## ४.२.२ अभिलेखीकरण वा पंजिकरण व्यवस्थापन

संग्रहको विविध माध्यमद्वारा संग्रहालयमा प्राप्त कलावस्तुको पंजीकरण वा अभिलेखिकरण गर्नु संग्रहालयको दोश्रो प्रमुख कार्य हो । जव संग्रहालयमा वस्तु प्राप्त हुन्छ र त्यसलाई संग्रह गरिन्छ । संग्रहालयमा प्राप्त वस्तुले ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक, प्राविधिक आदी महत्वपूर्ण सूचना प्रदान गर्ने गर्दछन् । संग्रह गर्दा वस्तुको वास्तविक स्थान परिवर्तन हुने र त्यसको पहिचान मेटिने हुनाले त्यसको अभिलेखिकरण गर्न आवश्यक छ । संग्रहालय अभिलेखिकरण एउटा निरन्तर प्रकिया/कार्य हो । वस्तु संग्रह

गर्नुपूर्व र वस्तु संग्रहालयमा ल्याईसके पछि फरक फरक तरिकाबाट अभिलेखिकरण गरिन्छ । अथवा यो संकलनको समयबाट प्रारम्भ हुन्छ र संग्रहालयका सम्पूर्ण गतिविधिमा अभिलेखकरण गरिरहनु पर्दछ ।

वस्तुलाई आधिकारिकता प्रदान गर्ने, वैज्ञानिक रेकर्ड राख्ने, क्रमबद्ध तरिकाले वस्तु रेकर्ड राख्ने यी सम्पूर्ण कुरा नै अभिलेखिकरण हो । वस्तु कहाँबाट ल्याइएको हो ? पहिचान के हो ? कुन समयमा बनको हो ? कहिले यसको संग्रहमा राखिएको हो ? कुन उद्देश्यले संग्रहालयमा ल्याइएको हो? कुन माध्यमबाट संग्रहालयले ल्याएको हो भन्ने जस्ता अनेकौ प्रश्नको उत्तर अभिलेखिकरणबाट प्राप्त गर्न सकिन्छ । अभिलेखिकरण अत्यन्तै सरलीकरण र वैज्ञानिक तरिकाले गर्नु पर्दछ । जसबाट संग्रहालयका कर्मचारीलाई सहज हुन्छ र संग्रहालयले पनि आफ्नो उद्देश्य पुरा गर्न सक्दछ ।

जव कुनै वस्तु संग्रहालयमा आइपुग्छ र त्यसको नयाँ जीवन शुरुवात हुन्छ । त्यसपछि त्यसलाई पढिन्छ, दर्ता गरिन्छ, प्रर्दशन गरीन्छ, भण्डारण गरिन्छ, आदनप्रदान गरिन्छ र अन्य वस्तुहरु भएको ठाउँमा लगेर राखिन्छ । यि कार्यका लागी उक्त वस्तुको पहिचान दिन र व्यवस्थापन गर्न आवश्यक छ ।

कुनै वस्तुको सूचना व्यवस्थित रुपले राखिन्छ भने यसलाई नै अभिलेखिकरण भनिन्छ । संग्रहालयको अभिलेखिकरण व्यवस्थापन अर्न्तगत वस्तुको दर्ता नम्वर, दर्ता रजिष्टर, क्याटलग, सूचीपत्र, ऐतिहासिक विवरण आदी प्रमुख तत्वहरु पर्दछन । जव कुनै वस्तु संग्रहद्वारा स्वीकृत गरिन्छ, त्यसलाई संग्रहालयको संग्रहमा दर्ता गरिन्छ । दर्ता नम्वर दिइन्छ, वस्तुमा दर्ता नम्वर लेखिन्छ, सम्वन्धित दर्ता कितावमा प्रविष्ट गरिन्छ र निश्चित ठाउँमा लगेर राखिन्छ ।

राष्ट्रिय मुद्रा संग्रहालयमा संग्रहित मुद्राहरु लामो समय सम्म सुरक्षा र संरक्षण गर्न, चाहेको बेलामा तत्काल प्राप्त गर्न सजिलो होस् भन्नाको लागी अभिलेखिकरण गर्ने गरिन्छ । अभिलेखिकरणको लागी विभिन्न प्रणालीहरु अवलम्वन गरिएको छ जस्तै क्रम संख्या, लगत नम्बर, प्राप्त भएको श्रोत अर्थात विवरण, कुन संवत, कसको, कुन धातुबाट निर्मित, प्राप्तीको श्रोत (उत्खनन् दान आदी), कुन राजाको, कुन एकाइको, भन्ने विवरण अभिलेखिकरणमा गरिन्छ । त्यस्तै मुद्रा संग्रहालयमा मुद्रा संकलन गरिएको मुद्राहरुको नापतौल, काल, समय, धातु, लिपि छुट्टाएर राख्ने गरिन्छ । एउटै प्रकारको मुद्रा अर्थात एउटै

राजाको मुद्रा धेरै छ भने क, ख, ग, गरि छुट्टाएर राखिन्छ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

राष्ट्रिय मुद्रा संग्रहालयमा प्रर्दशनिमा राखिएका मुद्राहरु कालकम अनुसार कमसंख्या दिईएको छ भने, एकै समयमा प्राप्त मुद्राहरुको एउटै दर्ता नम्बर दिईएको छ । जस्तै : पशुपति मुद्राको पंजीकरण वा अभिलेखिकरण यसप्रकार गरीएको छ ।

अग्र : सुर्यको वरिपरी पशुपति अभिलेख

पृष्ठ : साँढे माथि अर्धचन्द्र

काल : इस्वी ७ औं शताब्दी

तौल : ७ ग्राम

पदार्थ : तामा

### ४.२.३ संरक्षण एवं सुरक्षा व्यवस्थापन

संग्रहालय एक कलाकृतिका वस्तुहरु संकलन गर्ने तथा संरक्षण गर्ने वहुमूल्य भण्डार हो । संग्रहालयमा विभिन्न माध्यमबाट संग्रह गरिएको प्रत्येक सामाग्रीलाई प्रत्येक अवस्थामा अस्तित्वको परिक्षण, निरिक्षण तथा उपचार गनुपर्दछ । प्राविधिक शल्यकियाबाट वस्तुलाई सदैव प्रदर्शन उपयुक्त बनाउनु पर्दछ । त्यसकारण प्रत्येक दिन गरिने साधारण सरसफाई देखि वैज्ञानिक उपचार विधिलाई संग्रहालय अर्न्तगत संरक्षण भनि बुझ्नु पर्दछ र अवलम्वन पनि गरिनु पर्दछ । यो संग्रहित वस्तुलाई दिर्घ जीवन दिने एक व्यवस्थित प्रकिया हो । संग्रहालयका सवै कर्मचारीहरु संग्रहको संरक्षण प्रति उत्तरदायी हुन्छ ।

संरक्षण एउटा अत्यन्तै संवेदनशील कार्य हो । वस्तुको मौलिक पहिचान र आधिकारिकतामा प्रतिकुल असर पार्न हुदैन । संरक्षण गर्दा वस्तुको पहिचानलाई लोप हुनेगरि गर्नु हुदैन । संरक्षण कार्य रक्षात्मक विज्ञान पनि हो । यस अन्तर्गत कलाकृतिलाई सुरक्षित राख्ने प्रयास गरिन्छ । संरक्षणद्धारा क्षतिग्रस्त सामाग्रीको पुनरुद्धार एवं सो को मौलिक अवस्था बनाइ राख्न सहयोग मिल्छ । कलाकृतिको स्थिती चिरस्थायी बनाइ राख्न यो एक अत्यन्त उपयोगी विधि हो । समुचित संरक्षणको अभावमा संग्रहित वस्तुको प्रदर्शन,अध्ययन एवं शिक्षण कार्य कठिन हुन्छ ।

राष्ट्रिय मुद्रा संग्रहालयमा प्रर्दशित मुद्राहरु दर्शकबाट सुरक्षाका लागी शोकेश भित्र पनि राखिएको छ । दर्शकको प्रवेश जाँचको व्यवस्था छ । दर्शकको झोला साथमा लैजान

दिइँदैन र लकरमा राख्ने व्यवस्था गरिएको छ । यस मुद्रा संग्रहालयको बाहिरी सुरक्षा र रातको सुरक्षा आर्मीको ग्यारीजन गणले गर्ने गर्दछन् र आन्तरिक सुरक्षा कर्मचारी आफै र ग्यारीजनगणले नै गर्दछन् । प्रदर्शनी कक्षमा नियमित रुपमै कर्मचारीहरु रहन्छन । त्यस्तै आगोलागीबाट जोगाउन वा सुरक्षा गर्न अग्नी नियन्त्रण यन्त्र छ र चोरीबाट सुरक्षाको काम ग्यारीजनगणले नै गर्दछ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अन्तर्वार्ताबाट)

मुद्रा संग्रहमा वातावरणको प्रभाव पनि पर्ने गर्दछ । मुद्रामा पेटिना भन्ने हरियो बस्दछ । यसलाई विभिन्न रासायनिक केमिकलले सफा गर्नु पर्दछ । यहाँको मुद्रा सफा गर्न पाटनबाट प्राविधिक झिकाइन्छ । मुद्राहरु ज्यादा फोहर देखिएमा विद्युतिय विधि अपनाएर सफा गरीन्छ । रातो अक्साइड (खिया) हटाउन साइट्रिक एसिड र सल्फ्युरिक एसिडको घोलमा डुबाउने, एमोनिया लगाउने ,सफा पानीले धुने आदी गरीन्छ । प्रर्दशनि कक्षको नियमित सफाईको लागी कार्यलय सहयोगीहरु रहेका छन । (स्टोर प्रमुख सरिता सुवेदीसँगको अन्तर्वार्ताबाट)

### ४.२.४ प्रकाश व्यवस्थापन

संग्रहालयमा कुनै वस्तुहरु अधिक प्रकाशको करण नष्ट हुन जान्छ भने कुनै वस्तुहरु कम प्रकाशको कारण नष्ट हुन जान्छ । तसर्थ वस्तुहरुको सम्वेदनशीलता अर्थात प्रकृति माथि विचार पुऱ्याउदै उचित तरिकाले प्रकाशको व्यवस्था गर्नु पर्छ । सुर्यबाट आउने Ultraviolet Ray र X-Rays आदिको कारण वस्तुहरुमा रासायनिक परिवर्तन हुने गर्छ र वस्तुको आयुमा ह्रास हुन जान्छ । टुकीबाट निस्कने कार्बनडाइअक्साइड ग्यासले प्रदर्शनी कक्षको वातावरण प्रदुषित हुन जान्छ । प्रदर्शनीकक्षमा सन्तुलित रुपमा प्रकाशको व्यवस्था गर्नु एक महत्वपूर्ण तर जटिल कार्य हो । उचित ढंगले प्रकाशको  व्यवस्था गरिएमा वस्तुको सुरक्षणको साथै प्रदर्शनी कक्षको सौन्दर्यता झल्किन्छ । प्रकाशबाट उत्पन्न विकृतिले वस्तुको स्वरुप, प्रकृति, मूल्य, चिनारी, वास्तविक स्वरुपलाई परिवर्तन गर्दछ । वस्तुको प्रकृति अनुसार संवेदनशिलता फरक हुन्छ यसै अनुसार क्षती हुने गर्दछ । कतिपय वस्तु शिघ्र हुन्छन् भने कतिपय वस्तुहरु विस्तारै विस्तारै नष्ट हुदै जान्छन् ।

राष्ट्रिय मुद्रा संग्रहालयको भवन संग्रहालय प्रयोजनको लागी निर्माण गरीएको होइन । यसैले यसमा प्रकाश व्यवस्थापन वैज्ञानिक किसिमको छैन । तापनि यसमा प्रकास संयोजन मिलाउने प्रयास गरीएको छ । यसको मुद्रा प्रर्दशनी कक्षमा सुर्यको प्रकाश र विजुलीको प्रकाश दुवै श्रोतको प्रयोग गरिएको छ । यस संग्रहालयको प्रर्दशनी कक्षमा झ्याल र

ढोकाबाट सुर्यको प्रकाशको उज्यालो भित्र आउने व्यवस्था छ । थप प्रकाशको लागी भेन्टीलेसन छैन । सुर्यको प्रकाशको उज्यालो नपुग्ने स्थानमा र नभएको समयको लागी ट्यूलाईटको व्यवस्था गरीएको छ । अझ मुद्रालाई राम्रोसंग देखिनको लागी प्रत्येक शोकेसहरुमा ट्यूलाईटको व्यवस्था गरिएको छ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

## ४.२.५ प्रदर्शनी व्यवस्थापन

संग्रहालय व्यवस्थापनको महत्वपूर्ण कार्य प्रदर्शनी हो । संग्रहालय यस्तो संस्था हो जहाँ विभिन्न प्रकारका क्षमता, वर्ग, स्तर व्यवसायका मानिसहरु आउने गर्दछन् । संग्रहालयमा अति प्राचिन, अकल्पनिय समयका वस्तुहरु प्रदर्शन गरिएका हुन्छन् ।संग्रहालयले वस्तुको प्राविधिक पक्ष, कलात्मक सुन्दरता, आन्तरिक मूल्य, ईतिहास तथा साँस्कृतिक महत्व आदिलाई दर्शकसामु प्रस्तुत गर्नु पर्दछ । यसैले संग्रहालयको आर्दशता सौर्न्दय प्रदर्शनी हो । संग्रहालय प्रदर्शनी एउटा मात्रै विषय वस्तुमा आधारित हुदैन । संग्रहालय प्रदर्शनीमा विविध विषयहरु समिश्रित हुन्छन ।

राष्ट्रिय मुद्रा संग्रहालयको मुख्य उदेश्य पनि नेपाली मुद्राको संकलन, संरक्षण र प्रदर्शन गर्नु रहेको छ । प्रर्दशनिकक्षको व्यवस्थापन संग्रहालयविज्ञको सल्लाह अनुसार गरिएको छ । यस संग्रहालयमा संग्रह गरीएका मुद्राहरु मध्ये ४० प्रतिसत मुद्राहरु विभिन्न २३ वटा शोकेसहरु मार्फत प्रर्दशनिमा राखिएका छन । यसमा ३ वटा भित्ते शोकेस र बाँकी २० वटा टेवुल शोकेस रहेका छन । शोकेसको पृष्ठभुमि मुद्राको रंग अनुसार फरक फरक किसिमका राखिएका छन । प्रत्येक शोकेसहरुमा ट्यूलाईटको व्यवस्था गरिएको छ । साना साना मुद्राहरु हेर्नका लागी आइग्लासको व्यवस्था गरीएको छ । एउटा मात्र मुद्रा हेर्नका लागी रिफ्लेक्सको व्यवस्था गरीएको छ । महत्वपुर्ण मुद्राहरुको चित्र बनाएर क्याटलग सहित राखिएको छ । राष्ट्रिय मुद्रा संग्रहालयमा निम्न समयका मुद्राहरुको निम्नानुसार प्रदर्शनी व्यवस्थापन गरिएको छ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

### १. तराई क्षेत्रबाट संकलन गरिएका मुद्राहरु

राष्ट्रिय मुद्रा संग्रहालयको संकलनमा रहेका मुद्राहरु मध्ये खास गरी प्राचीन कालका मद्राहरु प्रर्दशनी कक्षको शोकेश नम्वर १ मा राखिएका छन । यस भागमा कपिलवस्तु र तिलौराकोटको उत्खननबाट प्राप्त भएका इसापूर्व छैठौ शताब्दीका आहत मुद्राहरु, इशाको

पहिलो शताब्दीका कुषाणकालीन मुद्राहरु साथै इशाका पाचौ शताब्दी देखिका लिच्छविकालीन मुद्राहरु प्रर्दशनीमा राखिएका छन् । विराटनगर नजिकको भेडियारी भन्ने ठाउँबाट उत्खनन द्वारा प्राप्त मुद्राहरु राखिएका छन् । जुन यसप्रकार छन् ।

(क) पञ्चमार्क मुद्रा – सि. न. १ देखि १६ सम्म १६ वटा मुद्राहरु प्रर्दशित छन ।

(ख) पाञ्चलसुगा मुद्रा– सि. न. १७ देखि १८ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन

(ग) कुषाण मुद्रा– यसमा wema Kadphises, Kanishka, Huvishka नामक मुद्राहरु सि. न. १९ देखि २४ सम्म ६ वटा मुद्राहरु प्रर्दशित छन ।

**२, लिच्छविकालिन मुद्राहरु**

(क) मानाङ्क मुद्रा– सि. न. २५ देखि २६ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ख) अंशुवर्मा मुद्रा– सि. न. २७ देखि २९ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ग) वैश्रवण मुद्रा– सि. न. ३० मा १ वटा मुद्रा प्रर्दशित छन

(घ) जिष्णु गुप्ताको मुद्रा– सि. न. ३१ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(ङ) श्रीगुणाङ्क मुद्रा– सि. न. ३२ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(च) पशुपति मुद्रा– सि. न. ३३ देखि ३६ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन

**(३) मध्यकाल (मल्लकालीन) मुद्राहरु**

राष्ट्रिय मुद्रा संग्रहालयको संकलनमा रहेका मुद्राहरु मध्ये खास गरी मध्यकाल ( मल्लकालीन) मुद्राहरु प्रर्दशनी कक्षको शोकेश नम्वर २ देखिशोकेश नम्वर ४ सम्ममा ३ वटा शोकेशमा राखिएका छन । काठमाण्डौ उपत्यकाका तीन मल्लकालीन राज्यहरुको मुद्राहरु तीन अलग अलग शोकेशमा राखिएका छन ।जुन यसप्रकार छन् ।

**काठमाण्डौका राजाहरुका मुद्राहरु**

(क) शिवदेवको मुद्रा– सि. न. ३७ देखि ३८ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन

(ख) रत्न मल्लका मुद्रा :– यो मुद्रा हालसम्म फेला परेको छैन ।

(ग) दोलखाका राजा जय इन्द्रसिंहका मुद्रा – सि. न. ३९ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(घ) शिवसिंह मल्लका मुद्रा – सि. न. ४० देखि ४१ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ङ) महेन्द्र मल्लका मुद्रा – सि. न. ४२ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(च) टाका मुद्रा– सि. न. ४३ देखि ४५ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(च) लक्ष्मी नरसिंह मल्लका मुद्राहरु – सि. न. ४६ देखि ४७ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(च) प्रताप मल्लका मुद्राहरु – सि. न. ४८ देखि ५२ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन ।

(छ) चक्रवर्तेन्द्र मल्लका मुद्राहरु– सि. न. ५३ देखि ५४ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ज) महिपतेन्द्रमल्लका मुद्राहरु– सि. न. ५५ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(झ) नृपेन्द्र मल्लका मुद्राहरु– सि. न. ५६ देखि ५७ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ञ) पार्थिवेन्द्र मल्लका मुद्राहरु– सि. न. ५८ देखि ६० सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ट) भुपालेन्द्र मल्लका मुद्राहरु– सि. न. ६१ देखि ६४ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

(ठ) भाष्कर मल्लको मुद्रा– सि. न. ६५ देखि ६७ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ड) जय महेन्द्र सिंहको मुद्रा– सि. न. ६८ देखि ७० सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ढ) जगज्जयमल्लका मुद्राहरु– सि. न. ७१ देखि ७३ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ण) जयप्रकाश मल्लका मुद्राहरु– सि. न. ७४ देखि ७९ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन

(त) ज्योतीप्रकाश मल्लका मुद्राहरु– सि. न. ८० देखि ८३ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

**भक्तपुरका राजाहरुका मुद्राहरु**

(क) जगज्योर्ति मल्लका मुद्राहरु– सि. न. ८४ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(क) जगत् प्रकाश मल्लका मुद्राहरु– सि. न. ८५ देखि ८६ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ख) जितामित्र मल्लका मुद्राहरु– सि. न. ८७ देखि ८८ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ग) भूपतिन्द्र मल्लका मुद्राहरु– सि. न. ८९ देखि ९२ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

(घ) रणजित मल्लका मुद्राहरु – सि. न. ९३ देखि ९६ सम्म ४ वटा मुद्राहरु प्रर्दशित छन ।

**ललितपुरका राजाहरुका मुद्राहरु**

(क) हरिहर सिंहकामुद्राहरु – सि. न. ९८ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(ख) सिद्धिनरसिंह मल्लकामुद्राहरु – सि. न. ९९ देखि १०१ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ग) श्रीनिवास मल्लका मुद्राहरु– सि. न. १०२ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(घ) योगनरेन्द्र मल्लकामुद्राहरु – सि. न. १०३ देखि १०९ सम्म ७ वटा मुद्राहरु प्रर्दशित छन ।

(ङ) जयलोकप्रकाश मल्लकामुद्राहरु – सि.न. १११ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(च) जयइन्द्र मल्लकामुद्राहरु – सि. न. १२१ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(छ) वीर नरसिंह मल्लका मुद्राहरु – सि. न. ११३ देखि ११४ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ञ) जय वीरमहेन्द्र मल्लकामुद्राहरु – सि. न. ११५ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(ट) ऋद्धि नरसिंह मल्लकामुद्राहरु – सि. न. ११६ देखि ११८ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ठ) जय महेन्द्र सिंहमल्लका मुद्राहरु – सि. न. ११९ देखि १२० सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

(ड) जय योगप्रकाश मल्लका मुद्राहरु – सि. न. १२१ देखि १२३ सम्म ३ वटा मुद्राहरु प्रर्दशित छन ।

(ढ) जय बिष्णु मल्लका मुद्राहरु – सि. न. १२४ देखि १२८ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन ।

(ण) जय राज्यप्रकाश मल्लका मुद्राहरु – सि. न. १२९ देखि १३३ सम्म ५ वटा मुद्राहरु प्रर्दशित छन ।

(त) जय विश्वजीत मल्लका मुद्राहरु – सि. न. १३४ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(थ) जय रणजीत मल्लका मुद्राहरु – सि. न. १३५ मा १ वटा मुद्रा प्रर्दशित छन ।

(द) दलमर्दन शाहका मुद्राहरु – सि. न. १३६ देखि १३७ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन

(ध) जय तेज नरसिंह मल्लका मुद्राहरु – सि. न. १३८ देखि १३९ सम्म २ वटा मुद्राहरु प्रर्दशित छन ।

**(३) आधुनिक कालका (शाहकालीन) मुद्राहरु**

राष्ट्रिय मुद्रा संग्रहालयको संकलनमा रहेका मुद्राहरु मध्ये खास गरी आधुनिक कालका (शाहकालीन) मुद्राहरु प्रर्दशनी कक्षको शोकेश नम्वर ५ देखिशोकेश नम्वर १३ सम्ममा ९ वटा शोकेशमा राखिएका छन । यि मुद्राहरु पृथ्वीनारायण शाह देखि ज्ञानेन्द्र वीर विक्रम शाहका मुद्राहरुसम्म प्रर्दशनीमा राखिएका छन । जुन यसप्रकार छन् ।

(क) पृथ्वीनारायण शाहका मुद्राहरु - मोहर सुकी गरि ७ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ख) प्रताप सिंह शाहका मुद्राहरु - मोहर सुकी र काटेको मोहर सहित गरि ५ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ग) रणबहादुर शाहका मुद्राहरु - मोहर, सुकी, दाम, आनी(६पैसा), सहित गरि ९ वटा मुद्राहरु प्रर्दशित छन् ।

(घ) गीर्वाणयुद्ध वीर विक्रमशाहका मुद्राहरु - मोहर, सुकी, दाम सहित गरि १३ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ङ) सुरेन्द्र विक्रम शाहका मुद्राहरु - मोहर, सुकी, दाम, आनी, पैसा, सहित गरि ११ वटा मुद्राहरु प्रर्दशित छन् ।

(च) राजेन्द्र विक्रम शाहका मुद्राहरु - मोहर, सुकी, दाम, आनी, सहित गरि १० वटा मुद्राहरु प्रर्दशित छन् ।

(छ) पृथ्वी वीरविक्रम शाहका मुद्राहरु - मोहर, सुकी, दुई मोहर, दाम, पैसा, सहित गरि २४ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ज) त्रिभूवन वीर विक्रम शाहका मुद्राहरु - मोहर(असर्फी), सुकी, रुपैंया, दाम, पैसा, सहित गरि ४५ वटा मुद्राहरु प्रर्दशित छन् ।

(झ) महेन्द्र वीर विक्रम शाहका मुद्राहरु - मोहर, रुपैंया, पैसा सहित गरि ३५ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ञ) वीरेन्द्र वीर विक्रम शाहका मुद्राहरु - रुपैंया, पैसा, असर्फी सहित गरि ७९ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ट) ज्ञानेन्द्र वीर विक्रम शाहका मुद्राहरु - रुपैंया, पैसा, असर्फी सहित गरि ३६ वटा मुद्राहरु प्रर्दशित छन् ।

(ठ) शाह रानीहरुका मुद्राहरु - मोहर, रुपैंया, सुकी पैसा, सहित गरि १५ वटा मुद्राहरु प्रर्दशित छन् ।

**(४) आभुषणका रुपमा मुद्राहरु**

राष्ट्रिय मुद्रा संग्रहालयमा भारतमा वेलायत सरकारको औपनिवेशिक कालका चाँदीका मोहोरबाट तयार गरीएका माला तथा औंठीहरु प्रर्दशनमा राखिएका छन । यि मालाहरु विशेष गरी राई, लिम्वु, गुरुङ्ग, थारु तथा तामाङ समुदायमा लोकप्रिय रहेका छन ।

**(५) छाला तथा माटाका मुद्राहरु**

राष्ट्रिय मुद्रा संग्रहालयको संकलनमा रहेका मुद्राहरु मध्ये खास गरी छाला तथा माटाका मुद्राहरु प्रर्दशनी कक्षको शोकेशमा राखिएका छन । यि मध्ये छालाका मुद्राहरु सार्की जातका राजाले चलाएका र ई. स. १३२८ तिर मथसिंह खसियाले काठमाण्डौं उपत्यकामा

धावा गरी प्रभुत्व जमाई माटाका मुद्राहरु चलाएका थिए भन्ने कथन छ । तर यि कथनहरु आधिकारीक रुपमा प्रमाणित छैनन् ।

**(६) विदेशी मुद्राहरु**

राष्ट्रिय मुद्रा संग्रहालयमा ४७ देशका मुद्राहरु संगह तथा प्रर्दशन गरीएका छन । यि मुद्राहरु ब्रिटिस इण्डिया सरकारले उपलब्ध गराएका र विभिन्न विदेशीहरुले उपहारको रुपमा दिएका मुद्राहरु हुन ।

राष्ट्रिय मुद्रा संग्रहालयमा संग्रहित मुद्राहरु मध्ये ४० प्रतिशत मुद्रा प्रर्दशनीमा राखिएको छ । प्रर्दशनीमा राखिएको मुद्राहरुको पृष्ठभूमि प्रर्दशन विशेषज्ञको सल्लाह अनुसार दर्शकको आँखालाई शीतलता दिने किसिमको राखिएको छ । मुद्रामा रहेको अक्षर स्पष्ट देखिने खालको उपयुक्त रङ्गको पृष्ठमूमिमा मुद्रा प्रदर्शन गरिएको छ ।  साना मुद्रा हेर्नका लागी आइग्लासको पनि व्यवस्था छ । शोकेश भित्र राखिएका मुद्राहरुलाई आर्कषक देखाउनका लागी शोकेश भित्र फोकसको लागी छेउ छेउमा ट्युवलाइट पनि राखिएको छ । मुद्राको पृष्ठ भाग हेर्नका लागी ऐना  (रिफ्लेन्स) राखिएको छ । अन्यन्तै महत्वपूर्ण मुद्राहरुको चित्र, क्याटलग अर्थात सूचना मूलक वोर्ड बनाएर पनि राखिएको छ । यस्ता चित्रहरु ग्रुपमा र इन्डिभिजिएल लेवलमा राखिएको छ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

## ४.२.६ भौतिक व्यवस्थापन

संग्रहालय दर्शक प्रधान केन्द्र हो । यसैले संग्रहालय भवन दर्शकको सुविधा वमोजिम निर्माण गर्नु पर्दछ । संग्रहालय भवन सौन्र्दयको दृष्टिकोणबाट रुचि पूर्ण र प्रर्दशनिको सामाग्री अनुकुल हुनुपर्दछ । खास गरि संग्रहालय भवन निर्माण गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ ।

(क) संग्रहालयमा जनताको सरल पहुच हुनुपर्दछ ।

(ख) संग्रहालय सम्म पुग्न यातायातको सुविधा हुनुपर्दछ ।

(ग) संग्रहालय मुख्य सडकको नजिक हुनुहुदैन । (सवारी साधनको कम्पनबाट हुने क्षतीबाट जोगाउन)

(घ) डम्पिङ क्षेत्र, चिमनी र पार्कीङ स्थल नजिक हुनुहुदैन ।

(ङ) नदि, ताल नजिकको क्षेत्रमा पनि संग्रहालय हुनुहुदैन ।

संग्रहालय परिसर खुला हुनुपर्दछ । यसको बाह्य सुन्दरताको साथै भित्रि भाग पनि सुन्दर हुनुपर्दछ । सुर्यको प्रकाश सिधै प्रर्दशित कक्षमा प्रवेश गर्नु हुदैन ।

संग्रहालयमा बाहिरी प्रवेशद्धार, विकी केन्द्र, टिकट विकी कक्ष, दर्शकको झोला राख्ने कक्ष (लकर प्रणली), सोधपुछ कक्ष, पुस्तकालय, दृश्य श्रव्य कक्ष, चमेना गृह, कर्मचारी कक्ष, शौचालय, सुरक्षा गार्ड कक्ष, पिउने पानीको प्रबन्ध, सवारी साधन पार्कीङ्गस्थल, पार्क, उद्यान, प्रर्दशनी कक्ष, प्रयोगशाला, फोटो ग्राफी कक्ष, आदि हुनुपर्दछ ।

संग्रहालयको मुख्य भवनमा दर्शकको लागी प्रवेश र बाहिर निस्कनको लागी एकै ढोका वा मार्ग हुनुपर्दछ । प्रर्दशनी कक्षमा वातानुकुल विद्युत व्यवस्था, जेनेरेटरको व्यवस्था, CCTV को व्यवस्था, विद्युत तारहरु जमीन मुनिबाट लैजानु पर्दछ । वहुमूल्य वस्तुहरु शोकेस भित्र राख्नु पर्दछ । प्रशासनिक कक्ष र प्रर्दशनि कक्षबाट अलग अलग हुनुपर्दछ । तला चढ्नको लागी लिफ्ट अथवा कम उचाईको भऱ्याङ हुनुपर्दछ । अपाङ्ग मैत्री प्रवेशद्धार हुनुपर्दछ । ढुङ्गाका मुर्तिहरु पहिलो तलामा नै प्रर्दशन गर्नुपर्दछ । आदी माथी उल्लेखित कुराहरु संग्रहालयको भौतिक व्यवस्थापनका आधारभुत विषयहरु हुन ।

नेपालमा स्थापित राष्ट्रिय संग्रहालयहरु प्राय जसो राणकालीन वा शाहाकालीन पुराना दरवारहरुमा सिमित छन् । नेपालका प्रथम प्रधानमन्त्री भिमसेन थापाको छाउनी स्थित निवासको रुपमा रहेको ऐतिहासिक संग्रहालय भवनमा राणाहरुले स्वदेशी र विदेशी हातहतियारहरु संग्रह गर्दथे । यसैले उक्त स्थानलाई शिलखाना भनिन्थ्यो । यसै शिलखानालाई सन् १९२८ मा चन्द्र शमशेरले संग्रहालयको रुपमा स्थापना गरेका थिए । यो नै नेपालको पहिलो संग्रहालय थियो । त्यसको १० वर्षपछि सन् १९८३ मा जुद्ध शमशेरले संग्रहालयको स्थापना गर्ने उद्देश्यले छाउनीमा नै जुद्ध जातिय कलाशाला नामक भवनको निर्माण गरे यो हाल सम्म पनि सोही नाममा संग्रहालयको रुपमा रहेको छ । यो नै नेपालको संग्रहालय सञ्चालन गर्ने उद्देश्यले निर्माण गरिएको पहिलो संग्रहालय भवन हो । यस पछि २०३१ मा हालको बौद्धकला संग्रहालय भवन संग्रहालय स्थापना गर्ने उद्देश्यले निर्माण गरिएको दोश्रो भवन हो । यस भन्दा वाहेक नेपालमा संग्रहालय स्थापना गर्ने उद्देश्यले संग्रहालय भवनहरु निर्माण गरिएका छैनन् ।

यस्तै नेपालको हालको राष्ट्रिय मुद्रा संग्रहालय पनि नेपालका प्रथम प्रधानमन्त्री भिमसेन थापाको छाउनी स्थित निवासको रुपमा निर्माण भएको भवनमा रहेको छ । हाल यस भवनलाई ऐतिहासिक संग्रहालय भनि नामाकरण गरिएको छ । यसै ऐतिहासिक संग्रहालय भवनको दोश्रो तलामा राष्ट्रिय मुद्रा संग्रहालय रहेको छ । यो संग्रहालय पनि राष्ट्रिय संग्रहालय छाउनी परिसर भित्र रहेको हुदा सम्पुर्ण भौतिक पुर्वाधारका लागी राष्ट्रिय संग्रहालय छाउनीमा निर्भर छ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

राष्ट्रिय मुद्रा संग्रहालयको संग्रहालय पसल, टिकट विकी कक्ष, प्रवेशद्वार, सुरक्षागार्ड कक्ष र सुरक्षागार्ड, बगैचा, पुस्तकालय आदी सबै राष्ट्रिय संग्रहालयको व्यवस्थापनमा नै संचालित छ । यस संग्रहालयमा प्रवेशको लागी अलग टिकटको व्यवस्था छैन । राष्ट्रिय संग्रहालयको प्रवेश टिकटबाट नै यस संगहालयमा प्रवेश गर्न सकिन्छ । यस संगहालयको हरेक प्रकाशनहरु राष्ट्रिय संग्रहालयको संग्रहालय पसलबाट खरिद गर्न सकिन्छ । साथै यस संग्रहालयको सुरक्षा व्यवस्था राष्ट्रिय संग्रहालयको सुरक्षा व्यवस्थामा निर्भर छ । तर यस संग्रहालयको प्रशासनिक भवन राष्ट्रिय संग्रहालयको परिसर भित्र रहेपनि यो संग्रहालयको प्रशासन भने राष्ट्रिय संग्रहालयको अर्न्तगत नभई पुरातत्व बिभाग अर्न्तगत राष्ट्रिय मुद्रा संग्रहालयका रुपमा संचालित छ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

## ४.२.७ कर्मचारी व्यवस्थापन

कर्मचारीहरु कुनै पनि संगठनका जिवित श्रोत हुन् । संगठनको लक्ष्य प्राप्तीका आधार हुन । कर्मचारीहरुद्वारा नै संगठनको गतिविधिहरु चलायमान हुन्छन् । कर्मचारी विनाको संगठनको परिकल्पना गर्न सकिदैन । कर्मचारीहरुको कार्यकौशल, क्षमता, योग्यता, लगनशीलतामा संगठनको उद्देश्य निर्भर रहन्छ । यसैले संगठनको लक्ष्य, उदेश्य र आवश्यकता बमोजिम कुनै पनि संगठनले कर्मचारीको नियुक्ति र पदस्थापना गर्नुका साथसाथै आवश्यक तालिमको व्यवस्था गर्नुपर्दछ ।

संग्रहालय पनि दर्शकहरुलाई शिक्षा र मनोरञ्जन दिने महत्वपुर्ण संगठन हो । संग्रहालय व्यवस्थापनमा पनि कर्मचारी व्यवस्थापन महत्वपुर्ण कार्यको रुपमा रहेको हुन्छ । अझ संग्रहालय व्यवस्थापन एक किसिमको जटिल प्राविधिक कार्य हो । यसको लागी प्रशासनिक साथसाथै विविध किसिमका प्राविधिक कर्मचारीहरुको आवश्यकता पर्दछ । संग्रहालयविज्ञ पशुपतिकुमार द्विवेदीले आफ्नो पुस्तक “संग्रहालय र समाज” मा एउटा

आदर्श संग्रहालयमा निम्न चार किसिमका कर्मचारीहरुको आवश्यकता अनिवार्य हुने उल्लेख गरेका छन ।

(क) निर्देशक वा संग्रहालयाध्यक्ष वा संग्रहालयप्रमुख

(ख) किपर तथा सहायक किपर

(ग) प्राविधिक कर्मचारी

(घ) प्रशासनिक कर्मचारी

यस्तै द्विवेदीले आफ्नो पुस्तक “संग्रहालय र समाज” मा राष्ट्रिय संग्रहालयको लागि निम्नानुसारको कर्मचारीहरु आवश्यकता हुने उल्लेख गरेका छन ।

(१) निर्देशक वा संग्रहालयाध्यक्ष वा संग्रहालयप्रमुख

(२) किपर तथा सहायक किपर

(३) जीवविज्ञान तथा मानवविज्ञान विशेषज्ञ

(४) अनुसन्धान अधिकृत तथा क्रोनोलोजिष्ट

(५) अन्य प्राविधिक कर्मचारी वर्ग

(क) टेक्सीडर्मिष्ट (ख) फोटोग्राफर

(ग) रसायनिक सहायक (घ) मोडेलर

(ङ) ड्राफ्ट्समेन (च) मार्क्समेन

(छ) सिकर्मी (ज) चित्रकार

(ञ) पेन्टर (ट) इलेक्ट्रीशियन

(ठ) मेकानिक (ड) नकर्मी

(ढ) डकर्मी

६. कक्ष सहायकहरु

७. गाइड - लेक्चरर्स र गाइड्स

८. पुस्तकालयाध्यक्ष

९. स्टोर - किपर

१०. प्रशासकिय कर्मचारी

(क) प्रशासकीय अधिकृत (ख) लेखापाल

(ग) कार्यालय सहायक (घ) लिपिक वर्ग

(ङ) कक्ष रक्षक, बगैचा, चौकीदार, अर्दली, तथा सर - सफाई गर्ने (स्वीपर्स) आदि ।

राष्ट्रिय मुद्रा संग्रहालयमा कर्मचारीहरुको कुल दरबन्दी १२ रहेकोमा हाल ९ वटा दरबन्दीको पदपुर्ती भएको अवस्था छ । यहा प्राविधिक र प्रशासनिक दुवै किसिमका कर्मचारीहरु रहेका छन । यसमा ४ जना कार्यलय सहयोगी करारमा नियुक्त हुन्छन भने बाकी अरु ८ वटा दरवन्दी स्थायी रुपमा लोकसेवाबाट पदपुर्ती हुने गर्दछ । राष्ट्रिय मुद्रा संग्रहालयको कर्मचारीहरुको अवस्था परिशिष्ट – ख मा दिइएको छ । (संग्रहालय अधिकृत शारदा शिवाकोटीसँगको अर्न्तवार्ताबाट)

## ४.३, नेपालको इतिहास, धर्म र संस्कृतिको अध्ययनमा राष्ट्रिय मुद्रा संग्रहालयको योगदान

नेपालको इतिहास, धर्म, र संस्कृतिको अध्ययनका लागि विभिन्न प्रकारका स्रोतहरुको आधार लिन सकिन्छ । त्यस्ता स्रोतहरु मध्ये पुरातात्विक स्रोतहरु सबै भन्दा महत्वपुर्ण एवं भरपर्दा मानिन्छन् । यस्ता पुरातात्विक स्रोतहरु अर्न्तगत मुद्राहरु पनि एक महत्वपुर्ण स्रोत हो, जसबाट विगत समयका इतिहास, धर्म, र संस्कृति लगायतका विविध विषयवस्तुको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

कुनै ठाउमा पाइने कुनै एक मुद्राले त्यो वेलाका राजाका नाम र शासनकाल बताउन सक्छ, त्यो मुद्रा तामा, चाँदी, वा सुनको के हो अथवा त्यस मुद्राको तौल र नाप के कस्तो छ , अथवा त्यो मुद्रामा धातुको संमिश्रण के कति छ इत्यादिले त्यो वेलाको आर्थिक समाज र सभ्याताको अनुमान हुन्छ र त्यस मुद्रामा के कस्तो चिन्ह र आकृति छ त्यसले त्यो वेलाको धर्म अथवा मत, धारणा अथवा विश्वास र कलाकृतिको रुपरेखा इत्यादि पत्ता लागी त्यस वेलाको संस्कृतिको ज्ञान खुन्न आउँछ । यस उसले पुरातत्व क्षेत्रमा प्राचिन मुद्राको सदैव खोज र अनुसन्धान भैरहन्छ । (जोशी, २०१९,पृ ४५)

यसरी नेपालको इतिहास, धर्म, र संस्कृतिको अध्ययनका लागि महत्वपुर्ण पुरातात्विक स्रोतका रुपमा रहेको मुद्राहरुको संकलन, संरक्षण र प्रदर्शनी गर्नका लागी

नेपालमा वि.स.२०१९ सालमा हनुमानढोका दरबारमा राष्ट्रिय मुद्रा संग्रहालय स्थापना गरिएको थियो । हाल यो वि. स. २०५० साल देखी राष्ट्रिय संग्रहालय छाउनीमा रहेको छ । यस संग्रहालयले नेपालको ऐतिहासिक विकासक्रमको अध्ययन र मुल्यांकनमा सहयोग पुर्‍याएको छ ।

राष्ट्रिय मुद्रा संग्रहालयमा इसापूर्व ४००–३०० का विभिन्न १५ किसिमका चाँदीका पञ्चमार्क मुद्राहरु राखिएका छन् । यि मुद्राहरु कपिलवस्तु र विराटनगर नजिकको भेडियारी भन्ने ठाउँबाट उत्खननद्वारा प्राप्त मुद्राहरु हुन । यी मुद्राहरु चाँदीका पाता पिटेर र काटेर निर्माण गरिएका हुन । यिनीहरुको गोला, चारकुने, आयतकार, वर्गाकार, लाम्चा, पंचकोणीय र षट्कोणीय रहेका छन । यिनीहरु प्राय एकै तौलका रहेका छन । यी मुद्राहरुमा सूर्य, इन्द्रधनुष, स्वस्तीक चिन्ह, स्तूप जस्ता साधारण आकृतिहरु, मयूर, हात्ती, घोडा, कछुवा जस्ता पशुपंक्षी आकृतिहरु, चक्र, धनुष, डमरु जस्ता आयूधहरु, अर्धवृत, वर्ग, त्रिभुज जस्ता ज्यामितीय आकृतिहरु, नदी, र मानिसको समुहहरु रहेका छन ।

पञ्चमार्क मुद्राहरुमा अंकित मयूर चिन्हले मौर्य वंशको र शिवपुत्र कुमारको संकेत गर्दछ । यि मुद्राहरु कपिलवस्तु र विराटनगर नजिकको भेडियारी भन्ने ठाउँबाट उत्खनन द्वारा प्राप्त भएको हुदा नेपालको तराईक्षेत्र तत्कालिन समयमा मौर्यहरुको अधिनमा थियोकी भन्ने अनुमान गर्न सकिन्छ । यसैगरी पञ्चमार्क मुद्राहरुमा अंकित वृक्ष, स्वस्तिक र स्तूपका चिन्हले हिन्दु र बौद्ध धर्मको संकेत गर्दछ । ( खतिवडा, २०६०,पृ १९१ )

राष्ट्रिय मुद्रा संग्रहालय छाउनीमा इस्वीको पाचौ शताब्दीदेखिका लिच्छविकालिन मुद्राहरु सि. न. २५ देखी ३९ सम्म १५ वटा मुद्राहरु प्रर्दशनिमा राखिएका छन । लिच्छविकालमा प्रचलनमा ल्याइएको मुद्रामा अंकित भाषा, शब्द एवं चिन्हहरुले तत्कालको धर्म, संस्कृति र ईतिहासलाई स्पष्ट पार्न सहयोग पुर्‍याएका छन् । त्यस युगको मुद्रामा अंकित लक्ष्मी, सिंह, नन्दी, चन्द्र, सुर्य, वज्र, खड्ग आदि चिन्हले तत्कालको धार्मिक स्थिति स्पष्ट पार्ने गर्दछ । त्यस कालका मुद्रामा अंकित पशुपति, वैश्रवण आदि शब्दहरु पनि प्रत्यक्ष रुपमा धार्मिक भावनासँग सम्बन्धित छ । राजा मानदेवका मानाङ्क मुद्राको अग्र भागको सिंह आकृतिले लक्ष्मीको वाहन प्रस्तुत गरेको, लक्ष्मी विष्णुको प्रिया भएको एवं मानाङ्क मुद्राको पृष्ठभागमा अंकित कमलपुष्प माथि पद्मासनमा हातमा कमलपुष्प नै लिएको लक्ष्मीको आकृतिले मानदेव विष्णु भक्त भएको र विष्णुकी प्रिया लक्ष्मीलाई आफ्नो मुद्रामा प्रमुख

स्थान दिएको स्पष्ट पार्ने गर्दछ । तत्कालका अभिलेख एवं कलाका नमुनाहरुले पनि मानदेवको समयमा वैश्रवण धर्म उन्नत अवस्थामा भएको स्पष्ट पार्ने हुनाले तत्कालको धार्मिक स्थिति प्रस्ट्याउन मानाङ्क मुद्रा ज्यादै उपयोगी भएको कुरा स्पष्ट हुने गर्दछ ।

अंशुवर्माका मुद्राका कामदोही अभिलेख र सिंह आकृति, वैश्रवण मुद्राको वैश्रवण अभिलेख र कुवेरको आकृति, जिष्णु गुप्तका मुद्राका वज्र र श्रीवत्सका चिन्ह, गुणाङ्क मुद्राका लक्ष्मीका आकृति, वृष मुद्राको वृष अभिलेख र नन्दीको आकृति, पशुपति मुद्राको पशुपति अभिलेख र कलश, वाण, वज्र डमरु, परशु, सुर्य, नन्दी, श्रीवत्स, त्रिशूल एवं कुवेरको चिन्ह एवं आकृलि तत्कालको धार्मिक स्थिति झल्काएको देखिन्छ । यस पशुपति मुद्राले लिच्छविकालमा शैवधर्मको अत्यधिक प्रभाव रहेको कुरा स्पष्ट पार्दछ । (खतिवडा, २०६०,पृ १९२)

लिच्छविकालका यी मुद्राहरुमा भने लिच्छवि लिपि कै प्रचलन देखिन्छ । यी उक्त मुद्राहरुमा संस्कृत भाषा कै प्रचुर मात्रामा प्रयोग देखिन्छ , जस्तो 'मानाङ्क' ,गुणाङ्क , वैश्रवण यो पनि संस्कृत शब्द हो (कुवेरको अर्थमा) । श्रय्शुवर्मा, अंशुवर्मा कै अर्को एक मुद्रामा 'महाराजधिराजस्य श्रयंशो : भन्ने शब्द पाइन्छ । फेरि यी मुद्रामा भोगिनी , कामदोही आदि संस्कृत शब्दहरु पाइन्छ । लिच्छविकालका पशुपति मुद्रामा पनि 'पशुपति' भन्ने जुन चार अक्षर अंकित छन् ती अक्षर लिच्छिवीलिपि अर्थात कुटिला लिपिका हुन् । कुटिला भन्नुको अर्थ गुप्तलिपि पछि विकसित भएको लिपि हो । यी मुद्राहरुमा संस्कृत शब्द कै प्रयोग देखिन्छ । यसैले लिच्छविकालिन नेपालमा संस्कृत भाषाको निकै बोलबाला थियो । ( जोशी, २०१९,पृ ४०)

राष्ट्रिय मुद्रा संग्रहालय छाउनीमा इस्वीको पाचौ शताब्दीदेखिका मल्लकालिन मुद्राहरु सि. न. ४० देखी १३९ सम्म १०० वटा मुद्राहरु प्रर्दशनिमा राखिएका छन । मल्लकालमा प्रचलनमा ल्याइएको मुद्रामा अंकित भाषा, शब्द एवं चिन्हहरुले तत्कालको धर्म, संस्कृति र ईतिहासलाई स्पष्ट पार्न सहयोग पुर्‍याएका छन् ।

मल्लकालका मुद्रामा नेवारी लिपि देखा पर्दछ । यो लिपि पनि उही प्राचिन लिच्छवि र कुटिला लिपिबाटै विकसित भएको विदित हुन्छ । यी लिपिका विभिन्न भेदहरु छन् तर सबको उत्पति एकै मूलबाट भएको छ ।

महेन्द्र मल्ल पछिका अरु प्राप्त मुद्राहरुमा अरबी लिपिको प्रयोग पनि देखापर्दछ । यस लिपिको प्रयोग नेपालमा कसरी भयो यसमा अझै गहिरो खोज गर्नु छ महेन्द्र मल्ल पछिका अरु मल्ल राजाहरुले पनि त्यसवेलाको भाषा नेवारी लिपिमा संस्कृत भाषाकै शब्दहरु आफ्ना आफ्ना मुद्रामा अंकित गराए । प्रताप मल्लले आफ्नो मुद्रामा नेवारी लिपिमा संस्कृत भाषा शैलीका 'श्री श्री कवीन्द्र जय प्रताप मल्ल' तथा 'श्री श्री राज राजेन्द्र जय प्रताप मल्ल' इत्यादि अंकित गराए । संवतका अंक पनि नेवारी लिपिका अंकमा नै अङ्कित गर्ने प्रचलन चलाए । तर यि नै राजा प्रताप मल्लले आफ्नो पिता लक्ष्मीनरसिंहको मुद्रामा झै अरबी लिपि नै कायम गरि 'श्री प्रताप मल्ल ७६१' मात्र उत्कीर्ण भएको मुद्रा पनि प्रचलन गरे । फेरि यिनले ने.सं. ७७६ को आफ्नो एक मुद्रामा फारसी लिपि र भाषालाई पनि स्थान दिएर मुद्राको अग्र भागमा 'शान इलाही' र पृष्ठ भागमा 'जहाँगीरशाह' अंकित गर्न लगाए । फेरि यसै मुद्रामा यिनले नेवारी लिपिमा संस्कृत शैलिमा 'श्रीश्री कवीन्द्र जय प्रताप मल्ल' पनि अंकित गर्न चुकाएनन् । (जोशी, २०१९,पृ ३४)

नेपाली मुद्राको प्रकरणमा यो फारसी लिपि र भाषाले भक्तपुरका अन्तिम मल्ल राजा रणजितको मुद्रामा अरबी लिपिले स्थान पायो । तर तेजनरसिंह मल्लले काठमाण्डौका राजा प्रताप मल्लको अनुकरण गरेर आफ्नो मुद्रामा फारसी लिपिमा उही 'शान इलाही जहाँगीर' अंकित गरे । काठमाण्डौका अन्तिम मल्ल राजा जय प्रकाशले भने आफ्नो मुद्रामा अरवी र फारसी दुवै लिपिलाई स्थान दिएनन् । तै पनि धेरै जसो मल्ल राजाहरुका मुद्रामा तथा शाहा राजाहरुका मुद्रामा पनि फारसी लिपिका लामा दुई धर्के ढाँचा अंकित गर्ने चलन कायम नै थियो । विशेषत : मल्लहरुको मोहर मुद्रामा र शाहाहरुको सुकी मुद्रामा यसको चलन चल्ती ज्यादा देखिन्छ । २००७ साल अगाडीका त्रिभूवनका सुकी मुद्रामासम्म यो दुई धर्के फारसी ढाँचा जिउँदो रह्यो, अनि २००७ सालको क्रान्तिमै यसको अन्त पनि भयो । तिन ताक मुगल सम्राटहरुको सुनको असर्फी प्रचलन काठमाण्डौ उपत्यकामा पनि थियो र यी असर्फीहरुमा दुई धर्के फारसी ढाँचा अंकित नै हुन्थे । यसैको नक्कल नेपाली मुद्रामा पर्न आएको हो भन्ने सहज अनुमान हुन्छ । (जोशी, २०१९,पृ ३५)

काठमाण्डौका अरु मल्ल मुद्राहरुमा प्रताप मल्लकी रानी रुपमती देवीको ने.सं. ७६९ को सुकीमा 'विहारी राज कन्या, पार्थिवेन्द्र मल्लको ने.सं. ८०२ को मुद्रामा "महाराजा नेपालेन्द," भूपालेन्द्र मल्लको ने.सं. ८१२ को मुद्रामा 'नेपालेश्वर राजेन्द्र ने.सं. ८१२ कै मुद्रामा 'गिरीन्द्र

राज राजेन्द्र श्रीश्री कविचूडामणि सम्राट्, भास्करमल्लको ने.सं. ८२१ को मुद्रामा 'नेपालेश्वर गिरीन्द्र ने.सं. ३६२ को महीन्द्र मल्ल कै मुद्रामा 'नेपालेश्वर गिरीन्द' ने.सं. ८५२ को जगज्जय मल्लको मुद्रामा 'नेपालेश्वर राजेन्द' अंकित गराएबाट संस्कृत शब्दकै प्रयोग भएको विदित हुन्छ ।

भक्तपुरका मल्ल राजाका मुद्राहरुमा भने राजाहरुकै साधारण नामको प्रयोग देखिन्छ ,जस्तो 'श्रीश्री जगत्प्रकाशमल्ल, श्री जय जितामित्र मल्ल, श्री जयभूपतिन्द्र मल्लदेव र श्री रणजित मल्लदेव' । तर यी नामहरुमा पनि संस्कृत भाषाकरण भएको देखिन्छ ।

ललितपुरका मल्ल राजाहरुमा सिद्धिनरसिंह मल्लका मुद्रामा राजाका साधारण नाम देखा परेपनि उनी पछिका श्री निवास मल्लका ने.सं. ७८६ का मुद्रामा 'नेपालेश्वर अंकित हुन्छ । योगनरेन्द्र मल्लका ने.सं. ८०६ को मुद्रामा 'संगीतार्णव पारग, नेपाल चूडामणि', उनैका ने.सं. ८२०को मुद्रामा 'संगितार्णाव पारग नेपालेश्वर चूडामणि' उनैको ने.सं. ८०७ को सुकी मुद्रामा 'दयाकर तलेजु सहा' आदि संस्कृत वाक्यांशहरु देखा पर्दछन् । 'तलेजु सहाय' मा व्याकरण सम्वन्धि अशुद्ध भए तापनि यी वाक्यांशहरु संस्कृतकै अनुकरणमा बोलचाली नेवारी भाषामा प्रयोग गरिएका पनि देखिन्छन ।

पछि पछिका मल्ल राजाले आफ्ना मुद्रामा संस्कृत शब्दहरुलाई अशुद्ध लेख्ने गरेबाट उच्चारण फरक भएर अपभ्रंश शब्दहरु प्रचलित हुदै आएका पनि देखिन्छन्, जस्तो ने.सं. ८३७ को ललितपुरका राजा वीर महेन्द्र मल्लकै एक मुद्रामा 'श्री श्री श्री कलुनामय' शब्द भेटिन्छ । यसको शुद्धरुप संस्कृतमा 'श्री श्री श्री करुणामय' हुनुपर्ने हो । यसबाट थाह हुन्छ त्यसताका 'र' लाई 'ल' उच्चारण गर्ने चलन चलिसकेको रहेछ । त्यस्तै उनकै ने.सं. ८२९ को मुद्रामा 'श्री श्री लोकनाथ नम' अंकित छ । यो वाक्यांश पनि 'श्रीश्री लोकनाथयनम' : बाट अपभ्रंश भएर बोलचाली नेवारी भाषामा 'श्री श्री लोकनाथ नम' भएर देखा परेको ज्ञात हुन्छ ।

ललितपुरका राजा योगनरेन्द्र मल्लका ने.सं. ८२० का एक मुद्रामा एकातिर नेवारी लिपिमा 'संगीतार्णव पारग श्री श्री जय योग नरेन्द्र मल्ल' लेखि अर्को तिर देवनागरि लिपिमा 'नेपाल चूडामणी श्री श्री वीर योगनरेन्द्र मल्ल' लेखिएको पनि भेटिन्छ । यसबाट थाहा हुन्छ तिनताक नेवारी लिपिको विस्तृत प्रचलनमा देवनागरि लिपिको पनि उचित स्थान थियो । ( जोशी, २०१९,पृ ३८)

काठमाण्डौका अन्तिम मल्ल राजा जय प्रकाश मल्लको ने.सं. ८७३ को मुद्रामा 'तलेजेमाजु र कुमारीमाजु  भन्ने वाक्यांशहरु स्पष्ट लेखिएबाट नेवारी लिपिमा नेवारी भाषाका शब्द प्रयोग भइसकेको छर्लङ्ग देखिन्छ ।

मल्लकालका मुद्राहरु राजनैतिक इतिहासको अध्ययनको लागि पनि उपयोगी देखिन्छन । बेलाबेलामा विभिन्न शासकहरुका नाममा प्रसारणमा ल्याइएका मुद्राले तिनीहरुको शक्ति स्पष्ट पार्ने गर्दछन भने मुद्रामा राजाको मात्र नभएर रानी र मन्त्रीहरुको समेत नाम उल्लेखित भएमा तिनले उनिहरुको शक्ति प्रस्ट्याउने गर्दछन । तत्कालिन राजा भूपतीन्द्र मल्लका मुद्रामा ऋद्धिलक्ष्मी, महिन्द्रसिंहको मुद्रामा महेन्द्रलक्ष्मी, जगज्जय र जयप्रकाश मल्लका मुद्रामा कुमुदिनी देवी र योगनरेन्द्र मल्लका मुद्रामा जयलक्ष्मी देवी अंकित भएबाट तिनीहरुले त्यसबेलाका । रानी एवं राजमाताहरुको शक्ति स्पष्ट पार्ने गर्दछन । यस्तै भूपालेन्द्र मल्लको मुद्रामा चौतारा लक्ष्मीनारायणको समेत नाम उल्लेख भएकोले उनी राजाका विश्वास प्राप्त व्यक्ति भएको स्पष्ट हुन्छ । मुद्रामा राजाले लिएका पदवीहरुबाट राजाहरुको शक्ति कति थियो भन्ने कुरा पत्ता लगाउन समेत सहयोग पुग्ने गर्दछ । भूपालेन्द्र मल्लको मुद्रामा 'नेपालेश्वर राजेन्द्र, श्री निवास मल्लका मुद्रामा 'नेपालेश्वर, योगनरेन्द्र मल्लका मुद्रामा 'संगीतार्णव पारग श्री श्री जय योग नरेन्द्र मल्ल' लेखि अर्को तिर देवनागरि लिपिमा 'नेपाल चूडामणी श्री श्री वीर योगनरेन्द्र मल्ल' अंशुवर्माको एक मुद्रामा 'महाराजधिराजस्य श्रयंशो लेखिएबाट ति शासकहरु ज्यादै प्रतिभाशाली थिए भन्ने कुरा स्पष्ट हुन्छ । (खतिवडा, २०६०,पृ १९३)

मल्लकालका मुद्रा पछि, जब शाहकालका मुद्राहरु प्रचलनमा आए ती मुद्रामा नेवारी लिपिले स्थान पाउन सकेनन् यद्यपि शाह मुद्रा केही अंशमा मल्ल मुद्राकै नमुनामा निस्केका भए तापनि शाहकालका सबै मुद्राहरुमा देवनागरी लिपिनै अंकित गरिए । यी शाहा मुद्राहरुमा मल्ल राजाहरुको  जस्तो संस्कृत शब्दका उपाधिहरु भेटिदैनन् केवल राजाको नाम र आराध्य देवदेवीका नाम सम्म भेटिन्छन् । उदाहरणार्थ पृथ्वीनारायण शाहकै मुद्रामा एकातिर "श्री श्री पृथ्वीनारायण शाहदेव १६९२" अर्कोतिर "श्रीश्री भवानी, श्रीश्रीश्री गोरषनाथ" अंकित छन । यी अंकित भाषाका शैलीबाट त्यसबखतका मुद्रामा नेपाली भाषाका ठेट लोक शब्दहरु देखा पर्दैनन्, बरु संस्कृत भाषाकै शैलिमा यिनीहरुको आकृति साकारित छन ।

परिच्छेद – ५

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्राचीन ग्रीसमा कलाको संरक्षिका एक देवीलाई "म्यूज" भन्ने चलन थियो । तिनीहरु पिता 'Zevs' जियस र माता नेमोसिन 'Mnemosyne' का नौवटा सन्तानहरु थिए । । त्यो समाजमा Muse लाई संगित तथा ज्ञानकी देवीको रुपमा स्वीकारेको थियो । उनले आफ्नो नृत्य र संगितद्धारा जनमानसको दु ख र चिन्ता निवारण गर्दथिन भन्ने अवधारणा थियो । यिनै ग्रीक देवी र अन्य आठ वटी देवीहरु प्रतिष्ठापित गरिएको मन्दिरलाई पहिलो पटक "म्यूजियम" नामकरण गरिएको थियो । त्यस पछि Museum शिक्षा, ज्ञान, तथा मनोरञ्जनको महत्वपूर्ण  केन्द्रको रुपमा विकास हुन पुग्यो ।

संग्रहालय आँखाको नानी हो, जसका माध्यमबाट कुनै मुलुकको विगत र वर्तमानलाई चियाउन सकिन्छ ।  सामन्यतया संग्रहालय भनेको त्यस्तो एउटा घर हो जहाँ प्राचीन, दुर्लभ तथा ऐतिहासिक एवं पुरातात्विक वस्तुहरु संग्रह गरी प्रदर्शन गरिएको हुन्छ । संग्रहालय भन्नाले सामान्यतः मुनाफारहित मानव निर्मित वा प्राकृतिक रुपमा बनेका बस्तुहरुको संकलन तथा त्यसको संरक्षण गरी प्रदर्शन गरिने थलो वा संस्था हो, भन्ने बुझिन्छ । हरेक ब्यक्तिलाई आफ्नो इतिहास र आफ्ना पुर्खाका बारेमा जान्ने जिज्ञासा हुन्छ र त्यस बारेमा जानकारी दिने माध्यम भनेको संग्रहालय नै हो ।

जवाहरलाल नेहरुका अनुसार "संग्रहालय पुराना-पुराना सामाग्रीहरु हेर्ने स्थान मात्र नभएर देशको सांस्कृतिक गतिविधिको प्रमुख अङ्ग पनि हो र यो सार्वजनिक शिक्षालय पनि हो" । यस्तै ICOM का अनुसार "संग्रहालय एउटा लाभरहित स्थायी संस्था हो । जो समाजको सेवा र यसको विकासमा लाग्दछ र जनताको लागि खुलेको हुन्छ । यसले विभिन्न बस्तुहरु प्राप्त गर्नु , ठिकसँग राख्नु , अनुसन्धान गर्नु , जनतासम्म पुऱ्याउँनु र प्रदर्शित गर्नु हो । यसको आसय शिक्षा र मनोरञ्जन मानिसको मूर्त र अमूर्त वा बस्तुनिष्ठ प्रमाणहरु, वातावरण अध्ययन र परिवेशलाई उजागर गर्नु हो" ।

प्राचीन मिश्रका शासक रेमसेज द्वितीयले इसापूर्व तेह्रौ शताब्दीमा मिश्रमा एक संग्रहालयको स्थापना गरेका थिए । संग्रहालय विकासको इतिहासमा यस संग्रहालयलाई सर्व प्राचीन मानिन्छ । विश्वको प्रथम आधुनिक संग्रहालयको सुरुवात सर्वप्रथम बेलायतबाट भएको हो । सन् १६८२ मा बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा सुरु गरिएको अस्मोलियन संग्राहालयलाई विश्वकै सर्वप्रथम स्थापित स्रग्रहालय मानिन्छ ।

इसाको उन्नाइसौँ शताब्दीमा यसप्रति मानिसहरुको रुची बढ्न थाल्यो । सन् १७९२ मा फ्रान्सेली राजाहरुद्वारा दरवारमा संग्रहालय खोल्ने निर्णय भए अनुरुप १० अगस्त १७९३ मा muse France भनेर खोलियो, जुन अहिले लुव्र संग्रहालयको नामले प्रसिद्व छ । यसरी युरोपमा संग्रहालयको सुरुवातसंगै विभिन्न देशहरुमा यस्ता संग्रहालयहरु खोलिने क्रम बढ्न थालेको थियो । अंग्रेजको आधिपत्य भएको बेलामा सन् १७८४ मा एशियाटिक सोसाइटी अफ बेंङ्गाल स्थापना भएपछि भारतीय उपमहाद्विपमा सर्वप्रथम कलकत्तामा संग्रहालयको स्थापना गर्ने कार्य भएको थियो ।

नेपालको सन्दर्भमा प्र.म. भीमसेन थापाको निवासस्थानमा रहेको शिलखाना अर्थात् हात-हतियारहरु राख्ने ठाउँबाट संग्रहालयको अवधारणा सुरु भएको पाइन्छ । राणाहरुले त्यसमा हातहतियारहरु राख्ने र विदेशी पाहुनाहरुलाई देखाउने गरिएको हुँदा, सर्वप्रथम छाउनी सिलखाना नाम दिएका थिए । वि.स. १८८१ मा छाउनी शिलखानाको स्थापनाबाट नेपालमा संग्राहलयको इतिहास शुरु भएको मानिन्छ । त्यसपछि ‘छाउनी म्यूजियम’ र अझ पछि राणा कालमा वि. स १९९५ यो ‘नेपाल म्यूजियम’को नामले प्रख्यात भएको थियो ।

वि. स. २००९ सालमा पुरातत्व विभागको स्थापना भएपछि नेपाली कला, साहित्य र इतिहास, सांस्कृतिक सम्पदाको संरक्षणमा महत्त्वपूर्ण काम भए । राजा महेन्द्रले उपत्यका तीनवटै मल्लकालीन दरबारलाई संग्रहालयका रूपमा परिणत गरे । २०१९ सालमा हनुमानढोका दरबारलाई मुद्रा संग्रहालयका रूपमा विकास गरियो । यो संग्रहालयलाई वि. स. २०५० सालमा छाउनीमा सारियो । पाटन दरबारलाई ढलौट संग्रहालय र भक्तपुर दरबारलाई चित्रशाला संग्रहालयका रूपमा विकास गरियो । २०१९ सालमै क्षेत्रीय संग्रहालयका रूपमा कपिलवस्तुमा साइट म्युजियम स्थापना गरियो । वि.स. २०६८ मा नारायणहिटिदरबारमा स्थापना भएका नारायणहिटि संग्रहालय सबैभन्दा पछि स्थापना भएको संग्रहालय हो ।

कुनै पनि ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक र कलात्मक वस्तुको संग्रह, पंजिकरण, संरक्षण, प्रदर्शन गरि अवलोकन कर्तालाई ज्ञान प्रदान गर्नु संग्रहालयको मुख्य कार्य हो । यसलाई संग्रहालयको प्राथमिक कार्य पनि भनिन्छ । यस्तै संग्रहालयमा जनशक्ति व्यवस्थापन, आर्थिक व्यवस्थापन, भौतिक व्यवस्थापन, योजना निर्माण, सुचना व्यवस्थापन,प्रकाशको व्यवस्थापन र संग्रहित वस्तुको व्यवस्थापन आदी विषय संग्रहालयको द्वितिय कार्य हो । संग्रहालयमा प्राथमिक कार्य र द्वितीयक कार्यको व्यवस्थापन गर्नु स्रग्रहालय व्यवस्थापन हो ।

मुद्रा विनिमयका महत्वपूर्ण माध्यम हुन् । आर्थिक गतिविधिका आधारहरु हुन् । साथ साथै मुद्रा प्रमाणिक पुरातात्विक वस्तुहरु हुन् । इतिहास, संस्कृति र पुरातत्वको अध्ययनमा मुद्रा एक महत्वपूर्ण वस्तुको रुपमा लिइन्छ । यसबाट राज्यका तत्कालिन समयको राजनितिक, धार्मिक र आर्थिक अवस्थाका बारेमा बुझ्न सकिन्छ । यसरी मुद्राको महत्वलाई आत्मासाथ गर्दे नेपाल सरकारद्धारा नेपालमा मुद्रा संग्रह गर्ने उद्देश्यले सरकारी स्तरमा वि.स. २०१९ पौष ७ गते मा काठमाण्डौंको हनुमानढोका दरवारमा राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना गरिएको थियो । यसलाई वि.सं २०५० मा भिमसेन थापाद्धारा निर्मित राष्ट्रिय संग्रहालय छाउनीको ऐतिहासिक भवनमा स्थानान्तरण गरिएको थियो । यस संग्रहालयमा दोस्रो शताब्दी देखिका हाल सम्मका लिच्छविकालिन, मल्लकालिन र शाहाकालिन विभिन्न मूल्य एवं तिथिक्रमका महत्वपूर्ण मुद्राहरु संग्रहित एवं प्रदर्शित छन् । जसले नेपालको मुद्रा ईतिहासलाई समेटेको छ । यस संग्रहालयको निम्न तीन उद्देश्यहरु रहेका छन् –

क नेपाली मुद्राको संकलन, संरक्षण र प्रदर्शन गर्नु ।

ख नेपालको ईतिहास र विकासको विस्तृत रुपमा मूल्याकन र प्रस्तुती गर्नु ।

ग नेपाली मुद्राहरु सम्बन्धमा अध्ययन अध्यायपन गर्नु गराउनु ।

राष्ट्रिय मुद्रा संग्रहालयमा निम्न पांच किसिमका मुद्राहरुको प्रदर्शनी राखिएका छन ।

(१) प्राचीनकालका मुद्राहरु - यि मुद्राहरु तराई क्षेत्रबाट संकलन गरिएका मुद्राहरु हुन ।

(२) लिच्छविकालिन मुद्राहरु

(३) मध्यकाल (मल्लकालीन) मुद्राहरु- यि मुद्राहरु काठमाण्डौका राजाहरुका मुद्राहरु, भक्तपुरका राजाहरुका मुद्राहरु र ललितपुरका राजाहरुका मुद्राहरु गरी तीन किसिमका छन ।

(४) आधुनिक कालका (शाहकालीन) मुद्राहरु

(५) आभुषणका रुपमा मुद्राहरु

(६) छाला तथा माटाका मुद्राहरु

(७) विदेशी मुद्राहरु

राष्ट्रिय मुद्रा संग्रहालय नेपालका प्रथम प्रधानमन्त्री भिमसेन थापाको छाउनी स्थित निवासको रुपमा निर्माण भएको भवनमा रहेको छ । हाल यस भवनलाई ऐतिहासिक संग्रहालय भनि नामाकरण गरिएको छ । यसै ऐतिहासिक संग्रहालय भवनको दोश्रो तलामा राष्ट्रिय मुद्रा संग्रहालय रहेको छ । यो संग्रहालय पनि राष्ट्रिय संग्रहालय छाउनी परिसर भित्र रहेको हुदा सम्पुर्ण भौतिक पुर्वाधारका लागी राष्ट्रिय संग्रहालय छाउनीमा निर्भर छ ।

राष्ट्रिय मुद्रा संग्रहालयको संग्रहालय पसल, टिकट विकी कक्ष, प्रवेशद्वार, सुरक्षागार्ड कक्ष र सुरक्षागार्ड, बगैचा, पुस्तकालय आदी सबै राष्ट्रिय संग्रहालयको व्यवस्थापनमा नै संचालित छ । यस संग्रहालयमा प्रवेशको लागी अलग टिकटको व्यवस्था छैन । राष्ट्रिय संग्रहालयको प्रवेश टिकटबाट नै यस संगहालयमा प्रवेश गर्न सकिन्छ । यस संगहालयको हरेक प्रकाशनहरु राष्ट्रिय संग्रहालयको संग्रहालय पसलबाट खरिद गर्न सकिन्छ । साथै यस संग्रहालयको सुरक्षा व्यवस्था राष्ट्रिय संग्रहालयको सुरक्षा व्यवस्थामा निर्भर छ । तर यस संग्रहालयको प्रशासनिक भवन राष्ट्रिय संग्रहालयको परिसर भित्र रहे पनि यो संग्रहालयको प्रशासन भने राष्ट्रिय संग्रहालयको अर्न्तगत नभई पुरातत्व विभाग अर्न्तगत राष्ट्रिय मुद्रा संग्रहालयका रुपमा संचालित छ ।

यो संग्रहालय बाह्रै महिना अवलोकन गर्न सकिन्छ । गर्मी महिनामा बिहान १०:३० बजेदेखि बेलुकी ४:३० बजे सम्म, सोमबार बिहान १०:३० देखि दिउँसो ३:३० सम्म, जाडो महिनामा बिहान १०:३० देखि ३:३० सम्म अवलोकन गर्न सकिन्छ । यो संग्रहालय मंगलबार तथा सरकारी बिदाका दिनहरूमा बन्द रहन्छ । यस संग्रहालयमा प्राचिन हातहतियार, वस्त्र, सिक्का तथा प्राचिन राजाका उपहारहरू अवलोकन गर्न सक्छौं ।

## ५.२ सुझाव

नेपाली ईतिहास, सभ्यता र संस्कृतिको अध्ययन र अन्वेषणमा नेपाली मुद्राको महत्वपूर्ण स्थान छ । मुद्रामा पाईने  राजाको नाम र शासनकाल, मुदाको तौल र नाप, सो मा प्रयोग भएको धातु इत्यादिले त्यो बेलाको आर्थिक समाज र सभ्यताको ज्ञान हुन्छ र त्यस मुद्रामा भएको चिन्ह वा आकृतिले त्यो बेलाको धर्म अथवा मत, धारणा अथवा विश्वास, कलाकृतिको रुपरेखा र संस्कृतिको ज्ञान हुन्छ । यसैले पुरातत्व क्षेत्रमा प्राचिन मुद्राको सदैव खोज र अनुसन्धान भैरहन्छ ।

मुद्रा प्रमाणिक पुरातात्विक वस्तुहरु हुन् । यसबाट राज्यका तत्कालिन समयको राजनितिक, धार्मिक र आर्थिक अवस्थाका बारेमा बुझ्न सकिन्छ । यसरी मुद्राको महत्वलाई आत्मासाथ गर्दे नेपाल सरकारद्धारा नेपालमा मुद्रा संग्रह गर्ने उद्देश्यले सरकारी स्तरमा वि.स. २०१९ पौष ७ गते मा काठमाण्डौंको हनुमानढोका दरवारमा राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना गरिएको थियो । वि.स. २०५० मा हनुमानढोका  दरवारमा रहेको मुद्रा संग्रहालयलाई भिमसेन थापाद्धारा निर्मित राष्ट्रिय संग्रहालय छाउनीको ऐतिहासिक संग्रहालयमा स्थान्तरण गरिएको थियो । यस संग्रहालयमा ईसापूर्व देखि हाल सम्मका विभिन्न मूल्य एवं तिथिक्रमका महत्वपूर्ण मुद्राहरुको संकलन, संरक्षण र प्रदर्शन गरिएका छन् । जसले नेपालको मुद्रा ईतिहासलाई समेटेको छ ।यस संग्रहालयले नेपालको ऐतिहासिक विकासक्रमको अध्ययन र मुल्यांकनमा सहयोग पुर्‍याएको छ ।

यसरी नेपालको हालसम्मको मुद्रा ईतिहासलाई संरक्षण गर्दे नेपाली ईतिहास, सभ्यता र संस्कृतिको अध्ययन र अन्वेषणमा महत्वपूर्ण योगदान पुर्‍याएको राष्ट्रिय मुद्रा संग्रहालयमा रहेको कमिकमजोरीहरुलाई निम्नानुसार सुधार गर्दे लैजानु पर्ने देखिन्छ ।

(१) राष्ट्रिय मुद्रा संग्रहालय नेपालको एकमात्र मुद्रा सम्वन्धि राष्ट्रियस्तरको संग्रहालय हो । तर यसको श्रोत, साधन, जनशक्ति र क्षमता राष्ट्रिय संग्रहालयस्तरको छैन । यसको तत्काल श्रोत, साधन, जनशक्ति र क्षमता राष्ट्रिय संग्रहालयस्तरको बनाउन नेपाल सरकारले आवश्यक वजेटको व्यवस्था गर्नु पर्दछ ।

(२) राष्ट्रिय संग्रहालयको लागी संग्रहालय भवन, बाहिरी प्रवेशद्धार, विकी केन्द्र, टिकट विकी कक्ष, दर्शकको झोला राख्ने कक्ष (लकर प्रणली), सोधपुछ कक्ष, पुस्तकालय, दृश्य श्रव्य

कक्ष, चमेना गृह, कर्मचारी कक्ष, शौचालय, सुरक्षा गार्ड कक्ष, पिउने पानीको प्रबन्ध, सवारी साधन पार्कीङ्गस्थल, पार्क, उद्यान, प्रर्दशनी कक्ष, प्रयोगशाला, फोटो ग्राफी कक्ष, आदि न्यूनतम भौतिक पुर्वाधारहरु हुनुपर्दछ । तर राष्ट्रिय मुद्रा संग्रहालयमा यि उल्लेखित भौतिक पुर्वाधारहरुको अभाव रहेको छ । यि भौतिक पुर्वाधारहरुको लागी राष्ट्रिय मुद्रा संग्रहालय राष्ट्रिय संग्रहालय छाउनीसंग निर्भर रहेको छ । यसैले राष्ट्रिय मुद्रा संग्रहालय कानुनी रुपमा राष्ट्रिय संग्रहालयस्तरको छ भने व्यवाहारीकरुपमा राष्ट्रिय संग्रहालय छाउनीको मुद्राकक्ष जस्तो देखिएको छ । यसैले राष्ट्रिय मुद्रा संग्रहालयको लागी छुट्टै आधुनिक भवन बनाउनु पर्दछ ।

(३) संग्रहालयविज्ञहरुका अनुसार राष्ट्रिय संग्रहालयको लागि किपर तथा सहायक किपर, अनुसन्धान अधिकृत तथा क्रोनोलोजिष्ट, टेक्सीडर्मिष्ट, फोटोग्राफर, रसायनिक सहायक, मोडेलर, ड्राफ्ट्समेन, मार्क्समेन, सिकर्मी, चित्रकार, पेन्टर, इलेक्ट्रीशियन, मेकानिक, नकर्मी, डकर्मी जस्ता प्राविधिक कर्मचारीहरुको पनि आवश्यकता पर्दछ । तर राष्ट्रिय मुद्रा संग्रहालयमा यस्ता कर्मचारीहरुको दरवन्दी नै राखिएको छैन । यसैले राष्ट्रिय मुद्रा संग्रहालयमा यस्ता प्राविधिक कर्मचारीहरुको दरवन्दी श्रृजना गरी तत्काल पदपर्ती गरीनुपर्दछ ।

(४) राष्ट्रिय मुद्रा संग्रहालयमा मुद्राको अभिलेखीकरण अंकीय व्यवस्था (Digital system) अर्न्तगत एकल अंकीय व्यवस्था (Single Digital system) अनुसार गरीएको छ । यस विधिबाट संग्रहीत वस्तुको संख्या र क्रमांकको बारेमा मात्र जानकारी हुन्छ । यो विधि सानो संग्रहालयमा उपयूक्त हुन्छ । यो संग्रहालय राष्ट्रियस्तरको भएको र यसमा मुद्राको संख्या दिनप्रतिदिन बढ्दै जाने देखिएकोले यस संग्रहालयमा पनि ठुला संग्रहालयहरुमा प्रयोग गरीने प्राप्ती वर्ष, दर्ता नम्वर र ग्यालरीको क्रमांक नम्वर समेत जानकारी हुने त्रिअंकीय व्यवस्था ( Three Digital system) विधिको प्रयोग गरीनु पर्दछ ।

(५) मुद्रामा पेटिना भन्ने हरियो बस्दछ । यसलाई विभिन्न रासायनिक केमिकलले सफा गर्नु पर्दछ । मुद्राहरु ज्यादा फोहर देखिएमा विद्युतिय विधि अपनाएर सफा गर्नु पर्दछ । रातो अक्साइड (खिया) हटाउन साइट्रिक एसिड र सल्फ्युरिक एसिडको घोलमा डुबाउने, एमोनिया लगाउने र सफा पानीले धुने गर्नुपर्दछ । यस कार्यको लागी राष्ट्रिय मुद्रा संग्रहालयमा ल्याब र सो सम्वन्धि कर्मचारी छैन । यसको तुरुन्त व्यवस्था गर्न आवश्यक छ।

(६) नेपालमा लोकतन्त्रको पूनर्स्थापना पछि संग्रहालयको विकास द्रुत गतिले भएको पाईन्छ । यसले देशको पर्यटन प्रवर्द्धन र राष्ट्रिय आयवृद्धिमा समेत महत्वपुर्ण योगदान दिएको छ । तर नेपालमा  हालसम्म पनि यस सम्वन्धि नियामक निकाय छैन । नेपालमा संग्रहालय सम्वन्धि स्पष्ट योजना, निति, ऐन, नियम र मापदण्डहरु बन्न सकेको छैन । जसले गर्दा नेपाल भरि कति वटा संग्रहालयहरु छन ? कस्ता कस्ता प्रकारका संग्रहालयहरु छन ? कुन स्तरका छन ? तिनीहरुको छाता संस्था कुन हो ? भन्ने वारे केहि पनि स्पष्ट छैन ।यसैले संग्रहालयहरुको सम्पर्क, समन्यय र सुपरिवेक्षण गर्ने केन्द्रीय निकाय र स्पष्ट कानुनी व्यवस्था नहुँदा पनि संग्रहालय विकास जति हुनु पर्ने त्यति हुन सकेको छैन । यसैले संग्रहालय सम्वन्धि स्पष्ट कानुनी व्यवस्था तुरुन्त गर्नुपर्दछ ।

(७) कुनै पनि संग्रहालयका लागि संकलन नियमित चलिरहने प्रक्रिया हो। तर यस राष्ट्रिय मुद्रा संग्रहालयको मुद्रा संकलन सम्बन्धी स्पष्ट नीति छैन । यसैले राष्ट्रिय मुद्रा संग्रहालयले प्रभावकारी रुपबाट मुद्रा संकलन गर्न सकिराखेको छैन ।

(८) संग्रहालय पुरातत्व विभाग संस्कृति मन्त्रालय अन्तर्गत पर्दछ । सरकारले संस्कृति मन्त्रालयलाई कहिले पनि अन्य मन्त्रालयहरुको जस्तो प्राथमिकतामा राखेको पाइदैन । यसलाई कहिले शिक्षा मन्त्रालय अन्तर्गत कहिले पर्यटन मन्त्रालयसंग, कहिले राज्य पुनः संरचना मन्त्रालयसंग, कहिले संघीय मामिला ,संविधान सभा, संसदीय व्यवस्थासंग र हालसंस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत राखेको छ । यसरी हेर्दा संस्कृति मन्त्रालय कहिल्यै प्राथमिकतामा परेको छैन । यसले गर्दा संग्रहालयलाई पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन ।

(९) नेपाल सरकारले राष्ट्रिय संग्रहालय र अन्य सरकारी संग्रहालयको विषयमा हालसम्म नीतिगतरूपमा स्पष्ट नामाकरण र कार्य क्षेत्र सम्बन्धी व्याख्या गरेको छैन । यसैले नेपालका सबै सरकारी संग्रहालयहरुको हैसियत झण्डै एउटै प्रकारको छ। यसकारण राष्ट्रिय मुद्रा संग्रहालय जस्तो मुद्रासंग सम्वन्धित विशिष्ट संग्रहालयको नामाकरणमा राष्ट्रिय जोडिए पनि यसको हैसियत र अवस्था क्षेत्रिय संग्रहालयस्तरको पनि छैन । यसैले यसको नाम अनुसारको हैसियतर अवस्था तत्काल वृद्धि गरीनु पर्दछ ।

(१०) वि.स. २०७२ बैसाख १२ गतेको भूकम्पले गर्दाराष्ट्रिय मुद्रा संग्रहालय लगायत नेपालका अधिकांश संग्रहालयहरुमा क्षति पुगेको हुदा अब संग्रहालय भवन निर्माण वा पुनर्निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधि अपनाएर निर्माण गरीनु पर्दछ ।

(११) नेपालमा संग्रहालय सम्वन्धि विषयमा पठनपाठनको कमि छ । विश्वविद्यालयस्तरमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग स्नातकोत्तर तहमा ५० पुर्णाङ्कको एक पत्र मात्र यस सम्वन्धि पढाइ हुन्छ । विद्यालयस्तरमा यस सम्वन्धमा पढाइनै हुदैन । अझ मुद्रा संग्रहालय सम्वन्धमा त कहि कतै पढाई नै हुदैन । यसैले मुद्रा जस्तो भरपर्दो पुरातात्विक वस्तुको संग्रह गरीने मुद्रा संग्रहालय सम्वन्धमा पठनपाठन नहुनु दुखको कुरा हो । यसैले हरेक विश्वविद्यालय र विद्यालयले आफ्नो पाठ्यक्रममा मुद्रा संग्रहालय सम्वन्धि विषय अनिवार्य रुपमा समावेस गर्नु पर्दछ ।

# सन्दर्भ सामाग्री सूचि

अर्याल, मुकुन्दराज, *संग्रहालय र सामाजिक समन्वयता* नेपाल राष्ट्रिय जातीय संग्रहालयले आयोजना गरेका गोष्ठिमा प्रस्तुत गोष्ठि पत्रमिति २०६७ जेष्ठ १६ गते ।

आचार्य, महेशकुमार, (वि.स.२०५६) *प्रागइतिहास र पुरातत्वको सामान्य परिचय,* काठमाण्डौः रत्न पुस्तक भण्डार ।

कार्की, विष्णु राज र सिंह, सरस्वती, (वि.स.२०६८) *संरक्षण पद्धति,क* काठमाण्डौंः कोशी प्रिन्टिङ्ग प्रेस ।

कुँवर, धनबहादुर, *संग्रह र प्रदर्शनीको आधारमा नेपालमा प्रचलित केही संग्रहालयहरु,* नेपाल राष्ट्रिय जातीय संग्रहालयले मिति २०६७ जेष्ठ १६ गते आयोजना गरेको गोष्ठिमा प्रस्तुत गोष्ठि पत्र ।

खतिवडा, सोमप्रसाद, (वि.स.२०६०) *नेपालका लिपि र मुद्राहरुको परिचय,* काठमाण्डौः एम. के. पब्लिशर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

गुरुङ, गणेशमान, *सामाजिक मेलजोलका लागि संग्रहालय,* नेपाल राष्ट्रिय जातीय संग्रहालयले आयोजना गरेको गोष्ठिमा प्रस्तुत गोष्ठि पत्रमिति २०६७ जेष्ठ १६ गते ।

गिरी, गितु, (वि.स.२०६०) *नेपालको पुरातत्व, कला, पर्यटन र संग्रहालय,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, ।

जोशी, सत्यमोहन, (वि.स.२०१७) *नेपाली राष्ट्रिय मुद्रा,* काठमाण्डौः साझा प्रकासन ।

जोशी, हरिराम, (वि.स.२०३३) *उत्तरप्राचीनकालीन मुद्रा,* काठमाण्डौः साझा प्रकासन ।

वज्रचार्य, धनवज्र, (१९९०) *वैश्रवण मुद्राको ऐतिहासिक महत्व,* रोलम्वा ।

दाहाल, पेशल र खतिवडा, सोम प्रसाद, (वि.स.२०६५) *पुरातत्वको परिचय,* (प्रथम संस्करण), काठमाण्डौः एम. के. पब्लिशर्स एण्ड डिण्ट्रिव्यूटर्स ।

द्विवेदी, पशुपति कुमार, (वि.स.२०३२) *संग्रहालय र समाज,* काठमाडौः राष्ट्रिय संग्रहालय छाउनी ।

न्यौपाने, गोबिन्द, (वि.स.२०७०) *जुद्द जातिय कलाशाला,* अप्रकाशित एम.ए. शोध प्रतिवेदन, त्रि.वि.वि., संस्कृति केन्द्रिय विभागमा ।

पुरी, उद्धव, (वि.स.२०६३) *नेपालमा पर्यटन,* काठमाण्डौः तलेजु प्रकाशन ।

पोखरेल, कृष्ण, (१९९०) *जनप्रशासनको सिद्धान्त,* वाराणसी भारतः राजेश प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद, (वि.स.२०५७) *सामाजिक अनुसन्धान पद्धतिको परिचय,* (दोश्रो संस्करण), वाराणसी भारतः राजेश प्रकाशन, ।

शुक्ल, गिरिशचन्द्र र पाण्डेय, विमलेश कुमार, (२००२) *संग्रहालय विज्ञान* दिल्लीः मोतीलाल र बनारसीदास, ।

सहाय, शिवस्वरुप, (२००५) *संग्रहालय की ओर* दिल्लीः मोतीलाल बनारसीदास, ।

सुवेदी, राजकुमार, (वि.स.२०६८) *मध्यकालिन नेपाली मुद्राहरुमा धार्मिक तथा सास्कृतिक प्रभाव,* अप्रकाशित, शोध प्रतिवेदन, त्रि.वि.वि., संस्कृति केन्द्रिय विभागमा ।

सिंह, ए. पि., (१९८७) *कन्जरभेसन एण्ड म्यूजियम्स टेक्निक्स,* दिल्लीः आगम कला प्रकासन

श्रेष्ठ, देवेन्द्रमान, (२०६२) *पाटन संग्रहालय एवं त्यहाँ संग्रहीत कलावस्तुहरु,* अप्रकाशित एम.ए. शोध प्रतिवेदन, त्रि.वि.वि., संस्कृति केन्द्रिय विभागमा ।

*नेपाल राष्ट्रिय जातीय संग्रहालय* स्मारिका (वि.स.२०६५), काठमाडौः भृकुटीमण्डप, ।

English Materials

Dwivedi, P. K. (1976) *Museum in Nepal,* (First Edition), Kathmandu: Commoner Alliance Press.

*http://www.doa.gov.np/content.php?id=305* . (visited date 26 october, 2016 )
*http://www.doa.gov.np/content.php?id=307* . (visited date 26 october, 2016 )
*http://www.nationalmuseum.gov.np/content.php?id=230* . (visited date 26 october, 2016 )

*http://narayanhitipalacemuseum.gov.np/?page_id=97http://www.patanm*.

(visited date 26 october, 2016 )

*museum.gov.np/content.php?id=166 http://www.enma.gr/history_en.htm*.

(visited date 26 october, 2016 )

*Running a Museum: A Practical Handbook* (2004) ICOM - International Council of Museums.

*Rolama*: Journal of Joshi Research Institute, Lalitpur.

Shrestha, Mandakini, (2062 B.S.) *Catalogue of National Numismatic Museum,* Kathmandu, His Majesty Government, Minister of Culture, Tourism and Civil Aviation, Department of Archaeology, National Numismatic Museum.

# परिशिष्ट – क

## अन्तरवार्ताको लागी तयार पारीएका प्रश्नहरु

### प्रदर्शनी सम्बन्धि

(१) कुन कुन किसिमको मुद्रालाई प्रर्दशनीमा राखिएको छ ?

(२) प्रर्दशनी कक्षमा कस्तो किसिमको प्रकाशको व्यवस्था गरिएको छ ?

(३) संग्रहित मुद्राहरु मध्ये कति प्रतिशतलाई प्रर्दशनीमा राखिएको छ ?

(४) प्रर्दशनीमा राखिएका मुद्राहरुको पृष्ठभूमि कस्तो कस्तो प्रयोग गरिएको छ ?

(५) प्रर्दर्शित मुद्राहरुलाई दर्शकबाट कसरी सुरक्षीत राखिएको छ ?

(६)प्रर्दशनी कक्षमा कतिवटा शोकेस रहेका छन ?

(७)प्रर्दशनी कक्षमा सुरक्षा व्यवस्था कसरी मिलाईएको छ ।

### कर्मचारी व्यवस्थापन सम्बन्धि

(१) कर्मचारी संख्या कति छ ?

(२) प्राविधिक कर्मचारी कुन कुन तहको कति छ ?

(३) प्रशासनिक कर्मचारी कुन कुन तहको कति छ ?

(४) कर्मचारीको पदपूर्तिको अवस्था के छ ?

(५) हाल कार्यरत कर्मचारीहरु यस संग्रहालयको लागी प्रर्याप्त हुन वा होइनन् ?

(६) कर्मचारीहरुलाई तालिमको अवसर छ छैन ?

(७) कर्मचारीहरुमा उत्प्रेरणको अवस्था कस्तो छ ?

### संरक्षण एवं सुरक्षा सम्बन्धि

(१) संग्रहालयको सुरक्षा निति के छ ?

(२) वाह्य सुरक्षा व्यवस्था के छ ?

(३) आन्तरिक सुरक्षा व्यवस्था के छ ?

(४) आगोलागीबाट जोगाउन सुरक्षा व्यवस्था के छ ?

(५) चोरीबाट जोगाउन सुरक्षा व्यवस्था के छ ?

(६) दर्शकको प्रवेश जाँचको व्यवस्था के छ ?

(७) मुसा र हानिकारक किराहरुबाट सुरक्षा व्यवस्था के छ ?

(८) वातावरणीय क्षति हुनबाट रोक्न कस्तो सुरक्षाव्यवस्था गरीएको छ ?

(९) मुद्राको संग्रहमा वातावरणको प्रभाव पर्छ पर्दैन?

(१०) मुद्रालाई दीर्धकालिन सम्म बचाउन कस्तो उपाया अवलम्वन गरिएको छ?

(११) संग्रहालयका तापक्रम कति डिग्रीसम्म राख्ने गरिन्छ?

(१२) किराबाट संरक्षण र संरक्षणका उपायाहरु के छन्?

(१३) मुद्राको सरसफाई गर्नु पर्छ पर्दैन?

(१४) मुद्रा राख्ने स्थान वा संग्रहालयको सरसफाई के कसरी गरिन्छ?

(१५) कुन धातुको मुद्रालाई सफाई र संरक्षणको आवश्यकता पर्दछ?

(१६) मुद्राको सफाई र संरक्षण कसरी गरिन्छ?

**प्रकाश व्यवस्था सम्बन्धि**

(१) प्रकाशका श्रोतहरु के के हुन ?

(२) उपयुक्त प्रकाशको श्रोत कुन हो?

(३) संग्रहालय भवन प्रकाशको व्यवस्था कसरी गरिएको छ?

(४) प्रकाशको कारणले प्रर्दर्शित मुद्राको क्षय हुन्छ हुदैन, बचाउने उपायहरु के के छन् ?

**मुद्रा संग्रह सम्बन्धि**

(१) राष्ट्रिय मुद्रा संग्रहालयमामुद्रा संग्रह कसरी गरिएको छ?

(२) नेपाली मुद्रा संग्रह कति छन्?

(३) अन्य देशको मुद्रा संग्रह गरिएको छ छैन?

(४) कुन कुन मितिमा संग्रह गरिएको हो?

**अभिलेखिकरण सम्बन्धि**

(१) अभिलेखिकरणको लागी कस्तो प्रणाली अवलम्वन गरिएको छ?

(२) दर्ता रजिष्टर कस्तो प्रयोग गरिएको छ?

(३) वर्गीकृत रजिष्टरको प्रयोग भएको छ छैन?

(४) सुचीपत्र (Index card) को प्रयोग भएको छ छैन?

(५) क्याटलग कार्डको प्रयोग गरिएको छ छैन?

(६) दर्ता रजिष्टरको प्रयोग भएको छ छैन?

(७) मुद्राको आदन प्रदान हुन्छ हुदैन?

(८) अभिलेखिकरणमा कम्प्युटरको प्रयोग भएको छ छैन?

(९) कसको स्वीकृतिमा प्राप्त मुद्राको पञ्जीकरण गरिन्छ ?

## परिशिष्ट – ख

राष्ट्रिय मुद्रा संग्रहालयको कर्मचारी अवस्था

| क्रम सख्या | कर्मचारीको पद | किसिम | दरवन्दी सख्या | पुर्ती भएको | पुर्ती हुन बाकी |
|---|---|---|---|---|---|
| १ | संग्रहालय अधिकृत( रा.प.तृ.) | प्राविधिक | १ | १ | |
| २ | प्राविधिक सहायक( रा.प.अनं प्र.) | प्राविधिक | १ | १ | |
| ३ | सहायक पथप्रर्दशक( रा.प.अनं प्र.) | प्राविधिक | १ | १ | |
| ४ | नायव सुब्बा | प्रशासन | १ | १ | |
| ५ | खरिदार | प्रशासन | २ | १ | १ |
| ६ | सहलेखापाल | लेखा | १ | १ | |
| ७ | कम्प्यूटर अपरेटर | विविध | १ | १ | |
| ८ | कार्यलय सहयोगी | | ४ | २ | २ |
| | | जम्मा | १२ | ९ | ३ |